राजनीतिक स्थिरता, सुशासन, विकास र राष्ट्रिय स्वाभिमान
नेकपा (एमाले) को बहुमतको सरकारका निम्ति सूर्यमा मतदान

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को

# चुनाव–घोषणापत्र

२०५६

# राजनीतिक स्थिरता, सुशासन, विकास र राष्ट्रिय स्वाभिमान
# नेकपा (एमाले) को बहुमतको सरकारका निम्ति □सूर्य□मा मतदान

आदरणीय दिदीबहिनी तथा दाजुभाइ,

हामी फेरि आमनिर्वाचनको संघारमा छौं । मुलुकमा बहुदलीय व्यवस्था स्थापना भएपछि सम्पन्न हुन लागेको यो तेस्रो आमनिर्वाचन हो । यस बीचमा हाम्रो पार्टी नेकपा (एमाले) राष्ट्रिय स्वतन्त्रता र सामाजिक मुक्तिका निमित्त लगातार संघर्ष गर्दै आइरहेकोछ । न्याय, स्वतन्त्रता, प्रगति र समृद्धिका निमित्त संचालित त्यस संघर्षमा हाम्रो पार्टी सम्पूर्ण नेपाली जनतालाई दृढतापूर्वक अगुवाइ गर्दै आइरहेको छ । राष्ट्रियता, प्रजातन्त्र, सामाजिक न्याय र जनजीविका सम्बन्धी समस्याहरूको समाधानका निमित्त जारीरहेको यस गौरवपूर्ण संघर्षका विभिन्न घडीहरूमा आ□नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरूप्रति नेकपा (एमाले) हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । नेपाली कम्युनिष्ट आन्दोलनको स्थापना र विकासमा विशिष्ट योगदान दिनु हुने आदरणीय नेताद्वय कमरेड पुष्पलाल र कमरेड मदनकुमार भण्डारीप्रति नेकपा (एमाले) श्रृद्धापूर्वक स्मरण गर्दै उच्च सम्मान प्रकट गर्दछ । साथै नेपाली समाजलाई अनेकौं बाङ्गोटिङ्गो बाटो पार गर्दै वर्तमान अवस्थासम्म ल्याउन यस कठिन संघर्षमा सहभागी बन्ने र सहयोग पुऱ्याउने स्वदेश तथा प्रवासमा रहनु भएका सम्पूर्ण नेपालीहरूप्रति नेकपा (एमाले) उच्च सम्मान तथा कृतज्ञता व्यक्त गर्दछ ।

हामीले बीसौं शताब्दीलाई पार गर्न अब एक वर्ष पनि बााकी छैन । यस शताब्दीलाई हामी नेपाली जनताले अत्यन्त कष्टपूर्ण संघर्षको अवधिका रूपमा पार गरिरहेका छौं । यस शताब्दीको पहिलो ५० वर्ष हामीले निरंकुश राणाशाहीका विरुद्धको कठिन र कठोर संघर्षमा बितायौं । त्यसपछिको १० वर्ष दिशाहीन, अन्यौल र अनिश्चयको अवधिका रूपमा बित्यो । त्यसपछिको अर्को सिंगो ३० वर्ष निर्दलीय पञ्चायती तानाशाहीका विरुद्धको कष्टपूर्ण संघर्षमा बित्यो । सन् १९९० को दशकमा आएपछि मात्र हाम्रो प्यारो मातृभूमि नेपाल एउटा नयाा चरणमा प्रवेश गरेको छ । देशमा पहिलो पटक जनताका प्रतिनिधिहरूले बनाएको संविधान लागू भएको छ □ बहुदलीय व्यवस्था स्थापना भएको छ □ सार्वभौमसत्ता जनताको हातमा आएको छ र हामीले आफ्ना महत्वपूर्ण हक-अधिकारहरू प्राप्त गरेका छौं । यी कुराहरू नेपाली जनताको स्वतन्त्रता, मुक्ति र समृद्धिका लागि तथा वर्तमान र भावी संघर्षका निमित्त अति महत्वपूर्ण उपलब्धिको रूपमा रहेका छन् । तिनीहरूलाई सही ढंङ्गले उपयोग गरेर मात्र नेपाल र नेपालीको उज्वल भविष्यको रूपरेखा कोर्न सकिन्छ ।

बहुदलीय व्यवस्था स्थापना भएको नौ वर्ष बित्नलाग्दा पनि मुलुकको सामाजिक र आर्थिक स्थितिमा कुनै ठूलो परिवर्तन आउन सकेको छैन । अहिले पनि देशको कूल जनसंख्याको ४५ प्रतिशत जनता निरपेक्ष गरीवीको रेखामुनि छन्, करीव ६० प्रतिशत जनता निरक्षर छन्, देशको कूल राष्ट्रिय आयको ५० प्रतिशत हिस्सा समाजका माथिल्लो तहमा बस्ने करिव १० प्रतिशतको हातमा केन्द्रित रहेको छ । कृषिक्षेत्रमा ३३ प्रतिशत खेतीयोग्य भूमिमा ६ प्रतिशत भूमिपति परिवारको कब्जा रहेको छ भने ४० प्रतिशत परिवारले केवल ९ प्रतिशत जमीन उपयोग गर्न पाएका छन् । मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा सुधार र परिवर्तन गर्ने कुनै प्रगतिशील नीति, कार्यक्रम वा योजनाहरू लागू भएका छैनन् । राष्ट्रिय अर्थतन्त्र संकटपूर्ण बन्दै गएको छ । उत्पादन र उत्पादकत्व बढिरहेको छैन । विकास र निर्माणका कार्यहरू ठप्प प्राय छन् । व्यापार-घाटा निरन्तर बढ्दै छ । ग्रामीण विकासले गति लिन सकेको छैन । राष्ट्रिय बजेट प्रत्येक ठाउमा चुहिरहेको छ । भ्रष्टाचार संस्थागतरूपमा फैलिरहेको छ । महागीले आकाश छोइरहेको छ । विदेशी ऋणको भारले राष्ट्र उठ्नै गाह्रो पर्ने अवस्थामा पुगेको छ । परनिर्भरता निरन्तर बढिरहेको छ । शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरू अन्यौल, दिशाहीनता र अराजकताले ग्रस्त छन् । आम जनताले स्वच्छ खानेपानी पिउन सम्म पनि पाइरहेका छैनन् । प्रशासन ढिलासुस्ती र निष्कृय अवस्थामा छ ।

यसरी मुलुकका सामाजिक, आर्थिक, सांस्कृतिक, प्रशासनिक, शैक्षिक, व्यापारिक र अन्य क्षेत्रहरूमा संकट गहिरिंदै गइरहेको छ । यी सब कुराले जनतामा असन्तोष, विरोध र आक्रोश विकसित भइरहेको छ । त्यसबाट फाइदा उठाउादै आफ्ना निहित स्वार्थपूर्ति गर्न एकातिर उग्रवामपन्थी आतंककारीहरू अशिक्षित र निहत्था जनतालाई भड्काएर व्यक्ति-हत्या, आतंक र अराजकता फैलाउने कोशिस गरिरहेका छन् भने अर्कोतिर उग्र दक्षिणपन्थी पुनरुत्थानवादीहरू जनतामा देखापरेको त्यही असन्तुष्टिको दुरूपयोग गर्दै बहुदलीय व्यवस्थालाई नै समाप्त पार्नका लागि आध्यारो कुनामा बसेर षड्यन्त्र रचिरहेका छन् ।

आखिर यी सबै कुरा हुनुका पछाडिको कारण के हो ? यो महत्वपूर्ण प्रश्न तपाईं हामी र सिंगो राष्ट्रका सामु खडा भएको छ । २०४६ सालको परिवर्तनपछि मुलुकमा भएको पहिलो आमनिर्वाचनमा हाम्रो पार्टीको बहुमत आउन सकेन । नेपाली कांग्रेसले बहुमत प्राप्त गऱ्यो र निर्वाचित सरकार बनायो । त्यसले शुरुदेखि नै बहुमतको घमण्ड लिएर सर्वसत्तावादी शासन चलाउने नीति लियो । त्यसले एकपछि अर्को जनविरोधी नीति लागू गऱ्यो । राष्ट्रिय हितलाई तिलाञ्जली दिंदै टनकपुर संझौता जस्तो राष्ट्रघाती सन्धि गर्न पुग्यो । जनताका जनजीविका संबन्धी एउटा पनि समस्या समाधान गरेन । आफ्ना हक-अधिकारका निमित्त आवाज उठाउने जनतामाथि प्रशासनिक बल प्रयोग गरेर दमन र हत्यामा उत्रिन थाल्यो । एकपछि अर्को मानवअधिकार उल्लंघन गर्ने र जनहत्या बढाउने कार्य गर्दै गयो । मुलुकको आर्थिक, सामाजिक विकासका निमित्त कुनै सकारात्मक कदम चाल्न सकेन । कुनै नयाा नीति, योजना वा कार्यक्रम अघि सार्न सकेन । प्रतिपक्षी पार्टीहरूसागको सामान्य प्रजातान्त्रिक सम्बन्ध पनि निर्वाह गर्न सकेन । उल्टै हाम्रो पार्टीका कार्यकर्ता र समर्थकहरूमाथि झुठा मुद्दा लगाउने अभियान चलायो । राजनीतिक नेता र कार्यकर्ताहरू असुरक्षित हुने अवस्था भयो । त्यसैबीच जननेता कमरेड मदनकुमार भण्डारी र कमरेड जीवराज आश्रितको रहस्यमय ढङ्गले हत्या गरियो । हत्याराहरूलाई पत्ता लगाउने र समात्ने काममा कांग्रेसी सरकारले बिल्कुलै पहल गरेन । बरु कथित अनिल आयोग बनाएर आलटाल गर्ने नीति लियो । तर कांग्रेसका जनविरोधी, राष्ट्रिय हित विरोधी, मानव अधिकार विरोधी र संविधान विरोधी नीति, काम र व्यवहारले त्यो पार्टीको सरकारका विरुद्ध आम जनता र प्रतिपक्षीहरू मात्र क्रुद्ध भएनन्, खुद कांग्रेस पार्टीभित्रै गुटबन्दी र अन्तर्संघर्षको आगो लाग्यो । अन्ततः कांग्रेसी सरकार साढे तीन वर्षमै ढल्न पुग्यो । कांग्रेसले जनताको जनादेशको कदर गर्न सकेन, पहिलो महानिर्वाचनको निर्देशनलाई सम्मान गर्न सकेन □ जनताले दिएको बहुमतलाई जोगाउन सकेन, त्यसले मुलुकलाई स्थिर र दिगो सरकार दिन सकेन । नेपाली कांग्रेस भनेको एउटा स्वार्थी, भ्रष्ट, दक्षिणपन्थी र प्रतिक्रयावादीहरूको पार्टी हो, त्यसले जनता र राष्ट्रलाई नेतृत्व गर्न सक्तैन भन्ने कुरा प्रमाणित भयो ।

त्यसपछि २०५१ सालमा दोस्रो आमनिर्वाचन सम्पन्न भयो
रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु
रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु
रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु
रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु
रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु
रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु
रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु रु नुहार त्यसले चिनाइ सकेको थियो । त्यसैले नेपाली जनताले कांग्रेसलाई ११४ सीटबाट ८३ सीटमा झारि प्रतिपक्षमा बस्ने जनादेश दिए । जनताले अभिमत प्रकट गरे - नेपाली कांग्रेसले मुलुकलाई नेतृत्व गर्न सक्तैन । त्यही चुनावबाट हाम्रो पार्टी संसदमा सबैभन्दा ठूलो दलका रूपमा स्थापित भयो । त्यसै हैसियतबाट हाम्रो पार्टीले अल्पमतको एकल सरकार बनाई मुलुकमा नौ महिनासम्म कुशलतापूर्वक शासन संचालन गऱ्यो । खुद कांग्रेसले नै बनाएको बजेटलाई पुनर्संरचना गर्ने र प्राथमिकता फेर्ने कामबाट मुलुकको विकास निर्माण प्रक्रियालाई अघि बढाउने जिम्मा हाम्रो पार्टीले लियो । सबैलाई थाहा छ- छोटो अवधिमा नै हामीले अनेकौं जनमुखी विकासका नीतिहरू अघि सार्‍यौं । बजेट त्यही अनुरूप बाांडफाांड गरियो । गाउागाउाबाट विकासप्रक्रिया अघि बढ्न थाल्यो । छिमेकी लगायत विभिन्न मुलुहरूसाग समानताको आधारमा विदेश सम्बन्ध अगाडि बढ्यो र सन्तुलित विदेश सम्बन्धको फलस्वरूप अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठामा वृद्धि हुन थाल्यो, जनतामा

उत्साह र उमंग पैदा भयो । पार्टी र सरकारप्रति उर्लदो जनसमर्थन प्रकट हुन थाल्यो । मुलुक एमालेमय बन्दै जान थाल्यो । हाम्रो पार्टीको सरकारको लोकप्रियता देखेपछि नेपाली कांग्रेस ईर्ष्या र डाहले आक्रान्त बन्न पुग्यो र हाम्रो पार्टीको सरकारलाई गिराउन षड्यन्त्र गर्न थाल्यो । हाम्रो सरकारलाई बजेट नै प्रस्तुत गर्न नदिने जाल बुन्न थाल्यो र पुनरुत्थानवादीहरूको षड्यन्त्र अनुरूप कांग्रेस पनि मुलुकलाई अस्थिरतातर्फ धकेल्न तैयार भयो । त्यस दुखद् स्थितिबाट मुलुकलाई बचाउनका निमित्त हाम्रो पार्टीको सरकारले प्रतिनिधिसभा विघटन गरेर आमनिर्वाचनका लागि सिफारिस गर्‍यो । तदनुरूप मध्यावधि निर्वाचनको घोषणा पनि भयो । आम जनता अत्यन्त खुसी थिए । चुनाव भएको भए त्यतिबेलै देशमा स्थिर सरकार बन्ने थियो र हाम्रो पार्टीलाई अत्यधिक बहुमत प्राप्त हुने निश्चित थियो । त्यही डरले गर्दा निर्वाचनको सिफारिसका विरुद्ध मुद्दा हालियो । सर्वोच्च अदालतको २०५२ साल भदौ १२ गतेको फैसलाद्वारा आमनिर्वाचन अवरुद्ध भयो ।

सर्वोच्च अदालतको भदौ १२ को निर्णयपछि मुलुक एउटा ठूलो चक्रव्यूहमा फस्न पुग्यो । मुलुकलाई अस्थिर र अन्यौलपूर्ण दिशातिर धकेल्न पुनरुत्थानवादीहरू सफल भए । नेपाली कांग्रेसले उनीहरूको इच्छालाई पूरा गरिदियो र जनआन्दोलनको निर्णायक नेतृत्वदायी शक्ति - हाम्रो पार्टीका विरुद्ध अनेक प्रकारका कुप्रचार गर्ने र बदनाम गर्ने काममा लाग्यो । तर त्यसबाट हाम्रो पार्टीको लोकप्रियता घटेन, बरु अझ व्यापक बन्यो । सरकारमा बसे पनि, प्रतिपक्षमा बसे पनि पार्टीको जनआधार झन् व्यापक बन्दै गयो । अझै धेरै जनता पार्टीका वरिपरि गोलबन्द भए । हाम्रो पार्टीले प्रतिपक्षमा बसेर पनि कांग्रेसी अकर्मण्यता र पुनरुत्थानवादीहरूको षड्यन्त्रको पोल खोल्दै गयो । तर कांग्रेस अलिकति पनि सचेत हुनसकेन । उल्टै, अवधि पूरा भैसकेका स्थानीय निकायहरूको कार्यावधि एक वर्ष लम्ब्याएर झन् घोर अप्रजातान्त्रिक काममा लाग्यो । त्यसले गर्दा हाम्रो पार्टीले राप्रपासंग मिलेर एउटा चुनावी संयुक्त सरकार बनाउनु पर्‍यो । त्यो तत्काल गरिएको सम्झौता अनुसार चुनावी सरकार मात्र थियो । हामीले नयाा ऐनको व्यवस्था गरी स्थानीय निकायहरूको निर्वाचन समयमै गरायौं । परिणामले हाम्रो पार्टीको लोकप्रियता के पहाड, के तराई, के पूर्व र के पश्चिम, सबै क्षेत्रमा व्यापक बनेको देखायो । उक्त स्थानीय निर्वाचनमा हाम्रो पार्टीले अत्यधिक स्थानमा विजय हासिल गर्‍यो । यो हाम्रो पार्टीको अभूतपूर्व विजय हो र पार्टीको निरन्तर बढिरहेको लोकप्रियता र जनसमर्थनको द्योतक पनि हो । यस विजयलाई देखेपछि नेपाली कांग्रेस र अन्य दक्षिणपन्थी पार्टीहरू आतंकित बने । यसैक्रममा सरकारमा भएको राप्रपा पनि त्रसित भयो । आम निर्वाचन गराउने हो भने आ□नो अस्तित्व नै समाप्त हुने डरले त्यसका सदस्यहरू अनेक षड्यन्त्र गर्दै अनुचित कार्यमा समेत संलग्न हुनथाले । परिणामस्वरूप संयुक्त सरकार गिर्‍यो । तर ढिलो वा चााडो आमनिर्वाचन त हुने नै थियो । त्यो निर्वाचन हुने बित्तिकै हाम्रो पार्टीको विजयलाई कसैले रोक्न सक्तैनथ्यो । त्यसैले नेपाली कांग्रेससहित विभिन्न प्रतिक्रियावादी शक्तिहरू हाम्रो पार्टीलाई फुटाउन सकृय हुनथाले । हाम्रो पार्टीभित्रैका केही अराजक र अनुशासनहीन तत्वहरू उनीहरूसाग अनुचित सम्बन्ध पनि बढाउन थाले । तर पार्टीले छैटौ राष्ट्रिय महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्‍यो । आफ्ना लक्ष्य, कार्यदिशा र नीतिहरू तय गर्‍यो । पार्टी र आन्दोलनलाई नयाा अवस्थामा ल्यायो र पार्टीभित्र तथा बाहिर प्रकट भएका विसंगति एवं विकृतिका विरुद्ध संघर्ष गर्दै एउटा सबल, सक्षम, सुदृढ र लडाकु पार्टी निर्माण गरेर नेपाली जनताको राष्ट्रिय स्वतन्त्रता तथा सामाजिक मुक्तिको अभियानलाई अझ प्रभावकारीरूपमा अघि बढाउने संकल्प लिएर हाम्रो पार्टी जनसमक्ष आयो । ठीक यही बेलामा प्रतिक्रियावादीहरू र अवसरवादीहरूको साठगााठ र षड्यन्त्रको परिणामस्वरूप हाम्रो पार्टीको संसदीय दलमा विभाजन ल्याइयो र पार्टीलाई चोइट्याउने दुष्प्रयास गरियो । पार्टीभित्रै सिर्जना भएको अराजक र अनुशासनहीन गुटले पार्टी र क्रान्तिको विकासका लागि शहीदहरूले जीवन आहुति गरेको दिन फाल्गुण २१ गते पार्टीको संसदीय दललाई चोइट्याउने दुष्कार्य गर्‍यो ।

हाम्रो पार्टीलाई चोइट्याउने दुष्कार्य नेपाली कम्युनिष्ट आन्दोलनका सामु उपस्थित अर्को महत्वपूर्ण चुनौती थियो । हाम्रो पार्टीको छैटौं राष्ट्रिय महाधिवेशनले अत्यधिक बहुमतले पारित गरेका लक्ष्य, कार्यदिशा, नीति र कार्यनीतिहरूका आधारमा त्यस दक्षिणपन्थी अवसरवादी गुटका विरुद्ध पार्टीभित्र एवं बाहिर दृढ वैचारिक संघर्ष संचालन भयो । त्यस क्रममा ९३ प्रतिशतभन्दा बढी पार्टीसदस्यहरू पार्टी एकताको पक्षमा चट्टान झैं खडा भए । सर्मथक र शुभेच्छुक आम जनता प्रायः सबै नै पार्टी एकताको पक्षमा खडा भए र विखण्डनवादी तथा अराजकतावादी प्रवृत्तिका विरुद्ध सिंगो पार्टी एकताबद्ध भएर संघर्ष गर्न थाल्यो । त्यसले गर्दा हाम्रो पार्टी

वैचारिक, राजनीतिक र संगठनात्मक रूपले अझ बढी एकताबद्ध र सबल भयो तथा पार्टीको लडाकु क्षमता झन् सबल बन्यो । केही समयभित्रमा त्यस विखण्डनकारी गुटका पक्षमा भ्रमबस लागेका कार्यकर्ताहरू समेत पार्टीमा फर्कन थाले । त्यो फर्किने क्रम अहिले पनि जारी छ । त्यसले गर्दा उक्त 'माले' गुट प्रतिक्रियावादीहरू, अवसरवादीहरू, तस्करहरू र कालाबजारियाहरूको सबै प्रकारको सहयोग प्राप्त गरेर पनि आफू कार्यकर्ता पंक्तिबाट बहिष्कृत बनेको छ । आम जनताबाट तिरस्कृत बन्दै गएको छ र एउटा प्रभावहीन जमातको रूपमा रूपान्तरित भइरहेको छ । यतिबेला त्यो गुट हाम्रो पार्टीका विरुद्ध प्रतिक्रियावादीहरूबाट प्रयोग हुनसक्ने एउटा सानो हतियारका रूपमा रहेको छ र यसका प्रत्येक कर्म र व्यवहारले प्रतिक्रियावादीहरूलाई सेवा पुऱ्याउने काम नै गरिरहेको छ । यसरी हाम्रो पार्टीले छोटो समयमा त्यस अराजकतावादी र अवसरवादी गुटलाई पराजित गरेको छ । हाम्रो पार्टी अझ सबल र सुदृढ भएको छ । हाम्रो पार्टी आम जनताको माझ न्यानो र विराट समर्थन तथा सहयोग प्राप्त गर्दै राष्ट्रव्यापी लहर सिर्जना गरेर जनसमक्ष आइरहेको छ ।

विगत मध्यावधि निर्वाचनपछि नेपाली कांग्रेसको अकर्मण्यता र असक्षमताले गर्दा मुलुक अस्थिर र दिशाहीन अवस्थामा धकेलियो । हाम्रो पार्टीको नौ महिने सरकार ढालिएपछि अनेकौं रूपका सरकारहरू बने । छिनछिनमा समीकरणहरू बदलिए र सरकारहरू बदलिए □ सत्तामा जाने र ओर्लने खेलहरूले राष्ट्रको अमूल्य समय खायो । गैर जिम्मेवार अवसरवादीहरूका निम्ति सुनौलो अवसर खुल्ला भयो । नेपाली कांग्रेसले ती सबै अप्रजातान्त्रिक खेलहरूमा नायक भएर नाटक मंचन गर्दै गयो । सरकारमा जाने र टिक्ने दुःस्वप्न पूरा गर्नकै निम्ति नेपाली कांग्रेसले सांसदहरूलाई अपहरण गर्ने काम गऱ्यो, सांसदहरूलाई खरिद-बिकी गर्न थाल्यो र विदेशमा भगाउन थाल्यो । त्यति मात्र होइन, नेपाली कांग्रेसले अविश्वासको प्रस्तावबाट आफूलाई बचाउन बहालवाला मन्त्रीहरूलाई विरामी नै नभई विरामी बनाएर बैंकक पठाउने अनैतिक काम समेत गऱ्यो । त्यही उद्देश्यका निम्ति विभिन्न किसिमका पुनरुत्थानवादीहरूसाग साাঠगााঠ गरी हाम्रो संसदीय दललाई फुटाउने दुष्कार्यमा समेत संलग्न भयो । यसरी सिंगो मुलुकमा राजनीतिक अन्यौल, आर्थिक अधोगति, सामाजिक, सांस्कृतिक क्षेत्रमा दिशाहीनता र नैतिक संकटको घना बादल छायो । विकास-निर्माणको गति प्रायः रोकियो । मुलुकमा अराजकता र दिशाहीनता बढ्यो ।

देशमा उत्पन्न संकटपूर्ण स्थितिको मूल कारक नेपाली कांग्रेस नै हो । किनभने बितेको करिव नौ वर्ष मध्ये १६ महिना बाहेक अधिकांश समय नेपाली कांग्रेस नै सरकारमा रह्यो । त्यसले जनता र राष्ट्रलाई एक पाइला पनि अघि बढाउन सकेन । हाम्रो पार्टीले नौ महिने सरकारको पालामा शुरु गरेका असल कार्यहरूलाई खारेज गर्ने वा निस्तेज गर्ने काम गऱ्यो । अनेकौं जनहितकारी योजना र परियोजनाहरूको कार्यान्वयनलाई रोक्यो । यिनै कारणले गर्दा मुलुकमा एकातिर उग्रवामपन्थी, अराजकतावादी र आतंककारी गुटका रूपमा माओवादीहरू देखापरे भने अर्कोतिर बढ्दो जनअसन्तुष्टीबाट फाइदा उठाउादै उग्र दक्षिणपन्थी पुनरुत्थानवादीहरू बहुदल मास्नका निम्ति अनेकौं षड्यन्त्र गर्न थाले । मुलुकमा आमनिर्वाचन गर्न नदिने संवैधानिक संकट खडा गर्न थाले । त्यस षड्यन्त्रलाई चिरेर मुलुकमा निर्वाचन गराउन अत्यन्त जरुरी थियो । तर नेपाली कांग्रेसले अवसरवादी 'माले' गुटसाग मिलेर संयुक्त सरकार बनायो । खुद पुनरुत्थानवादीहरूकै इच्छा बमोजिम 'माले' गुटको बैसाखी टेकेर हाम्रो पार्टीका विरुद्ध सारा सरकारी साधन र स्रोतहरू समेतको दुरूपयोग गर्दै आइलाग्यो । हाम्रो पार्टीले त्यसको सशक्तरूपमा विरोध गऱ्यो । उग्रवामपन्थी र उग्रदक्षिणपन्थीहरूका षड्यन्त्रहरूको पोल खुल्न थाल्यो । देशलाई सुनिश्चित दिशातर्फ लैजान नेकपा (एमाले) ले यथाशीघ्र आमचुनाव हुनुपर्ने माग गऱ्यो । अन्ततः हाम्रो प्रस्ताव बमोजिम नेपाली कांग्रेस संयुक्त सरकार बनाउन तैयार भयो र वैशाखभित्र आमनिर्वाचन गराउने सहमतिमा आयो । अस्थिर, अन्यौल, दिशाहीन र अराजक कष्टपूर्ण अवधिलाई पार गरेपछि बल्ल मुलुकले एउटा निकास प्राप्त गऱ्यो र आगामी २०५६ साल वैशाख २० गते आमनिर्वाचन हुने घोषणा भयो । तर फेरि चरणबद्ध चुनावको कुरा अघि सारेर कतिपय निर्वाचन क्षेत्रमा जेष्ठ तीन गते निर्वाचन हुने भएको छ । यसमा नेपाली कांग्रेसको सहमति भई सम्बिधानको मर्म र स्थापित परम्पराको उल्लंघन भएको छ ।

दिदीबहिनी तथा दाजुभाइ,

यो आमनिर्वाचन तपाईं हाम्रा निम्ति एउटा महत्वपूर्ण अवसर हो । अव मुलुकलाई कुन दिशातिर अघि बढाउने भन्ने बारेमा निर्णय गर्ने अधिकार जनताको हातमा आएको छ । हाम्रो पार्टीको जिम्मेवारीपूर्ण संघर्ष र प्रभावबाट आमनिर्वाचनमा जान पाउने प्रधानमन्त्रीको विशेषाधिकार कार्यान्वयन हुनसकेको छ । यसले आमनिर्वाचनका सामु बहुदलीय व्यवस्थालाई नै समाप्त पार्ने पुनरुत्थानवादीहरूको सपनामा तुषारापात गरिदिने नयाा अवसर ल्याएको छ । उनीहरूका षड्यन्त्र र प्रपञ्चमा बगेर मुलुकलाई अस्थिर, अन्यौल र दिशाहीन स्थिति तर्फ धकेल्ने नेपाली कांग्रेसलाई दण्डित र पराजित गर्ने अवसर पनि जनताका हातमा आएको छ । एकताबद्ध भएर अघि बढ्नुपर्ने बेलामा विखण्डन र विभाजनतिर लागेर प्रतिक्रियावादी तथा पुनरुत्थानवादीहरूलाई नै सेवा पुऱ्याउने 'माले' गुटलाई सजाय दिने अवसर पनि जनताकै हातमा आएको छ । यस निर्वाचनलाई हामीले राजनीतिक स्थिरता, सुशासन, विकास, सुरक्षा, न्याय, समानता र राष्ट्रियताका निमित्त संघर्ष गर्ने शक्तिलाई सुदृढ बनाउने अवसरको रूपमा लिनुपर्दछ । यस अवसरमा हामीले बहुदलीय व्यवस्था स्थापनापछिका विगत नौ वर्षका अनुभवहरूको मूल्याङ्कन गर्दै भविष्यको सुस्पष्ट बाटो पहिल्याउनु पर्दछ । हामीले संघर्षै संघर्षको शताब्दीको रूपमा बीसौं शताब्दीलाई पार गरिरहेका छौं । न्याय, स्वतन्त्रता, मुक्ति, समृद्धि र पुनर्निर्माणका विराट संभावनाहरू बोकेर एक्काइसौ शताब्दी हाम्रा सामु आइरहेको छ । आगामी निर्वाचनबाट बन्ने प्रतिनिधिसभा र सरकारले तपाईं हामीलाई यस शताब्दीबाट २१ औ शताब्दीमा प्रवेश गराउनेछ । मुलुकमा विद्यमान अन्य कुनै पनि राजनीतिक पार्टी वा शक्तिले त्यो कामलाई सफलतापूर्वक सम्पन्न गर्न सक्तैनन् भन्ने कुराको पुष्टि भईसकेको छ । अरु कसैले पनि मुलुकलाई दिगो र स्थिर सरकार दिन सक्तैनन् भन्ने कुरा पनि स्पष्ट नै छ । त्यो काम हाम्रो गौरवमय पार्टी नेकपा (एमाले) ले मात्र गर्न सक्तछ । हाम्रो पार्टीको बहुमतको सरकारले मात्र वर्तमान संघर्षपूर्ण शताब्दीबाट नेपाली जनता र राष्ट्रलाई निर्माण र समृद्धिको एक्काइसौं शताब्दीमा सफलतापूर्वक प्रवेश गराउन सक्नेछ । त्यसैले आउनु होस्- विगत नौ वर्षको अवधिमा प्राप्त अनुभवहरूको मूल्यांकन गरौं र अझ दृढ कदमकासाथ जनता तथा राष्ट्रलाई उज्वल भविष्यतिर अघि बढाऔं □

## १. विगतलाई फर्केर हेरौं : सबैको मूल्यांकन गरौं

आगामी आमनिर्वाचनमा कुन पार्टीलाई रोज्ने भन्ने निष्कर्षमा पुग्नुभन्दा अगाडि बितेका दिनहरूमा विभिन्न राजनीतिक पार्टीहरूद्वारा गरिएका वाचा र कामहरूलाई तुलना गरेर हेर्न नेकपा (एमाले) सम्पूर्ण जनसमुदायमा आग्रह गर्दछ ।

## १.१ नेकपा (एमाले) को प्रतिबद्धता : देश र जनताप्रतिको इमान्दारिता

नेकपा (एमाले) ले २०४८ र २०५१ सालको आमनिर्वाचनका बेला घोषणापत्र मार्फत जनतासमक्ष गरेका वाचाहरूको इमान्दारीपूर्वक पालना गरेकोछ । सरकारमा गएको बेला आफूले घोषणा गरे अनुसार कार्यक्रम र नीति तय गरी नेकपा (एमाले) ले लागू गरेको छ भने विपक्षमा रहेको समयमा तिनको पक्षमा सदन र सडकमा सक्रिय भूमिका खेलेको छ । २०४८ सालदेखि २०५१ सालको अवधिमा प्रमुख प्रतिपक्षी दलको रूपमा नेकपा (एमाले) ले राष्ट्रिय स्वाभिमान र हित, प्रजातान्त्रिक अधिकार तथा जनजीविकाको पक्षमा खेलेको सक्रिय भूमिका एवं उठाएका आवाजहरूबारे धेरै विवरण दिइरहनु पर्ने छैन । २०५१ सालको मध्यावधि निर्वाचनबाट गठित नेकपा (एमाले) को अल्पमतको सरकारले गरेका देशभक्तिपूर्ण र जनमुखी कार्यहरू सबैका सामु छर्लङ्ग छन् ।

### १.१.१ नेकपा (एमाले) को नौ महिने सरकार : राष्टियताको सुदृढीकरण र विकासको लहर

२०५१ सालको मध्यावधि निर्वाचनबाट सरकारमा पुगेपछि नेकपा (एमाले) द्वारा राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको पक्षमा गरिएका अनेकौं महत्वपूर्ण कार्यहरू मध्ये केही उल्लेखनीय कार्यहरू यस प्रकार छन् :

- सन् १९५० मा भएको नेपाल-भारत मैत्री-सन्धिलाई पुनरावलोकन गर्नुपर्ने कुरा भारत सरकारसमक्ष पहिलो पटक औपचारिक रूपमा प्रस्तुत गरिएको ।
- नेपालको निर्बाध पारवहन अधिकार र भारतसागको सीमानाको यथाशीघ्र स्पष्ट रेखाङ्कन हुनुपर्ने जस्ता कुराहरू भारत सरकारसमक्ष प्रष्ट रूपमा प्रस्तुत गरिएको ।
- नेपाली कांग्रेसका प्रधानमन्त्रीद्वारा गरिएको असमान टनकपुर सम्झौता अस्वीकार गर्दै महाकालीमा नेपालको राष्ट्रिय हितको संरक्षण हुनुपर्ने स्पष्ट धारणा प्रस्तुत गरिएको ।
- असंलग्नता र पंचशीलको सिद्धान्तका आधारमा विश्वका सबै मुलुकहरूसागको मैत्री सम्बन्धमा जोड दिइएको ।
- जनताको संवैधानिक अधिकारको रक्षा गर्ने, मानव अधिकारको पूर्ण सम्मानका लागि मृत्युदण्डलाई खारेज गर्ने संयुक्त राष्ट्रसंघीय संविदामा हस्ताक्षर, मानव अधिकार आयोगको गठन गर्ने, असहायहरूलाई कानूनी सहायता सम्बन्धी कानूनको निर्माण गर्ने कार्य गरिएको ।
- देशमा शान्ती सुरक्षा र अमन चैन कायम गरेको । प्रहरीको गोलीबाट कसैको पनि मृत्यु नभएको ।
- जनताका स्थानीय आवश्यकता पूरा गर्न, सामाजिक विकासको आधार खडा गर्न तथा साधन र स्रोत जनताको बीचमा पुऱ्याई विकासमा उनीहरूको सहभागिता बढाउन 'आ□नो गाउा आफैं बनाऔं' कार्यक्रमको प्रारम्भ गर्नुको साथै २०५ वटै निर्वाचन-क्षेत्रमा सन्तुलित विकासको नयाा आयाम शुरु गर्न 'नौ स' को कार्यक्रम तर्जुमा गरिएको ।
- जमिनको असमान वितरण, त्यससाग सम्बन्धित सामन्ती शोषण र उत्पीडनलाई समाप्त गर्ने तथा मुलुकलाई औद्योगीकरणतर्फ अघि बढाउन उच्चस्तरीय भूमिसुधार आयोगको गठन एवं आयोगको प्रतिवेदन प्राप्त भई कार्यान्वयनको तयारी भएको ।
- कृषिको दीर्घकालीन योजनाको तर्जुमा गरेको ।
- सुकुम्वासी समस्या समाधान आयोगको गठन र ६२ हजार सुकुम्वासीहरूलाई जग्गा धनीपूर्जा वितरण । कमैया प्रथा जस्तो बाधुवा मजदूर प्रथालाई समाप्त गर्न विशेष कार्यक्रम प्रारम्भ गरिएको ।
- राष्ट्रिय विकासको रणनीति स्पष्टरूपमा तय गरी कृषि, जलस्रोत, विद्युत् र ऊर्जा, मानवीय संसाधन र सामाजिक विकास, औद्योगीकरण र पर्यटन तथा भौतिक पूर्वाधारको विकास आदि क्षेत्रको प्राथमिकता निर्धारण गरिएको ।
- मु□ीभर सम्पन्न वर्गलाई पोस्ने र राष्ट्रिय अर्थतन्त्रलाई ध्वस्त गर्ने नेपाली कांग्रेसको सरकारद्वारा शुरु गरिएको निरपेक्ष उदारीकरण र निजीकरणको नीतिमा परिवर्तन गरी देश र जनताको हित अनुकूलका आर्थिक नीति प्रारम्भ गरिएको । राष्ट्रिय उद्योगहरूलाई प्रबर्द्धन र संरक्षण गर्ने नीति अवलम्बन गर्नुको साथै नयाा पर्यटन-नीतिको घोषणा गरिएको ।
- भ्रष्टाचारको अन्त्य गर्न विशेष कार्यक्रमहरूको थालनी गरेको ।
- नागरिकता सम्बन्धी समस्या समाधान गर्न तत्कालीन सांसद धनपति उपाध्यायको अध्यक्षतामा आयोगको गठन र आयोगबाट प्राप्त सुझावहरूको कार्यान्वयन प्रारम्भ गरिएको ।
- पााच वर्षमा निरक्षरता उन्मूलन, १० कक्षासम्म निःशुल्क शिक्षा, पााचै विकास क्षेत्रमा एक/एक प्राविधिक महाविद्यालय, कृषि र बन विश्वविद्यालयको स्थापना गर्ने जस्ता कार्यक्रम तर्जुमा गरिएको । प्रवेशिका परीक्षामा अनुत्तीर्ण विद्यार्थीहरूसमेतका लागि प्राविधिक तालीम तथा रोजगारी उन्मुख शीपमूलक र प्राविधिक शिक्षामा जोड दिइएको ।

- कम आय भएका, विपन्न र असहाय जनतालाई महागीको मारबाट जोगाउन सुपथ मूल्य पसल संचालन, सुलभ आपूर्ति एवं वितरण व्यवस्थाद्वारा मूल्य नियन्त्रण गरिएको । रोजगारी र आय आर्जनका अवसरहरूका लागि विशेष कार्यक्रम संचालन गर्ने व्यवस्था गरिएको ।
- राजस्ववृद्धि, अनुत्पादक खर्चमा नियन्त्रण, विदेशी ऋण र सहायतामाथिको निर्भरतामा कमी, भ्रष्टाचार एवं अनियमितता विरुद्ध कारवाही जस्ता कार्यहरू भएको ।
- सडक यातायातले नजोडिएका जिल्ला-सदरमुकामसम्म सडक-यातायात, देशको मध्य भागमा मेरुदण्ड राजमार्ग, तराईमा पूर्व-पश्चिम रेलमार्ग एवं राजधानी बाहिर अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि पहल गरिएको ।
- कालीगण्डकी ‘ए’ जलविद्युत् आयोजना अघि बढाउने निर्णय गरिएको र खिम्ती, भोटेकोशी, इन्द्रावती, चिलिमे, मोदी, पुवाखोला जलविद्युत आयोजनाहरू शुरु गर्ने प्रबन्ध मिलाएको । साथै अरुण तेस्रो जलविद्युत् आयोजनामा सहयोग नगर्ने विश्वबैंकको निर्णयको विरोध गरेको ।
- महिला कल्याण, उत्पीडित र उपेक्षित जनताको लागि विशेष कार्यक्रम, ७५ वर्ष र सो भन्दा बढी उमेर पुगेका नागरिकहरूलाई सम्मान गर्न वृद्धभत्ता कार्यक्रम, शहीदहरूका छोराछोरीलाई स्नातक तहसम्म निःशुल्क शिक्षा जस्ता जनकल्याणकारी सामाजिक सुरक्षा कार्यक्रमहरू पहिलो पटक प्रारम्भ गरिएको ।
- राष्ट्रिय विभूति तथा सांस्कृतिक र साहित्यिक कर्मीहरूको राष्ट्रिय स्तरमा सम्मान गर्ने परम्पराको संस्थागत थालनी गरिएको ।
- सानो र छरितो मन्त्रीमण्डलद्वारा मितव्ययिताकासाथ कुशलतापूर्वक कार्य संचालन गरेको ।
- देशबाट १० वर्षमा गरीवी हटाउने र ७ वर्षमा खेतीयोग्य सिंचाइको सम्भावना भएको जमीनमा सिंचाइको व्यवस्था गर्ने जस्ता समयबद्ध कार्यक्रमहरूको घोषणा गरेको ।
- प्रभावकारी प्राथमिक स्वास्थ्यसेवा र दुर्गम तथा ग्रामीण क्षेत्रमा घुम्ती स्वास्थ्यसेवा प्रारम्भ हुनाका साथै स्वदेशमै क्यान्सर र हृदयरोगको उपचारको लागि क्यान्सर र हृदयरोग अस्पतालको स्थापना गर्ने कार्य प्रारम्भ गरिएको तथा आयुर्वेदिक र प्राकृतिक चिकित्सा पद्धतिको विकासका लागि नीति र कार्यक्रम निर्धारण गर्ने काम भएको ।
- शिक्षक, सेना, प्रहरी र निजामति कर्मचारीहरूलाई राहतस्वरूप महागी-भत्ताको व्यवस्था तथा सैनिक र प्रहरी जवानहरूको स्तरवृद्धि गरिएको ।
- दलित, उत्पीडित तथा पिछडिएका जातिहरूको उत्थान कार्यक्रम थालनी भएको ।
- महिला तथा बाल-विकासका लागि महिला तथा बाल-विकास परिषद्को स्थापना गरेको ।

नौ महिनाको कार्यकालमा नेकपा (एमाले) को सरकारले जनचाहना अनुरूपको नयाा परिवर्तन र विकासको अनुभूति दिएको थियो । यसैगरी सात महिनाको संयुक्त सरकारमा रहादा त्यसको सीमा र त्यस बेलाको प्रतिकूल परिस्थितिमा पनि नेकपा (एमाले) को पहलमा नवौं पंचवर्षीय योजनाको आधारपत्र तयार भएको थियो । बीस वर्षमा आर्थिक वृद्धिको दर सरदर वार्षिक सात प्रतिशत पुऱ्याउने, निर्यात वृद्धिदर उच्च पार्ने, छिटो प्रतिफल दिने र बहुसंख्यक जनतालाई समेट्ने क्षेत्रमा लगानी बढाई १५ वर्षभित्र बाह्‍य ऋण माथिको निर्भरता समाप्त गर्ने र गरीवीको रेखामुनीका जनताको जीवनस्तर माथि उठाउने तथा “एक परिवार एक रोजगार” को कार्यक्रम लागू गर्ने नीति तय गरिएको थियो । यातायातको बिकासको लागि केवल कार तथा काठमाडौं-हेटौंडा सुरुङ्गमार्ग निर्माण गर्ने तर्फ पहल गरिएको थियो । स्थानीय निकायको निर्वाचन नगराई ती निकायहरूको प्रभावकारीतालाई खतम गर्ने नेपाली कांग्रेसको दुराशयलाई विफल तुल्याई सरकारमा गएको तीन महिनाभित्रै स्थानीय निकायको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । त्यहि सरकारले स्थानीय स्वायत्त शासन सम्बन्धि विधेयक तर्जुमा गरी संसदबाट पारित गर्ने स्थितिमा पुऱ्याएको थियो ।

## १.१.२ विपक्षमा रहँदाको भूमिका : दृष्टिकोण, अडान र कार्यक्रममा निरन्तरता

- नेकपा (एमाले) ले विपक्षमा रहादा पनि आ□ना नीति र कार्यक्रमहरूलाई निरन्तरता दिएको छ । विपक्षी दलको हैसियतले देश र जनताको पक्षमा खेल्नुपर्ने भूमिका सक्रिय रूपमा निर्वाह गरेको छ । संविधान र संवैधानिक निकायहरूलाई निहित स्वार्थमा दुरूपयोग गर्नखोज्ने कार्यका विरुद्ध नेकपा (एमाले) ले दृढतापूर्वक संघर्ष चलाएको छ । आ□नो पद र दायित्व अनुकूल आचरण नगर्ने र संविधान मिच्ने उच्च पदाधिकारीहरूका विरुद्ध संसद र सडकमा विरोध गर्ने जस्ता कार्यहरू यसका उदाहरणहरू हुन् ।

- स्थानीय निकायहरूको स्वायत्ततामाथि आाच पुऱ्याउादै विकेन्द्रीकरणको नीति कार्यान्वयन हुन नदिने र दलीय मान्यता तथा अनुशासनमाथि प्रहार गर्ने नेपाली कांग्रेस एवं माले गुटको कार्यका विरुद्ध नेकपा (एमाले) ले संघर्ष गऱ्यो । प्रजातान्त्रिक पद्धतिको रक्षाका लागि दृढतापूर्वक उभियो । सत्ता र समीकरणका नाममा भएका विकृत, अराजक र अस्वस्थ्य क्रियाकलापका विरुद्ध नेकपा (एमाले) ले जोडदार आवाज उठायो । यस्तो अस्थिर र अस्वस्थ्य स्थितिलाई समाप्त गर्न आमचुनावको घोषणा गराउन भूमिका खेल्यो । जनताको अधिकारलाई कुण्ठित पार्न खोज्ने पुनरुत्थानवादीहरूका विरुद्ध संघर्षरत रहादै नेकपा (एमाले) ले जनतालाई सचेत तुल्याइरह्यो । भ्रष्टाचार, तस्करी, अख्तियारको दुरूपयोग, राजनीतिक अपराधीकरणको विरोध गर्ने कार्यमा नेकपा (एमाले) अग्र पंक्तिमा रह्यो ।

- निरपेक्ष निजीकरण र उदारीकरणको विरोध गर्दै नेकपा (एमाले) ले महागी र कृत्रिम अभावका विरुद्ध आवाज उठायो । सामाजिक सुरक्षा, निष्पक्ष र स्वच्छ प्रशासनको पक्षमा दृढतापूर्वक उभियो । राज्य-आतंक र दमनको विरोध गर्दै नेकपा (एमाले) ले मानव अधिकारको पक्षमा आवाज उठायो ।

- राष्ट्रियताको पक्षमा संघर्ष गर्दै हाम्रो पार्टीले कालापानीबाट भारतीय सेना हटाउन, भारतसाग भएको सन् १९५० को सन्धिलाई परिवर्तन गर्न, भूटानी शरणार्थी समस्या समाधानार्थ उचित पाइला चाल्न र महाकाली सन्धिलाई राष्ट्रिय हित अनुकूल कार्यान्वयन गर्न निरन्तर आवाज उठाउादै आयो ।

- विभिन्न पेशा र व्यवसायमा संलग्न जनता र सर्वसाधारणको हकको सुरक्षा तथा उनीहरूको समस्या समाधान गराउन नेकपा (एमाले) सधैं सक्रिय रह्यो ।

- उक्त कार्य गर्ने सिलसिलामा नेकपा (एमाले) को तर्फबाट प्रतिनिधिसभामा राज्य-आतंक, महागी र कालापानीमा रहेको भारतीय सेनाको विरोधमा स्थगन प्रस्तावहरू पनि ल्याइएका थिए । टनकपुर सन्धिको विरोधमा आठ घण्टासम्म रोष्टम घेरी कांग्रेसी सरकारले संविधान मिचेर गरेको राष्ट्रघाती सन्धिलाई राष्ट्रिय मुद्दा बनाउादै यस सन्धिलाई सच्याउन सरकारलाई बाध्य पारियो ।

## १.२ नेपाली कांग्रेसको कार्यकाल : मुलुकलाई बनायो पछौटे र कंगाल

नेपाली कांग्रेसको अप्रजातान्त्रिक, स्वेच्छाचारी र विसंगतिपूर्ण चरित्रको कारण यसले अनेक पटक राष्ट्रियता, प्रजातन्त्र र जनजीविकामाथि खतरा सिर्जना गरेको छ । २०१५ सालदेखि २०१७ सालसम्म १८ महिना नेपाली कांग्रेसको दुई तिहाई बहुमत प्राप्त सरकार थियो भने २०४७ सालमा बहुदलीय व्यवस्थाको पुनः स्थापना भएदेखि यता सबभन्दा धेरै अवधि नेपाली कांग्रेसले नै सरकार चलाएको छ । तर यो लामो कार्यकालमा

पनि नेपाली कांग्रेसले राष्ट्रियताका सवालमा विगतमा झैं राष्ट्रिय हितभन्दा पराइको हित साधना गर्ने चरित्रमा कुनै परिवर्तन भएको देखाउन सकेन । स्वेच्छाचारी र सर्वसत्तावादी चरित्रमा कुनै उल्लेखनीय फेरबदल देखाउन सकेन । मु□ीभर सम्पन्न वर्गको स्वार्थमा अर्थतन्त्रलाई डोऱ्याएर बहुसंख्यक जनताको जीवनलाई कष्टकर तुल्याउने नेपाली कांग्रेसको आर्थिक दिशामा कुनै नयाा पन आएको देखिएन । त्यस पार्टीले प्रजातन्त्रको रक्षा गर्न समेत नसकेको कारण राजनीतिक अस्थिरता र प्रतिगमनका प्रयासहरू हुादै रहे । राजनीतिक क्षेत्रमा २०१७ सालको फौजी काण्ड, २०५१ सालको मध्यावधि निर्वाचन, २०५२ साल यताको अस्थिरता र अन्यौल, विकृत र मर्यादाहीन व्यवहार आदि यसका केही उदाहरणहरू हुन् ।

नेपाली कांग्रेस संधै अनुत्तरदायी किसिमले सत्तास्वार्थको घिनलाग्दो खेलमा संलग्न हुादै आएको छ । यसले देश, जनता र प्रजातन्त्रका विरुद्ध  अनेकौं पटक घृणि खेलहरु ख्ल्दै आएको छ । यसले गरेका त्यस्ता केही क्रियाकलापहरू  यस प्रकार रहेका छन्  :

- जनताको अभिमत र आ□नै घोषणा विपरीत नेकपा (एमाले) को अल्पमतको सरकारलाई काम गर्न नदिई देशमा अस्थिरता ल्याएको । नेकपा (एमाले) को सरकार गठन भएको ६० दिन वित्न नपाउादै सरकारका विरुद्ध कर्मचारीहरूलाई भड्काएको तथा उद्योगी, व्यापारीहरूलाई कर नतिर्न र विदेशी दातृराष्ट्रहरू एवं संस्थाहरूलाई सहयोग नगर्न उक्साएको ।
- प्रतिनिधिसभा विघटन गर्न पाउने प्रधानमन्त्रीको विशेष अधिकारलाई कुण्ठित तुल्याई संसदीय व्यवस्थाको मूल्य र मान्यतामा आाच पुऱ्याएको र न्यायपालिकालाई राजनीतिमा मुछ्ने दुस्प्रयास गरेको ।
- सत्तास्वार्थ र जसरी भए पनि सरकारमा रहिरहने मानसिकताले ग्रसित भई पााच जना मन्त्रीहरूलाई विदेश भगाई संसद्को अपमान गरेको, सांसद्लाई अपहरण गरी विदेश पुऱ्याएको, प्रलोभन दिएको, यसका लागि राष्ट्रिय सम्पत्तिको दुरूपयोग गरेको र देशले थेग्नै नसक्ने 'जम्बो-मन्त्रीमण्डल' बनाएको तथा राजनीतिक तहबाटै विकृति र अपराधीकरण शुरु गरेको ।
- अपराधीकरण र विकृतिपूर्ण कार्यहरू शुरु गरी राजनीतिक दलहरूलाई विखण्डन एवं षड्यन्त्रको दलदलतर्फ धकेली देशको समग्र राजनीतिलाई नै अस्थिर र अन्यौलग्रस्त तुल्याएको ।
- कुनै पनि संवैधानिक निकायका प्रमुखहरू विरुद्ध महाअभियोगको प्रस्ताव ल्याई छलफल गर्न पाउने सांसदहरूको अधिकारमाथि कुठाराघात गरेको । राष्ट्रिय सरोकारका महत्वपूर्ण विषयमा संसदमा प्रस्ताव ल्याई छलफल गर्न पाउने सांसदहरूको अधिकारलाई कुण्ठित तुल्याएको । संसद र जनप्रतिनिधिहरूको भूमिकालाई कमजोर तुल्याउने दुष्प्रयास गरेको ।
- गाविस, नगरपालिका र जिविस जस्ता स्थानीय निकायहरूलाई स्वायत्तता प्रदान गरी तिनीहरूलाई सक्षम एवं सकृय तुल्याउन भएको सहमतिलाई उल्लंघन गर्दै विकेन्द्रीकरण तथा दलीय अनुशासनको अवहेलना गरेको । स्थानीय निकायको स्वायत्तता सम्बन्धी विधेयक पारित गर्ने सिलसिलामा आ□नै पूर्व धारणालाई कुल्चादै निर्दलीयताको पक्ष लिएको ।
- नेकपा (एमाले) को सरकारले सन् १९५० को नेपाल-भारत मैत्री सन्धिलाई समयानुकूल परिवर्तन गर्न शुरु गरेको पहललाई अगाडि नबढाएको, महाकाली सन्धिलाई राष्ट्रिय हित र संसद्को संकल्प प्रस्ताव अनुरूप लागू गर्नेतर्फ कुनै कार्य नगरेको, उल्टै यस सम्बन्धमा विरोधाभासपूर्ण विचार प्रकट गरेको, पंचेश्वर परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) बनाउन कुनै पहल नगरेको,  दार्चुला जिल्लाको तुलसीन्युराङ्गबाट भारतीय सेनालाई फिर्ता गराउन पहल नगरेको ।
- निरपेक्ष निजीकरण र उदारीकरणको नीति जारी राख्दै बाहृय एकाधिकार पूाजीवादको सेवा गरी राष्ट्रिय अर्थतन्त्रलाई संकटग्रस्त    तुल्याएको । यसै क्रममा राष्ट्रिय महत्वका ठूला उद्योगहरू कौडीको मूल्यमा बेचेको । यसरी नेपाली कांग्रेसको गलत आर्थिक नीति र विकास प्रक्रियाले गर्दा गरीवी र बेरोजगारीले विकराल रूप लिंदै गएको ।
- तस्करी, भ्रष्टाचार र अनैतिक कार्यमा संलग्न व्यक्तिहरूलाई सोझै पार्टीमा प्रवेश गराई वा प्रश्रय दिई राष्ट्रिय राजनीतिमा कुसंस्कार फैलाएको र मुलुकको अर्थतन्त्र तस्कर र माफियाहरूको नियन्त्रणमा रहने स्थितिको सिर्जना गरेको । यसबाट देशमा महागी, अभाव र भ्रष्टाचार झन् बढ्न गएको ।

- धमिजा प्रकरणमा शाही नेपाल वायु सेवा निगमले अन्तर्राष्ट्रिय अदालतमा मुद्दा जित्ने पक्का भएपछि दिनेश धमिजाको स्वार्थपूर्ति गर्न निजसाग शाही नेपाल वायुसेवा निगमको सम्झौता गराई निगमलाई क्षति पुऱ्याएको । यसबाट धमिजा प्रकरणमा नेपाली कांग्रेसका नेताहरूको संलग्नता बारे थप पुष्टि भएको । नेपाली कांग्रेसकै नेतृत्वमा 'माले गुट' सरकारमा भएको बेला पुनः शाही नेपाल वायु सेवा निगममा चेज एयर प्रकरण भएको । यसमा संलग्न मन्त्री र व्यवस्थापकका विरुद्ध समयमै पाइला नचालेको । भ्रष्टाचार नियन्त्रणप्रति उदासीन रहेको ।
- राष्ट्रिय साधन र स्रोतको व्यापक रूपमा दुरूपयोग गरेको, भ्रष्टाचार र कमिशनतन्त्रलाई बढावा दिएको, यसबाट विकास निर्माणको गुणस्तर एकदमै निम्नकोटीको हुन थालेको र आर्थिक अनुशासन भंग गराइएको ।
- विदेशी संस्थाहरूको प्रभाव र हितमा काम गर्ने र अवैध धन्दा गर्नेहरूमा नेपाली कांग्रेसका उच्च स्तरका धेरै व्यक्तिहरूको संलग्नता भएको कुरा सार्वजनिक रूपमा आएको, यसलाई ढाकछोप गर्ने दुस्प्रयास भएको ।
- दैनिक उपभोग्य वस्तुहरू र कृषिका लागि अत्यावश्यक रासायनिक मलको मूल्यवृद्धि गराएको । कमिशनको चक्करमा गुणस्तरहीन मल आपूर्ति गराएको ।
- उचित तयारी नै नगरी मूल्य अभिवृद्धि कर लागू गरेको र उद्योगपति एवं व्यापारीहरूमा अन्यौल ल्याई देशको आर्थिक क्रियाकलाप अवरुद्ध गरी मुलुकलाई आर्थिक मन्दीको दलदलमा फासाएको ।
- प्रशासनयन्त्रलाई व्यापक रूपमा राजनीतिकरण गरी अस्वस्थ स्थिति सिर्जना गरेको, प्रशासनमा पक्षपात, भ्रष्टाचार र विसंगतिलाई प्रश्रय दिएर राष्ट्रसेवकहरूको मनोबल गिराएको र इमान्दारिता, लगनशीलता, क्षमता र सक्रियतालाई हतोत्साहित गरेको ।
- शिक्षा जस्तो क्षेत्रलाई राजनीतिक स्वार्थका लागि व्यापक दुरूपयोग गरी शिक्षक कर्मचारीको नियुक्तिमा व्यापक पक्षपात गरेको ।
- देशमा शान्ति, सुव्यवस्था कायम गर्ने बहानामा कतिपय ठाउामा निर्दोष जनता र नेकपा (एमाले) का सदस्यहरूको हत्या गरेको, निर्दोष मानिसहरूलाई झु□ा मुद्दा लगाएको र जनताको संवैधानिक हकको अवहेलना गरेको ।

नेपाली कांग्रेससाग मुलुकलाई अघि बढाउने कुनै सोच, नीति र कार्यक्रम नभएकोले त्यसले जसरी-तसरी सरकारमा पुग्न वा टिकिरहन एकपछि अर्को अपराधपूर्ण कार्य गर्दै आएको छ । त्यसका पुराना नारा र आश्वासनहरू वर्तमान समयको सन्दर्भमा थोत्रा एवं अर्थहीन सावित भइसकेका छन् ।

२०४८ को आमनिर्वाचनमा नेपाली कांग्रेसले भूमिसुधार, मिश्रित अर्थतन्त्र, गाउामा ७० प्रतिशत बजेट, १० वर्षमा खानेपानीको समस्या समाधान, सबै जिल्ला सदरमुकामसम्म सडक यातायात र १५ वर्षमा सम्पूर्ण जनताका दैनिक आवश्यकताको परिपूर्ति मात्र होइन मनोरंजनको समेत आवश्यकता पूर्ति गर्ने घोषणा गरेको थियो । कांग्रेसको सरकार बनेपछि त्यो सरकारले जनताको बीचमा गरेका बाचाको ठीक उल्टो आर्थिक र विकास सम्बन्धी नीति संचालन गऱ्यो । २०५१ सालको आमनिर्वाचनमा आइपुग्दा नेपाली कांग्रेस २०४८ को प्रतिवद्धताबाट समेत पछि हट्यो । अहिले नेपाली कांग्रेस उसको विकास सम्बन्धी आयातित सोचबाट देशमा उत्पन्न गम्भीर परिस्थितिले गर्दा कुहिरोको काग बनेकोछ ।

आफूभित्रको व्यापक फूट र गुटवन्दीमाथि पर्दा हाल्न नेपाली कांग्रेसले जतिसुकै प्रयत्न गरे पनि त्यो छोपिएको छैन । विगतमा गणेशमान सिंह जस्ता व्यक्तिले नेपाली कांग्रेसमा नअटाएर पार्टी परित्याग गर्नुपरेको थियो । केही समयअघि कोइराला र भट्टराई गुटमा विभाजित कांग्रेस अहिले अनेकौं उपगुटमा बाांडिएको छ । बाहिरबाट सग्लो देखिए पनि भित्रबाट कांग्रेस क्षत-विक्षत भइसकेको छ । तरुणदलको स्थापनाद्वारा भ्रष्टाचार, अराजकता र गुण्डागर्दीलाई संस्थागत गरिएको छ । अराजकता, अनुशासनहीनता र चरम स्वार्थको आहालमा त्यो चुर्लुम्म डुबेको छ । यसबाट जनताको ध्यान अन्यत्र मोड्न सकिन्छ कि भनेर

नेपाली कांग्रेसका नेताहरू आफूविचको कृतिम एकता देखाएर अरु पार्टीको फुटको कुरा उछाल्ने प्रयत्न गरिरहेका छन् ।

## १.३ अन्य राजनीतिक शक्तिहरूको  स्थिति : अनिश्चितता र बेथिति

मुलुकको वर्तमान परिस्थितिलाई विश्लेषण गर्ने क्रममा वर्तमान अवस्थामा हाम्रो देशमा के कस्ता राजनीतिक पार्टी र शक्तिहरू क्रियाशील छन् र उनीहरूको स्थिति र उद्देश्य के छ भन्ने बारेमा पनि सामान्य विश्लेषण गर्नु जरुरी छ ।

(क) पुनरुत्थानवादी शक्ति :
पूर्व पञ्चहरू, सामन्तहरू र नोकरशाहहरूको एउटा हिस्सा बहुदलीय व्यवस्था स्थापनाको बेलादेखि नै यस व्यवस्थाका विरुद्ध विभिन्न खाले षड्यन्त्रमा लागिरहेका थिए । तिनीहरू विगत नौ वर्षमा नेपाली कांग्रेसको सरकारले सिर्जना गरेको दिशाहीनता, अन्यौल र भद्रगोलबाट फाइदा उठाएर यतिबेला भित्रभित्रै जनतालाई यस व्यवस्थाकै विरुद्ध भड्काउने काम गरिरहेका छन् । उनीहरू बहुदलीय व्यवस्थालाई असफल पार्ने दुस्प्रयास गरिरहेका छन् । उनीहरू मुलुकमा अशान्ति मच्चाउने, समाजमा अराजकता फैलाउने र सकभर आमनिर्वाचन नै हुन नदिने कोशिसमा छन् । यदि चुनाव भयो नै भने पनि सकेसम्म कुनै पनि पार्टीलाई बहुमत ल्याउन नदिने र मुलुकमा अस्थिरता, अन्यौल र अराजकतालाई जारी राखेर आफ्ना प्रजातन्त्र विरोधी षड्यन्त्रका निम्ति अनुकूल स्थिति सिर्जना गर्ने कोशिस गरिरहेका छन् । त्यसका निम्ति यिनीहरू माओवादी आतंककारीदेखि लिएर सबै प्रकारका बहुदल विरोधी शक्तिहरूलाई परिचालित गर्न पनि कोशिस गरिरहेका छन् । आगामी आमनिर्वाचन सफलतापूर्वक सम्पन्न हुनु मात्र यिनीहरुको षडयन्त्रलाई बिफल पार्ने दीशामा एउटा महत्वपूर्ण कदम हुनेछ ।

(ख) राष्ट्रिय प्रजातन्त्र पार्टी :
यो पार्टी केही समयअघि आफ्नै आन्तरिक विरोधले गर्दा थापा समूह र चन्द समूह गरी दुई समूहमा विभाजित भएको छ । तिनीहरूमध्ये थापा समूह पुनरुत्थानवादीहरूको निर्वाचन नै हुन नदिने षड्यन्त्रका विपरीत समयमै आगामी निर्वाचन हुनुपर्छ भन्ने पक्षमा देखियो । यी दुबै पूर्व पंचका पार्टीहरू नै हुन् । उनीहरूको अवस्था खस्कादो छ । उनीहरूका निम्ति जनआकर्षण प्राप्त गर्ने र चुनावमा विजय हासील गर्ने कुनै गुञ्जायस छैन । त्यसैले उनीहरू आगामी निर्वाचनमा सकेसम्म कुनै पनि पार्टीलाई बहुमतमा आउन नदिने, आ□नो सीटसंख्या बढाउने, आ□ना निम्ति चलखेल सजिलो पार्ने र विगतमा संसदमा खेलिएका खेलहरूलाई जारी राख्ने मनस्थितिमा छन् । हामीले उनीहरूका यी चालहरूसाग होशियार हुनुपर्छ र नेपाली कांग्रेसबाट हुनसक्ने धाधली र षड्यन्त्रका विरुद्ध एकताबद्ध हुने संभावनालाई पनि ध्यानमा राख्नुपर्छ ।

(ग) नेपाल सद्भावना पार्टी :
त्यो पनि समयमै निर्वाचन होस् भन्ने पक्षमा छ र वर्तमान संयुक्त सरकारमा पनि सामेल छ । तर त्यो तराईवासी जनताहरूलाई भड्काउने, साम्प्रदायिक र क्षेत्रीयतावादी भावना फैलाउने, आ□नो सीटसंख्या संसदमा विस्तार गर्ने तर संसदमा सकभर कसैलाई बहुमतमा आउन नदिने पक्षमा नै छ । किनभने त्यो पनि विगतको त्रिशंकु संसदबाट उत्पन्न हुने लाभमा पल्किएको छ । उसका यी गलत चिन्तन, काम र उद्देश्यसाग हामीले होशियार हुनुपर्छ । तिनीहरूका गलत नीतिहरूको खण्डन गर्नुपर्छ । साथै नेपाली कांग्रेसबाट हुनसक्ने धाधली र षड्यन्त्रका विरुद्ध एकताबद्ध बन्ने संभावनालाई पनि विचार गर्नुपर्छ ।

घ) नेमकिपा (रोहित गुट) :
त्यस गुटले आफूलाई वामपन्थी भने पनि त्यो एउटा निम्न पूजीवादी जमात हो । त्यसले विगतको त्रिशंकु संसदबाट सधैंभरि प्रतिक्रियावादीहरूलाई सघाउने काम गऱ्यो, हाम्रो पार्टीको विरुद्ध प्रतिक्रियावादीहरूले रचेका षड्यन्त्रहरूमा सहयोगी बन्ने काम गऱ्यो । त्यसको जनाधार साघुरिंदै गएको छ । त्यो पनि संसद्मा

कसैको पनि बहुमत नआओस् भन्ने चाहन्छ र मुलुकलाई अस्थिरता तथा अन्यौलतिरै धकेल्न चाहन्छ। त्यसका यस्ता गलत उद्देश्य, काम र व्यवहारको दृढतापूर्वक खण्डन गर्नुपर्छ।

ङ) नेकपा (माओवादी) :
यो एउटा अराजकतावादी र आतङ्ककारी गुट हो। यो "जनयुद्ध" र "क्रान्ति" का नाउमा नेपाली कम्युनिष्ट आन्दोलनको मूल प्रवाहको रूपमा रहेको हाम्रो पार्टीका कार्यकर्ता र उम्मेदवारहरू समेतको हत्या गर्ने जस्ता अपराधपूर्ण कामहरु गरिरहेको छ। यो आतङ्ककारी गुट सर्वसाधारण जनतालाई लुट्ने, आक्रमण गर्ने, हत्या गर्ने, आतंक मच्चाउने र कम्युनिष्ट आन्दोलनलाई बदनाम गर्ने काम गरिरहेको छ। वास्तवमा त्यसले जतिसुकै क्रान्तीको सिद्यान्तका कुरा गरे पनि त्यो देशी विदेशी प्रतिक्रियावादीहरूको एउटा हतियारका रूपमा क्रियाशील छ। त्यसका हरेक विचार र व्यवहारले प्रतिक्रियावादीहरूलाई सेवा पुऱ्याइरहेको छ। यतिवेला यो आमनिर्वाचन हुन नदिनका निम्ति "सक्रिय बहिस्कार" का नाममा पुनरुत्थानवादी प्रतिक्रियावादीहरूसाग हातेमालो गरेर हिंडिरहेकोछ। हिंसा, हत्या, आतंक, लुटपाट जस्ता प्रयत्नद्वारा आमनिर्वाचन हुन नदिनका निम्ति त्यो गुट लागिपरेको छ। त्यस गुटका आतंकवादी, प्रजातन्त्र विरोधी, मानवअधिकार विरोधी र जनविरोधी क्रियाकलापहरूको डटेर विरोध र भण्डाफोर गर्नुपर्छ । साथै आतंककारी प्रवृत्तिलाई परास्त गर्न आम जनतालाई परिचालित गर्दै अघि बढ्नुपर्छ।

च) नेकपा (एकता केन्द्र) :
यो एउटा वामपन्थी समूह हो। त्यो पनि विभिन्न खाले उग्रवामपन्थी चिन्तनबाट ग्रस्त छ तर यतिवेला त्यो आमनिर्वाचनमा सहभागी बनिरहेको छ। यो समूह चुनाव समयमै सम्पन्न गर्ने पक्षमा छ। नेपाली कांग्रेस र पुनरुत्थानवादीहरूका षड्यन्त्रहरूप्रति एक हदसम्म सचेत छ। निर्वाचनका क्रममा त्यस समूहसाग खास-खास क्षेत्रमा तालमेल पनि संभव छ। यी सबै कुरालाई हेर्दै त्यस समूहसाग हामीले एकता र संघर्षको प्रक्रियालाई होशियारीसाथ अघि बढाउनु पर्छ।

छ) नेकपा (मसाल) :
यो अर्को वामपन्थी समूह हो। यो पनि एक वा अर्को उग्र वामपन्थी संकीर्ण चिन्तनबाट ग्रसित छ। तर त्यो पनि यति बेला आमनिर्वाचनमा सहभागी बनिरहेको छ। पुनरुत्थानवादीहरू र कांग्रेसीहरूका षड्यन्त्रप्रति यो समूह एक हदसम्म सचेत छ। निर्वाचनका क्रममा त्यस समूहसाग पनि खास-खास क्षेत्रमा तालमेलका संभावना छन्। हामीले त्यस समूहसाग पनि एकता र संघर्षको प्रक्रियालाई होशियारीपूर्वक अघि बढाउन जरुरी छ।

ज) माले गुट :
त्यो एउटा अराजकतावादी र अवसरवादी गुट हो। त्यो आ□ना व्यक्तिगत महत्वाकांक्षा, पदलोलुपता, अनुशासनहीनता र निम्न पूजीवादी घमण्डका कारणले हाम्रो पार्टीको संसदीयदलबाट एक वर्ष अघि चोइटिएर बनेको गुट हो। त्यो विभिन्न खाले तस्कर, कालाबजारीयाहरू र सामन्ती भारदारहरूको इशारामा चलिरहेको छ। अहिले त्यो पनि चुनावमा सहभागी बन्दै छ। त्यसले अन्य वामसमूहरूलाई हाम्रो पार्टीका विरुद्ध उक्साउने असफल कोसिस पनि गरिरहेको छ। त्यसले माओवादीहरूसाग गुप्त साठगाठ पनि राखिरहेको छ। त्यो समूह पुनरुत्थानवादी शक्तिहरूसाग भित्र-भित्रै साठगाठ पनि गरिरहेको छ र विभिन्न खाले राजनीतिक शक्तिहरूसाग तालमेलका निम्ति कोशिस पनि गरिरहेको छ। त्यो देशभरि जहासम्म संभव हुन्छ हाम्रो पार्टीका उम्मेदवारहरूलाई हराउने एक सुत्रीय कार्यक्रम बोकेर हिडेकोछ। त्यो पनि कसैले बहुमत नल्याओस् भन्ने पक्षमा छ र पुनरुत्थानवादीहरूको षड्यन्त्रलाई सहयोग पुऱ्याइरहेको छ। तर यो गुट आम जनता र कार्यकर्ताबाट देशभरमै तिरष्कृत र बहिष्कृत बनेको छ। आगामी चुनावमा त्यसको शर्मनाक पराजय निश्चित छ।

यसै क्रममा राष्ट्रिय राजनीतिमा अन्य विभिन्न राजनीतिक दलहरू पनि देखापरिरहेका छन्। यी मध्ये कतिपय दलहरू केवल चुनावका बेला मात्र सल्बलाउने गर्दछन्। कोही व्यक्तिविशेषको स्वार्थ अनुरूप देखापर्दछन्। कोही डाहा, ईर्ष्या र द्वेषको साधना गर्न खुलेका छन्। कोही पुनरुत्थानवादी क्रियाकलाप

संचालन गर्न अगाडि आएका छन् भने कोही राजनीतिक सोखका लागि पनि खुलेका छन् । यस्ता विभिन्न राजनीतिक दलहरू दक्षिणपन्थी र वामपन्थी दुवै खेमामा देखिएका छन् । चुनाव अभियानका क्रममा यस्ता सानातिना समूहहरूको खास भूमिका रहने छैन । हाम्रो पार्टीबाहेक अन्य राजनीतिक दल र व्यक्तिहरू कसैको पनि वर्तमान अवस्थामा मुलुकलाई अगाडि बढाउन सक्ने सोच र क्षमता छैन । त्यसमध्ये पुनरुत्थानवादीहरू र आतङ्कवादीहरू बहुदलीय व्यवस्थाकै विरुद्ध छन् र जनताको प्रजातान्त्रिक भावना विरुद्ध छन् । उनीहरूका जनविरोधी र प्रजातन्त्र विरोधी षड्यन्त्रहरूलाई परास्त नगरी मुलुकलाई सकारात्मक दिशामा अघि बढाउन संभव छैन ।

## २. मुलुकको वर्तमान अभिमत : एमालेको बहुमतको सरकार

यसरी मुलुकमा विद्यमान अन्य राजनीतिक शक्तिहरूबाट देश र जनतालाई नयाा दिशा दिन विल्कुल नै संभव छैन । नेपाली कांग्रेसबाट पनि राष्ट्रले क्षमतापूर्ण नेतृत्व प्राप्त गर्ने स्थिति छैन । त्यो आफै अप्रजातान्त्रिक शैली र आचरण देखाउँदै आएको छ । त्यो हाम्रो पार्टीको निरन्तर प्रयत्नले गर्दा मात्र संयुक्त सरकारमा बसेको छ र २०५६ वैशाख महिनाभित्रमा निर्वाचन गराउन सहमत पनि भएको छ । तर त्यो अझै पुनरुत्थानवादीहरूको प्रभावबाट मुक्त छैन । त्यो अझै पनि साम, दाम, दण्ड, भेद सबै कुराको प्रयोग गर्दै बहुमत प्राप्त गर्न टुप्पी कसेर लागेको छ । त्यसले संयुक्त सरकारमा बसेर पनि स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गराउनका निम्ति पालना गर्नुपर्ने आचरण देखाउन सकेको छैन । नेपाली कांग्रेस क्रमिकरूपमा पतन हुन थालेको पार्टी हो । विगतका चुनावहरूबाट नै त्यो कुरा प्रष्ट भइसकेको छ । त्यसलाई जनताप्रति र जनमतप्रति विश्वास छैन । त्यसलाई प्रजातान्त्रिक परिपाटीप्रति पनि विश्वास छैन । त्यसैकारण त्यो अन्य साधनहरूको साहारा लिन बाध्य भइरहेको छ । त्यसले आफू सत्तामा बसेर आचार-संहिताको उल्लंघन गरिरहेको छ । संचार-माध्यमको व्यापक रूपले दुरूपयोग गरिरहेको छ । त्यो विगत ०१५ सालको आमनिर्वाचन र ०४९ सालको स्थानीय निर्वाचनका नकारात्मक प्रवृत्तिलाई फेरि दोहोऱ्याउने निष्कर्षमा पुगेको छ । त्यसैले आ□नो निहित स्वार्थपूर्तिका निम्ति “सुरक्षाको हाउगुजी” देखाएर पुनरुत्थानवादीहरूसाग सााठगााठ गर्दै आगामी निर्वाचनमा धााधली र षड्यन्त्र हुने संभावनालाई बढाएको छ । हाम्रो पार्टी देशव्यापी रूपमा नै नेपाली कांग्रेसका जनविरोधी, प्रजातन्त्र विरोधी, राष्ट्रियता विरोधी र जनजीविका विरोधी नीति, कार्य र व्यवहारको भण्डाफोर गरिरहेको छ । जनतालाई सचेत बनाइरहेको छ । त्यसक्रममा नेपाली कांग्रेसको जनाधार निरन्तर साघुरिदै गएको छ । हिजो भ्रमबस मत हाल्ने लाखौ जनताले कांग्रेसलाई छोडिरहेका छन् र हाम्रो पार्टीतर्फ आइरहेका छन् । त्यति मात्र होइन खुद कांग्रेसभित्रै अन्तर्विरोध र गुटबन्दी जारी छ । अझ हालै गरेको उम्मेदवारी चयन पछि नेपाली कांग्रेसभित्र देशव्यापी रूपमा खुल्ला विद्रोह नै देखापरेको छ । त्यसैले नेपाली कांग्रेस भनेको एउटा दक्षिणपन्थी र प्रतिक्रियावादी पार्टी मात्र होइन, त्यो एउटा अराजक र अनुशासनहीन मानिसहरूको मोर्चा मात्र हो भन्ने कुरालाई पनि प्रमाणित गरेको छ । त्यो पार्टीले विगत ०४८ सालदेखि जुन प्रतिबद्धता जाहेर गर्दै आएको छ, तिनीहरू केही पनि पूरा गरेको छैन । उससंग जनता र राष्ट्रलाई वर्तमान संकटपूर्ण अवस्थावाट अग्रगतितर्फ अघि बढाउने कुनै नयाा परिकल्पना, दृष्टिकोण, नीति र योजना पनि छैन । यसले नेपाली जनता सित बहुमतको माग गर्ने अधिकार समेत गुमाइ सकेको छ ।

नेपाली कांग्रेसको सरकारको कार्यकालमा उत्पन्न राजनीतिक अस्थिरता, त्यसले विकास र सामाजिक जीवनमा पारेको नकारात्मक प्रभावबाट फाइदा उठाएर मुलुकलाई स्थायी संकटतर्फ घचेट्नेहरू पनि सक्रिय भइरहेका छन् । यस्तो अवस्थामा आमनिर्वाचनमा कस्तो विकल्प रोज्नु उचित हुन्छ त भन्ने प्रश्नमा आदरणीय मतदाता जनताले गहिरिएर विचार गर्नैपर्छ । वर्तमानका चुनौतीपूर्ण समस्याहरूलाई समाधान गरी राष्ट्रलाई के नेपाली कांग्रेसले अगाडि बढाउन सक्छ ? के राप्रपाले सक्छ ? के माले जस्तो अवसरवादी गुटले सक्छ ? के अन्य सानातिना पार्टीहरूले सक्छन् ? विगतका अनुभव र व्यवहारले भन्छन् - तिनीहरू कसैले पनि देश र जनतालाई आजका समस्याहरूबाट मुक्त गर्न सक्दैनन् । अल्पमतको सरकार वा कमजोर संयुक्त सरकारले पनि यी समस्या र चुनौतीहरूको समाधान गर्न सक्दैन । त्यसो भए के गर्ने त ?

अब मुलुकको नेतृत्व गर्नसक्ने एक मात्र पार्टीका रूपमा हाम्रो पार्टी नेकपा (एमाले) उपस्थित भएको छ । यो पार्टीको बहुमतको सरकार बनाएर मात्र मुलुकको राष्ट्रियतालाई संरक्षण गर्न सकिनेछ, प्राप्त प्रजातन्त्रलाई सुदृढ गर्न सकिनेछ, जनमुखी विकास र निर्माणको लहर सृजना गर्न सकिनेछ, जनताका जनजीविका संबन्धी समस्याहरू समाधान गर्न सकिनेछ, सामाजिक न्याय स्थापना गर्न सकिनेछ । यसरी राष्ट्रलाई आमूल परिवर्तनको दिशामा अघि बढाउादै जनताको बहुदलीय जनवादको स्थापना गर्ने अनुकूल वातावरण सिर्जना गर्न सकिनेछ । जनता र राष्ट्रलाई त्यसरी अघि बढाउने हाम्रो पार्टीसाग स्पष्ट परिकल्पना छ, ठोस नीति कार्यक्रम र योजना छन् । तिनीहरूलाई लागू गर्ने हाम्रो पार्टीसाग क्षमता, आाट र जाागर छ । हाम्रो पार्टीसाग बहुमत प्राप्त गर्नसक्ने राष्ट्रव्यापी संगठनात्मक आधार छ, लाखौं कार्यकर्ताको अजेय शक्ति छ । गाउा, नगर र जिल्ला विकास समितिमा देशव्यापी रूपमा विजयी बनेका जनप्रतिनिधिहरूको सहयोग छ । देशव्यापी रूपमा उर्लदो जनलहरको समर्थन छ र हाम्रो पार्टीको विजय सम्पूर्ण नेपाली जनताको चाहना र आवश्यकता बनेको छ । राष्ट्रको यो चाहना र भावनालाई मनन गरेर नै आदरणीय नेपाली जनतासाग नेकपा (एमाले) आफनो पार्टीको बहुमतको सरकारको माग गर्दछ ।

## ३. जनताको बहुदलीय जनवाद : मार्क्सवादको सिर्जनात्मक प्रयोगको आधार

जनताको बहुदलीय जनवादको सिद्धान्तलाई अघि बढाउादै अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाबाट देशलाई मुक्त गरेर न्यायपूर्ण र समतामूलक समाजको निर्माण गर्न नेकपा (एमाले) कटिबद्ध छ । जनताको बहुदलीय जनवादको कार्यक्रमको तत्कालिक लक्ष्य हासील गर्न बहुमतको सरकार हासिल गरी अधिकतम प्रगतिशील सुधारका कार्यहरू अघि बढाइनेछ । यस क्रममा समाजमा व्याप्त शोषण, भेदभाव र थिचोमिचोलाई खतम गर्दै उत्पादक शक्तिको विकास गरी राष्ट्रिय अर्थतन्त्रको विकास गर्न नेकपा (एमाले) दृढ छ । राष्ट्रिय साधन र स्रोतहरूको पूर्णरूपमा उपयोग एवं परिचालन गर्दै नेपाललाई एउटा समृद्ध, स्वाभिमानी र स्वतन्त्र देशको रूपमा अग्रसर गराउने कार्यक्रम नेकपा (एमाले) ले तय गरेको छ ।

मुलुक र जनताले सामना गरिरहेको गरीवी, अशिक्षा, महागी, अभाव र बेरोजगारी जस्ता समस्याहरूको समाधान गर्न उचित पाइला चाल्न नेकपा (एमाले) तत्पर छ । यसका लागि विश्व अर्थतन्त्र तथा विज्ञान र प्रविधिमा भएको परिवर्तन एवं विकासलाई देशको हित र आवश्यकता अनुकूल उपयोग गर्ने नेकपा (एमाले) को नीति रहेको छ ।

देशलाई विकासको बाटोमा अघि बढाइरहादा सही राजनीतिक चिन्तन र कार्यशैलीको रक्षामा पनि नेकपा ( एमाले) क्रियाशील रहनेछ । वामपन्थी आन्दोलनलाई भ्रमित र कमजोर तुल्याउने दक्षिणपन्थी अवसरवाद एवं उग्रवामपन्थी अराजकतावादका विरुद्ध संघर्ष जारी रहनेछ । विसर्जनवादी बाटोमा लागेका समूहहरू र आतंकवादी क्रियाकलापद्वारा क्रान्ति हुन्छ भन्ने गलत सोचबाट निर्देशित गतिविधिहरूले वामपन्थी आन्दोलनलाई क्षति पुऱ्याउने मात्र होइन देश र जनतालाई संकटतर्फ घचेट्न सक्छन् । यस्ता समूहका अराजकतावादी र अवस्तुवादी नीति एवं कामहरूका विरुद्ध हामी सबैले सचेत हुनैपर्छ । यिनीहरूका गलत नाराहरूबाट प्रभावित नभई आमनिर्वाचनमा जनताको बहुदलीय जनवादी कार्यक्रमको पक्षमा सक्रिय रहन नेकपा (एमाले) जनसमुदायलाई अनुरोध गर्दछ ।

## ४. नेकपा (एमाले) लाई नै बहुमत किन ? देशलाई जनमुखी सरकार र समुन्नति दिन

देशले आठ वर्ष यता बहुमतको, अल्पमतको तथा संयुक्त सरकारको अनुभव गरिसकेको छ । अल्पमतको सरकार अस्थिर हुने गरेको र संयुक्त सरकार राजनीतिक दृष्टिकोण, विकासप्रतिको सोच र जनताप्रतिको उत्तरदायित्वको नितान्त भिन्न-भिन्न धारणाका कारण सहजरूपमा चल्न नसक्ने अनुभव पनि प्राप्त भइसकेको छ । बहुमतकै सरकार पनि नेपाली कांग्रेसले भने चलाउन नसकेको र देशलाई मध्यावधि चुनावमा धकेलेको अनुभव पनि हामीसाग छ । तसर्थ कांग्रेसलाई बहुमतको सरकार माग्ने अधिकार छैन ।

अन्य राजनीतिक पार्टीहरू बहुमतको सरकार स्थापना गर्न सक्ने स्थितिमा नरहेका र यी पार्टीहरूमा मत विभाजन भएमा देश फेरि त्रिशंकु संसदको कारण अस्थिरता, अन्योल  र अराजकताको शिकार बन्नुपर्ने खतरा राष्ट्रसामु छ  । बहुमतको सरकार दिन सक्ने  वैकल्पिक राजनीतिक पार्टी नेकपा (एमाले) मात्र हो भन्ने कुरा देशको यथार्थ हो ।  राष्ट्र, राष्ट्रियता, र विकासप्रति स्पष्ट दृष्टिकोण र प्रतिबद्धता भएको यस पार्टीले मात्र देशको समग्र सामाजिक, आर्थिक, सांस्कृतिक विकास गर्न सक्तछ । विद्यमान राष्ट्रिय चुनौतीहरूको सामना गर्दै देशलाई प्रगति र आमूल परिवर्तनको दिशामा अघि बढाउन नेकपा (एमाले) आमनिर्वाचनबाट बहुमत प्राप्त सरकार गठन गरी निम्न प्रकारका नीति, कार्यक्रम र कार्ययोजना कार्यान्वयन गर्दै जाने संकल्प गर्दछ ।

## ४.१ बहुदलीय प्रणालीको सुदृढीकरण : प्रजातान्त्रिक परिपाटीको सम्बर्द्धन

- संविधानप्रदत्त मौलिक र प्रजातान्त्रिक अधिकारको निर्बाध उपभोग गर्नपाउने कुरा सुनिश्चित गरिनेछ । कल्याणकारी राज्यको स्थापना गरिनेछ ।  नेपाली समाजलाई पूर्ण प्रजातान्त्रीकरण गरिनेछ ।
- बहुदलीय व्यवस्थाको सुदृढीकरण गरिनेछ । संसद् र जनप्रतिनिधिमूलक संस्थाहरूलाई अझ बलियो बनाइनेछ ।
- देशको विकास र निर्माणका लागि सबै राजनीतिक दलहरूसाग आमरूपमा राष्ट्रिय सहमति कायम गरिनेछ ।
- २००७ साल, २०३६ साल र २०४६ साल लगायतका जनआन्दोलमा शहादत प्राप्त गर्नुहुने शहीदहरूको अभिलेख तैयार गरी उहाहरुका परिवारहरूको सम्मान गरिनेछ ।
- प्रत्येक नेपालीले व्यक्तित्व विकासको लाीग समान अवसर प्राप्त गर्ने स्थितिको सिर्जना गरिनेछ र हरेक व्यक्तिको हक एवं स्वतन्त्रताको पूर्ण सम्मान गरीनेछ ।  कसैको आस्था र विचारप्रति  पूर्वाग्रहपूर्ण व्यवहार गरिने छैन । राजनीतिक पार्टी र संघ-संस्थाहरू खोल्ने, सभा र जुलुस प्रदर्शन गर्नपाउने संवैधानिक अधिकारको पूर्ण रूपमा रक्षा गरिनेछ ।
- प्रतिपक्षको सम्मान गर्दै उनीहरूको भावनाको उचित कदर गरिनेछ ।
- स्वच्छ र सक्षम राज्य प्रशासन तथा प्रजातान्त्रिक पद्धतिका लागि मुलुकको प्रशासन तथा सरकारी एवं सार्वजनिक निकाय एवं संचारका साधनहरूलाई निष्पक्ष र प्रभावकरी बनाइनेछ ।
- निर्वाचन आयोगलाई बलियो र स्वतन्त्र बनाउादै निष्पक्ष निर्वाचनका लागि आवश्यक कानूनी तथा व्याावहारिक सुधार गरी निर्वाचन प्रणालीमा रहेका विसंगतिहरू हटाइनेछ ।
- संवैधानिक अंगको सम्मान गरिनेछ ।
- गाउा, नगर र जिल्ला विकास समितिहरूलाई अधिकार-सम्पन्न र प्रभावकारी बनाउादै प्रजातान्त्रिक पद्धतिलाई सुदृढ तुल्याउन स्थानीय स्वायत्त शासनको अवधारणालाई कार्यान्वयन गरिनेछ । स्थानीय निकायलाई बढी साधन र स्रोत उपलब्ध गराई सशक्तिकरण गरिनेछ ।
- मुलुकको सार्वभौमिकता, क्षेत्रीय अखण्डता र राष्ट्रिय एकतालाई सुदृढ तुल्याउादै स्वतन्त्र रूपमा राजनीति संचालन गरिनेछ । कुनै पनि प्रकारको बाहृय दवाव एवं हस्तक्षेपको सशक्त प्रतिकार गरिनेछ ।

## ४.२ प्रजातान्त्रिक समाजको आधार : मानव अधिकार

- नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गर्न मानव अधिकार आयोगको गठन गरिनेछ तथा आयोगलाई सक्षम एवं प्रभावकारी तुल्याइनेछ ।
- मल्लिक आयोगको प्रतिवेदन र २०१७ साल पछि बेपत्ता पारिएका मानिसहरू पत्ता लगाउने समितिको प्रतिवेदनलाई कार्यान्वयन गरिनेछ ।

- जनताको अधिकार कुण्ठित पार्ने कानूनी प्रावधानहरू संशोधन गरिनेछ र सार्वजनिक अपराध तथा सजाय ऐन जस्ता कानूनमा समयानुकूल परिवर्तन गरिनेछ ।
- यातनाको क्षतिपूर्ति ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- बाँधा श्रमप्रणाली जस्ता मानव अधिकार विरोधी प्रथाको अन्त्य गरिनेछ ।
- सामाजिक भेदभावको अन्त्यको लागि पाइला चालिनेछ ।
- महिलाहरूको सम्पत्तिमाथिको अधिकार सम्बन्धी कानून ल्याइनेछ ।
- बाल अधिकारको रक्षा र बालश्रम शोषणको अन्त्यका लागि उपयुक्त व्यवस्था गरिनेछ ।
- मानव अधिकारको रक्षा र विकासको लागि इमान्दारीपूर्वक कार्यरत संस्थाहरूलाई प्रोत्साहित गर्दै उनीहरूसाग सुमधुर सम्बन्ध कायम गरिनेछ ।
- नेपालद्वारा हस्ताक्षरित संयुक्त राष्ट्रसंघका मानव अधिकार सम्बन्धी सम्झौता र अभिसन्धिहरूको प्रभावकारी रूपमा परिपालना गरिनेछ ।
- संयुक्त राष्ट्रसंघद्वारा स्थापित मान्य नियम अनुसार अपाङ्गहरुको समान अवसरहरुको अधिकार सुरक्षित गरिनेछ ।
- मुलुकी ऐनमा समयानुकूल संशोधन गरिनेछ ।

## ४.३ शान्ति सुरक्षाको व्यबस्था : राष्ट्र विकासमा टेवा

- देशमा शान्तिसुरक्षा कायम राखिनेछ, प्रत्येक नागरिकको जीउ-धनको सुरक्षा गरिनेछ ।
- सेना एवं प्रहरी सेवालाई देशभक्तिपूर्ण र जनमुखी बनाइनेछ तथा त्यसको दक्षतालाई निरन्तर रूपमा बढाइनेछ ।
- सेना र प्रहरी सेवाको छनौट, बढुवा, प्रशिक्षण र अन्य अवसरहरू उपलब्ध गराउने सम्बन्धमा कार्यदक्षता, देशभक्ति, जनसेवा, अनुभव आदिको आधारमा प्रजातान्त्रिक विधिलाई अवलम्बन गरिनेछ, सबै भेदभावको अन्त्य गरिनेछ ।
- देशमा शान्तिपूर्ण अवस्था रहादा सेनालाई प्राकृतिक प्रकोप, संकटकालीन सेवा तथा विकास निर्माणमा संलग्न गराई देश निर्माणमा उनीहरूको सहयोग लिइनेछ ।
- जोखिमपूर्ण मोर्चामा गई जनता र राष्ट्रको महत्वपूर्ण सेवा प्रदान गरेका अवकाशप्राप्त सेना तथा प्रहरीहरूको उचित कदर गरिनेछ । अवकाशप्राप्त सेना र प्रहरीको शीप र क्षमताको सदुपयोग गर्न तथा उनीहरूको हकहितको संरक्षण गर्न एउटा छुट्टै निकायको व्यवस्था गरिनेछ । यस्ता व्यक्तिको परिवारको रोजगारी, शिक्षादीक्षा र उपचारको विशेष व्यवस्था गरिनेछ ।
- विदेशी सेनाबाट अवकाश प्राप्त गरी फर्केका सैनिकहरूलाई ससम्मान राष्ट्रनिर्माणमा संलग्न गराइनेछ ।
- सेना तथा प्रहरीका शीप र श्रमलाई सार्वजनिक निर्माणका विविध क्षेत्रहरूमा संचालित गरिनेछ ।

## ४.४ कानूनी राज्य र न्यायपूर्ण समाज : निमुखा जनताको आवाज

- कानूनी राज्यको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्दै न्यायपूर्ण समाजको निर्माण गर्न आवश्यक कार्य गरिनेछ ।
- स्वतन्त्र र सक्षम न्यायप्रणालीको विकास गरिनेछ ।

- न्याय छिटो, निष्पक्ष र जनताको लागि सर्वसुलभ बनाउन आवश्यक व्यवस्था गरिनेछ। गरीव तथा असहायले न्याय नपाउने व्यवस्थाको अन्त्य गरिनेछ।
- विद्यमान सजाय सम्बन्धी कानूनी व्यवस्थालाई समयोचित र वैज्ञानिक बनाइनेछ। कारागार सम्बन्धी कानूनलाई समयानुकूल तुल्याइनेछ।
- सरकारवादी हुने फौजदारी मुद्दामा अभियुक्तलाई कानून व्यवसायीको सेवा उपलब्ध गराइनेछ। सबै प्रकारका मुद्दाहरूको अन्तिम रूपमा निरूपण न्यायिक निकायबाट गर्ने र सार्वजनिक अपराध जस्ता मुद्दाहरूलाई अदालतको सामान्य अधिकारक्षेत्र अन्तर्गत राख्ने व्यवस्था गरिनेछ।
- महिला, आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पिछडिएका समुदाय, वृद्ध, अपाङ्ग र असहायहरूको अधिकार तथा सुरक्षाका लागि कानूनी व्यवस्था गरिनेछ।

## ४.५ पार्टी र जनताको आलो घाऊ : दासढुंगाका अपराधी पत्ता लगाऊ

- २०५० साल जेठ ३ गते दासढुङ्गामा हाम्रो पार्टीका तत्कालीन महासचिव क. मदन भण्डारी र संगठन बिभाग प्रमुख क. जीवराज आश्रितको षडयन्त्रपूर्ण हत्या गरिएको घटना हाम्रो पार्टी, कार्यकर्ता लगायत न्यायप्रेमी नेपाली जनताको हृदयमा आलो घाउकोरुपमा रहेकै छ। त्यस षडयन्त्रपूर्ण हत्याको बिरोधमा तथा हत्यारा पत्ता लगाई दण्ड दिने मागका साथ आन्दोलन समेत छेडिएको थियो र आन्दोलनको क्रममा कैयनले आफनो ज्यान समेत बलिदान गरेका थिए। प्रतिपक्षमा रहंदा एउटा मूल मुद्दाकारुपमा हाम्रो पार्टीले उठाइरहेको यो हत्याकाण्डको विषयमा २०५१ सालमा हाम्रो पार्टीको अल्पमतको सरकारको कार्यकालमा जााचबुझ गर्ने काम प्रारम्भ गरिएको थियो। तर त्यो कार्य पुरा नहादै हाम्रो पार्टीको सरकारलाई गिराइयो। त्यसकारण हाम्रा आदरणीय जननेता क. मदन भण्डारी र कुशल संगठक क. जीवराज आश्रितको त्यो षडयन्त्रमूलमक हत्या काण्डको जााचबुझको क्रम अधुरै रहन गयो। हाम्रो पार्टीको सरकार बनेपछि त्यस क्रमलाई पुन अघि बढाईनेछ र त्यस षडयन्त्रमा संलग्न अपराधी पत्ता लगाई दण्डित  गरिनेछ।

## ४.६ भ्रष्टाचार उन्मूलन : पारदर्शी र जनमुखी प्रशासन

- योजना-तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं भ्रष्टाचारको नियन्त्रण गर्नका लागि प्रत्येक विकासक्षेत्रमा उपयुक्त निकायको स्थापना गरिनेछ।
- प्रधानमन्त्रीको अध्यक्षतामा एक भ्रष्टाचार निर्मूलन आयोगको गठन गरिनेछ।
- अख्तियारको दुरूपयोग, भ्रष्टाचार र आर्थिक विसंगतिको अन्त्य गर्न कडा कदमहरू चाली जनमुखी प्रशासन चलाइनेछ।
- ढिलासुस्ती र घुसखोरीको अन्त्य गर्दै प्रशासनिक कार्य छिटोछरितो गराइने व्यवस्था मिलाइनेछ। प्रशासनिक ढिलासुस्ती र घुसखोरीको विरुद्ध उजुरी गर्न जनतासमक्ष आव्हान गर्ने तथा उजुरीको शीघ्र छानबीन गरी दोषीमाथि कारवाही गर्ने परिपाटी आरम्भ गरिनेछ।
- विकास कार्यक्रमलाई पारदर्शी बनाई आयोजना संचालनमा संलग्न कर्मचारी तथा निकायहरू जिम्मेवार र जवाफदेही हुनुपर्ने प्रक्रियाको थालनी गरिनेछ।
- कर्मचारीहरूलाई उनीहरूको इमान्दारी, कर्तव्यपरायणता, क्रियाशीलता र अनुशासनको आधारमा प्रोत्साहन दिने र पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।
- कुनैपनि निकायमा राजनीतिक, प्रशासनिक वा अन्य तहबाट भएका अख्तियार दुरूपयोग र भ्रष्टाचारको यथाशीघ्र छानबिन गरी कडा भन्दा कडा कार्यवाही गर्न आवश्यक कानून निर्माण गरिनेछ।

- सरकारी फजुल खर्चमा रोक लगाइनेछ । प्रशासनिक क्षेत्रमा खर्चको निश्चित मापदण्ड कायम गरी मितव्ययीरूपमा कार्य संचालन गरिनेछ । प्रशासनिक क्षेत्रमा राजनीतिक हस्तक्षेपको अन्त्य गरिनेछ ।
- निर्वाचित राजनेता, सम्वैधानिक निकाय र राज्ययन्त्रमा सबै क्षेत्रका अधिकृत तहसम्मका कर्मचारीहरूको सम्पत्ति विवरणको अभिलेख राख्ने र नियमित रूपमा अनुगमन गरी सार्वजनिक गर्ने परिपाटी प्रारम्भ गरिनेछ ।
- भ्रष्टाचार, घुसखोरी, अख्तियारको दुरूपयोग र जनविरोधी कार्यको विरुद्ध जनचेतनाको कार्यक्रम संचालन गरिनेछ ।
- जनताका समस्याहरू छिटोछरितो रूपमा समाधान गर्न जनप्रतिनिधि तथा प्रशासनका बीच उचित समन्वयको व्यवस्था मिलाइनेछ ।
- मूल्यवृद्धिलाई ध्यानमा राखी आधारमा कर्मचारीहरूलाई तलव र अन्य सुविधा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ । निजामति सेवा नियमावली आवश्यक संशोधन र परिमार्जन गरी कार्यान्वियन गरिनेछ ।
- लोकसेवा आयोगलाई वढी सम्मानित र प्रतिष्ठित तुल्याई यसको कार्य विकेन्द्रित गर्दै लगिनेछ र प्रशासनलाई निष्पक्ष तथा जनमुखी तुल्याउन विशेष कार्यक्रम ल्याइनेछ ।
- सरकारी सेवाको नियमित सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।
- संबैधानिक अंगका पदाधिकारीहरू तथा अन्य महत्वपूर्ण सेवाका पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्दा सार्वजनिक सुनुवाइको कानूनी व्यवस्था गरिनेछ ।

## ४.७ देश विकासको दूरदृष्टि : गरीवीको अन्त्य र राष्ट्रको समृद्धि

- जनताको गाास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाको समस्या समाधान गरिनेछ । यसका लागि नेकपा (एमाले) ले तोकेका विकासका प्राथमिकताहरू तथा तुलनात्मक लाभका क्षेत्रहरू पहिचानका आधारमा २० वर्षे दीर्घकालीन योजना बनाई लक्ष्य अनुसार कार्य गरिनेछ ।
- आम जनतालाई विकासको प्रतिफलमा हकवाला बनाई उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक सशक्तिकरण गरिनेछ ।
- जनसहभागिता, विकेन्द्रित शासन-व्यवस्था, सुशासन र राज्य तथा निजी क्षेत्रको परिपूरक भूमिकामा आधारित सन्तुलित आर्थिक नीति लागू गरिनेछ ।
- जनमुखी विकास, पछाडि परेका क्षेत्र र समुदायको समृद्धि तथा क्षेत्रीय सन्तुलनमा जोड दिइनेछ ।
- २० वर्षे दीर्घकालीन योजना कार्यान्वयनका क्रममा :
  - ५ वर्षभित्र निरक्षरताको अन्त्य गरिनेछ ।
  - ५ वर्षभित्र सबैलाई प्राथमिक स्वास्थ्य सेवा उपलव्ध गराइनेछ ।
  - ५ वर्षभित्र सबैलाई शुद्ध पिउने पानी उपलब्ध गराइनेछ ।
  - ७ वर्षभित्र खेतीयोग्य जमीनमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।
  - १० वर्षभित्र अधिकांश गाउाहरूमा विजुली तथा संचार सेवा उपलव्ध गराइनेछ ।
  - १५ वर्षभित्र बेरोजगारी तथा गरीवी उन्मूलन गरिनेछ ।
  - १५ वर्षभित्र बाह्य ऋणमाथिको निर्भरता समाप्त गरिनेछ ।
  - २० वर्षमा प्रतिव्यक्ति वास्तविक आय तेव्बर गरिनेछ ।

- गाउा-गाउा र जिल्ला-जिल्लामा विशेष विकास कार्यक्रम अन्तर्गत विकास स्वयंसेवक परिचालन गरी उत्पादन वृद्धि, रोजगार सिर्जना र सामाजिक विकासलाई अभियानको रूपमा अघि बढाइनेछ।

## ४.८ आवधिक र दीर्घकालीन योजनाको अवलम्बनः सामाजिक-आर्थिक विकास र क्षेत्रीय सन्तुलन

- अर्थतन्त्रको द्रुततर विकास, आय र सम्पत्तिको न्यायोचित वितरण तथा क्षेत्रीय सन्तुलनका लागि योजनाबद्ध विकास-प्रणालीलाई सुदृढ गरिनेछ। कर्णाली जस्तो अति दुर्गम र पछाडि परेको क्षेत्रको विकासको लागि विशेष योजना तर्जुमा गरिनेछ।
- विकासको २० वर्षे दीर्घकालीन योजना तयार गरी पञ्चवर्षीय योजना तथा वार्षिक कार्यक्रमहरू दीर्घकालीन योजनाको लक्ष्यसाग तालमेल हुने गरी तर्जुमा तथा कार्यान्वयन गरिनेछ। यस्तो गुरुयोजना तथा पञ्चवर्षीय योजना गाविस, नगरपालिका र जिविसबाट समेत तैयार गर्न प्रेरित गरिनेछ। योजना तर्जुमा गर्दा उत्पादनमा द्रुत वृद्धि तथा निरक्षरता, बेरोजगारी र गरीवी उन्मूलन गर्ने नीति तथा कार्यक्रमहरूको प्रारूपबारे विशेष ध्यान दिइनेछ।
- आयोजनाको छनौट, निर्माण, कार्यान्वयन, सुपरीवेक्षण तथा मूल्याङ्कनमा व्यापक जनसहभागिता गराउन विकेन्द्रित योजना प्रणाली अवलम्बन गर्दै गाउा/नगर/जिल्लास्तरीय योजना पद्धतिलाई योजनाको मेरुदण्ड बनाइनेछ।
- नयाा आयोजना छनौट गर्दा आर्थिक, सामाजिक, वातावरणीय तथा क्षेत्रीय सन्तुलनको मापदण्ड अपनाइनेछ।
- आयोजनामा व्याप्त भ्रष्टाचार, कमिशन, ढिलासुस्ती, अनावश्यक लागत वृद्धि र गुणस्तरहीन काममा नियन्त्रणका लागि अनुगमन र मूल्याङ्कन प्रणालीमा वैज्ञानिक सुधार ल्याई योजनाको कार्यदक्षता बढाइनेछ। यसका लागि संसदीय विकास समितिलाई समेत प्रभावकारी बनाइनेछ। कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ।
- विकास योजनालाई जनमुखी र यर्थाथपरक बनाउन वैज्ञानिक एवं भरपर्दो सामग्रिक तथ्याङ्क प्रणालीको विकासमा विशेष ध्यान दिइनेछ।

## ४.९ राजस्वको व्यापक वृद्धि : मुलुकको दिगो विकास र समृद्धि

- राजस्वको व्यापक परिचालनद्वारा आन्तरिक बचत वृद्धि गर्दै विदेशी सहायतामाथिको निर्भरता घटाइनेछ।
- सामान्य जनतामा प्रतिकूल असर पार्ने अप्रत्यक्ष करको भार कम गर्दै लगिनेछ। कर-प्रणालीलाई प्रगतिशील बनाउादै, करमा सामाजिक न्यायको सिद्धान्त अवलम्बन गरिनेछ। लेखामा आधारित आर्थिक कारोवार प्रणाली स्थापना गरिनेछ।
- उत्पादनशील क्षेत्रमा लगानी प्रवाह बढाउने प्रकारको करप्रणाली अवलम्बन गरिनेछ। प्रत्यक्ष-करका दायराहरूलाई फराकिलो पार्दै लगिनेछ। करको चुहावट रोक्न र कर प्रशासनलाई सुदृढ गर्न व्यापक सुधारहरू गरिनेछ।
- मूल्यअभिवृद्धि करमा रहेका समस्याहरू सम्बन्धित सबैको सुझावका आधारमा समाधान गरिनेछ। यस करबाट सामान्य उपभोक्तामा प्रतिकूल असर पर्न दिइने छैन।
- आयातमुखी करप्रणालीलाई उत्पादन र आयमुखी बनाइनेछ।

- बजेटमा आर्थिक वर्गीकरण अनुसार खर्चको विभाजन गर्ने प्रणालीलाई प्रभावकारी रूपमा लागू गरी बजेट व्यवस्थापनमा वैज्ञानिकता ल्याइनेछ । अनुत्पादक सरकारी खर्चमा नियन्त्रण गरिनेछ ।
- खर्चका विभिन्न उप-शीर्षकलाई पारदर्शी बनाउनुका साथै परियोजना कार्यान्वयनमा जवाफदेही प्रणालीलाई संस्थागत गर्दै लगिनेछ ।
- कमिशन र भ्रष्टाचारतन्त्रलाई नियन्त्रण गर्न राजस्व तथा खर्च सम्बन्धी कडा नीतिहरू अवलम्बन गरिनेछ ।

## ४.१० बाह्य पूँजीको उपयोग : उच्च आर्थिक वृद्धि र प्रविधि विकासमा सहयोग

- राष्ट्रिय प्राथमिकता तथा लाभका आधारमा मात्र विदेशी ऋण र सहायता लिइनेछ । यसलाई राष्ट्रिय पूाजी निर्माण तथा आर्थिक-सामाजिक क्षेत्रको पूर्वाधारको विकासमा प्रयोग गर्न प्राथमिकता दिइनेछ ।
- पूर्णरूपमा बाह्य सहायताबाट परिचालित आयोजनाहरूलाई पनि केन्द्रीय लेखापरीक्षण प्रणाली अन्तर्गत समावेश गरिनेछ । नयाा प्रविधि भित्र्याउन सहयोग पुग्ने विदेशी ऋण र सहयोगलाई प्राथमिकता दिइनेछ । परियोजना कार्यान्वयन गर्दा स्थानीय सामग्री, प्रविधि र जनशक्तिको अधिकतम उपयोग गर्ने नीति लिइनेछ ।
- विदेशी सहायताको उपयोग क्षमता बढाउन प्रभावकारी निकायको व्यवस्था गरिनेछ । यस निकायलाई गैरसरकारी संस्थामा आउने सहयोग र कार्यक्रमको समेत समन्वय तथा अनुगमन गर्ने जिम्मेवारी दिइनेछ ।
- विदेशी ऋणमाथिको निर्भरता घटाउन तुलनात्मक लाभ र प्राथमिकताका क्षेत्रमा विदेशी निजी क्षेत्रको पूाजी आकर्षित गरिनेछ ।
- हालसम्म प्राप्त विदेशी सहायताको मूल्यांकन-अध्ययन गरी भविष्यमा विदेशी सहायताको प्रतिफल सुनिश्चित गर्ने पद्धतिको विकास गरिनेछ । विदेशी सहायता लिंदा सम्बन्धित राष्ट्र वा संस्थाले राखेका शर्तहरूलाई गम्भीरतापूर्वक अध्ययन गरी यस्ता शर्तहरू राष्ट्रहितमा हुने भए मात्र स्वीकार गरिनेछ ।
- विदेशी पूाजीको उपयोग गर्दा संयुक्त लगानी र निर्माण-संचालन-हस्तान्तरणको स्वरूपलाई प्राथमिकता दिइनेछ र विदेशमा रहेका नेपाली नागरिकहरूसंग रहेको साधन, शीप तथा दक्षता मातृभूमिको विकासको लागि उपयोग गर्ने नीति लिइनेछ ।
- गैरसरकारी संस्थाले राष्ट्रिय विकासमा खेल्नसक्ने भूमिकालाई ध्यान दिंदै तिनीहरुका कृयाकलापलाई व्यवस्थित र एकीकृतरूपमा अघि बढाइनेछ । राष्ट्रिय एकता, धार्मिक सहिष्णुता, एवं सामाजिक सद्भावमा खलल पुऱ्याउने गैर सरकारी संस्थाको कार्यमा रोक लगाइनेछ ।
- प्रत्यक्ष विदेशी लगानीलाई आकर्षित गर्ने प्रकारको अन्तर्राष्ट्रिय वित्तीय कारोवारलाई प्रोत्साहित गरिनेछ ।

## ४.११ छनौटपूर्ण निजीकरण : सार्वजनिक संस्थानको सुदृढीकरण

- सार्वजनिक संस्थानहरूको दक्षता र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न यिनीहरूलाई स्वायत्त एवं व्यावसायिकरूपमा संचालन गरिनेछ ।
- छनौटपूर्ण निजीकरणको नीति अवलम्बन गरी राष्ट्रिय हित, उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र कर्मचारी एवं श्रमिकहरूको हितलाई हेरेर मात्र सार्वजनिक संस्थानलाई निजीकरण गरिनेछ । निजीकरण गर्दा पारदर्शिताको नीति अवलम्बन गरी लागू गरिनेछ ।

- निजीकरणबाट प्राप्त हुने आम्दानी सरकारी क्षेत्रमा रहने संस्थानहरूको कार्यदक्षता बढाउने, सरकारी ऋण भुक्तानी गर्ने तथा सामाजिक-आर्थिक विकासका क्षेत्रमा उपयोग गरिनेछ ।
- गैर जिम्मेवारीपूर्ण तरिकाले विगतका सरकारले गरेको निजीकरणको समग्ररूपमा पुनरावलोकन गरिनेछ ।

## ४.१२ व्यापार तथा भुक्तानी स्थितिमा सुधार : अर्थतन्त्रको उद्धार

- निकासी व्यापारको प्रतिस्पर्धात्मक क्षमता बढाउन निकासी व्यापारलाई करमुक्त गर्दै एकद्वार प्रणाली लागू गरी निकासीको हालको झंझटपूर्ण प्रक्रियाको अन्त्य गरिनेछ ।
- हाल सीमित वस्तु र सीमित बजारमा केन्द्रित निकासी व्यापारलाई वस्तुगत तथा बजारगत विविधिकरण गरिनेछ । निकासी प्रबर्द्धनका निमित्त नेपाली कूटनीतिक नियोगहरूलाई विशेष रूपमा परिचालित गरिनेछ ।
- निकासी बढाउने विदेशी लगानी परियोजनाहरूको स्थापनालाई प्राथमिकता दिइनेछ । जलशक्ति र जनशक्तिलाई निकासी व्यापारको पृष्ठ आधारको रूपमा विकास गरिनेछ ।
- निकासी व्यापारको प्रतिफल ग्रामीण जनतासमक्ष पुऱ्याउन निकासी वस्तु उत्पादन कार्यलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरिनेछ । उपयुक्त ग्रामीण स्थानहरूमा "निकासी वस्तु उत्पादन ग्रामहरू" स्थापना गरिनेछ ।
- निकासी वस्तुहरू उत्पादन गर्ने नेपाली उद्यमीहरूलाई निकासी बजारको आवश्यकताको जानकारी गराउन र सोही अनुसारको शीप विकास गर्न सरकारी तथा गैर सरकारी निकायहरू समेतलाई परिचालन गरी निकासी वस्तु उत्पादन ग्रामूको संयोजनमा तालीम तथा अनौपचारिक शिक्षाका एकीकृत कार्यक्रमहरू संचालन गरिनेछ ।
- चीनको स्वशासित क्षेत्र तिव्वतसाग व्यापार विस्तार गर्न दुईपक्षीय व्यापार संझौताको पुनरावलोकन गर्ने, भुक्तानीको निश्चित माध्यम तोक्ने र यातायात सेवा विस्तार गर्ने जस्ता ठोस नीति अवलम्बन गरिनेछ ।
- आयात व्यापारलाई खुला गर्दा आधारभूत राष्ट्रिय उद्योगहरूलाई न्यूनतम संरक्षण दिइनेछ ।
- खुद्रा व्यापारमा बढ्दो बाह्य संलग्नतालाई निरुत्साहित गरिनेछ ।
- नेपाली कलाकौशल र शिल्पमा आधारित हस्तकलाका उद्योगहरूलाई संरक्षण गर्न हस्तकलाका सामानहरूको आयातलाई नियन्त्रण गरिनेछ ।
- चोरी पैठारी र निकासी रोक्न सीमा प्रशासनलाई प्रभावकारी बनाइनेछ ।
- आपसी हितको आधारमा क्षेत्रीय व्यापार र सहयोगको प्रवर्द्धन गरिनेछ ।
- विश्व व्यापार संगठन लगायतका अन्तर्राष्ट्रिय मञ्चहरूमा अल्पविकसित तथा भूपरिवेष्ठित मुलुकहरूको आर्थिक हितको निमित्त आवाज उठाइनेछ ।

## ४.१३ निजी क्षेत्रलाई प्रोत्साहन : पूँजीको निर्माण र परिचालन

- विद्यमान कर, भन्सार, उद्योग, वाणिज्य, वित्तीय तथा वैदेशिक लगानी सम्बन्धी नीतिहरूलाई राष्ट्रिय उद्योग-व्यवसायीहरूको हित अनुरूप सुधार गर्दै निजी क्षेत्रको विकास र विस्तारमा टेवा पुऱ्याइनेछ ।

- स्वदेशी उद्योगी-व्यवसायीले उत्पादन गरेका वस्तु तथा सेवाको निश्चित बजारका लागि उपयुक्त नीतिहरू तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- ऋण तथा अन्य संस्थागत सुविधा सुलभ र सहुलियतपूर्ण गराउादै निजी क्षेत्रको विकासमा सघाउ पुऱ्याइनेछ ।
- कृषि, उद्योग, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र सामाजिक उत्थानका कार्यमा संलग्न निजी क्षेत्रसाग सरकार सहयोगीको रूपमा अघि बढ्नेछ ।
- निजीक्षेत्रमा बचत अभिवृद्धि गर्न उपभोक्तावादलाई निरुत्साहित गर्ने र अनावश्यक उपभोग्य वस्तुको आयातलाई रोक्ने कार्य गरिनेछ ।
- प्रतिस्पर्धी निजीक्षेत्र विकासका लागि एकाधिकार नियन्त्रण ऐन कार्यान्वयनमा ल्याइनेछ ।
- निजीक्षेत्रले पनि सामाजिक उत्तरदायित्व निर्वाह गर्ने गरी यसक्षेत्रको प्रबर्द्धन गरिनेछ ।

## ४.१४ ग्राहकमुखी बैंकसेवाको प्रत्याभूति : गरीबलाई राहतको अनुभूति

- आगामी पााच वर्षभित्रमा देशका सबै गााउ विकास समितिमा सहकारी तथा ग्रामीण बैंकका इकाइहरू स्थापना गरी संस्थागत बचत परिचालन र ऋणप्रवाह सुविधालाई देशव्यापी तुल्याइनेछ ।
- देशको बैंकिङ्ग सेवालाई ग्राहकमुखी बनाई साना किसान, उद्योगी तथा सेवा व्यवसायीहरूलाई ग्रामीण क्षेत्रमा समेत सुलभ ढङ्गले बैंक ऋण उपलब्ध गराइनेछ ।
- उद्योग व्यवसाय, कृषि तथा ग्रामीण क्षेत्रमा पूजीको अभाव भइरहेको अवस्थामा वाणिज्य बैंकहरूमा अधिक तरलता हुने जस्तो विसंगतिपूर्ण स्थितिको अन्त्य गर्न वाणिज्य बैंकिंग प्रणालीमा संरचनात्मक सुधार गरिनेछ ।
- सरकारी क्षेत्रमा रहेका वाणिज्य बैंकहरूलाई व्यावसायिक रूपमा चलाउन व्यवस्थापनमा सुधार गरी कार्यकुशलता बढाइनेछ ।
- भूमिहीन तथा गरीव किसान, साना उद्यमी तथा व्यवसायीहरूलाई सहुलियतपूर्ण ऋण दिने संस्थाको विकास गरिनेछ । सहकारी बैंकहरू, जनमुखी ग्रामीण विकास बैंकहरू र स-साना इकाइका रूपमा वाणिज्य बैंकका कार्यालयहरू स्थापित गरी बिनाधितो संस्थागत ऋण उपलब्ध गराइनेछ ।
- संयुक्त लगानीमा खुलेका बैंकहरूलाई ग्रामीण तथा सेवामुखी बनाउादै यिनीहरूको सेवा साधारण जनतासम्म पुग्ने व्यवस्था गरिनेछ । कृषि विकास बैंकको सेवालाई बढी कृषकमुखी तुल्याइनेछ ।
- ग्रामीण विकास बैंकहरूले संचालन गर्दै आएको लक्ष्यित समूह-कर्जा कार्यक्रमलाई देशव्यापी रूपमा विस्तार गरी महिलाहरूको सबलीकरणमा सहयोग पुऱ्याइनेछ ।

## ४.१५ सुलभ आपूर्ति र मूल्यनियन्त्रण : विपन्न वर्गको हित संरक्षण

- मूल्यस्थिरता कायम गरी समाजका कमजोर र निश्चित आय वर्गको हित संरक्षित गरिनेछ ।
- नियमित र सुलभ आपूर्ति व्यवस्थाद्वारा अप्रत्याशितरूपमा हुने महागी नियन्त्रण गरिनेछ । बजारमूल्यको नियमित अनुगमन गर्ने संस्थागत व्यवस्था मिलाइनेछ ।

- एकाधिकार कार्टेलिङ्गको स्थिति उत्पन्न गरी महागी र अभावको स्थिति सिर्जना गर्ने कार्य रोक्न सरकारी हस्तक्षेप र नियन्त्रणको नीति अपनाइनेछ। उपभोक्ता अदालतको गठन र उपभोक्ता हित संरक्षण ऐन को कार्यान्वयन गरिनेछ।

- दुर्गम क्षेत्रका लागि सुपथ मूल्यमा दैनिक आवश्यकताका वस्तुहरूको आपूर्ति गर्ने नीति अवलम्बन गरिनेछ।

- मूल्य तथा आपूर्ति व्यवस्थालाई नियमित, भरपर्दो तथा आवश्यक बजार अनुशासनभित्र राख्न खाद्यान्न संचिति र सुपथ मूल्यका पसलहरू संचालन गरिनेछ।

- अति आवश्यक उपभोग्य वस्तुहरूको उत्पादन, भण्डार र विक्री व्यवस्था सुलभ गर्न सरकारले टेवा दिनेछ।

## ४.१६ कृषि प्रणालीमा क्रान्तिकारी सुधार : सामन्ती भूस्वामित्व समाप्तिको आधार

- उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदनको आधारमा भूमिसुधार कार्यक्रम लागू गरी जमिनको हदवन्दी घटाइनेछ र ग्रामीण क्षेत्रमा सुकुम्बासी, भूमिहीन किसान तथा अति कम जमीन भएका गरीव किसानलाई जमीन वितरण गरिनेछ।

- भूमिसुधार कार्यक्रमका लागि वित्तीय साधन उपलब्ध गराउन भूमि विकास बैंकको स्थापना गरिनेछ। कृषि क्षेत्रमा रहेको जोखिम र अनिश्चितता समाप्त गर्न कृषि बीमा व्यवस्था लागू गरिनेछ।

- जमीनको चक्लाबन्दी गरिनेछ। जोताहाको हित हुने गरी जमीनमाथिको दोहोरो नियन्त्रण प्रणालीको अन्त्य गरिनेछ। भूउपयोग नीति लागू गरिनेछ। गुठी जग्गालाई रैकरमा परिणत गरिनेछ। विर्ताप्रथा पूर्णरूपले उन्मूलन गरिनेछ। आम किसानको सहभागिता र व्यवस्थापनमा कृषि सहकारी अभियान संचालन गरिनेछ । कृषि उत्पादन, उद्योग, बजार र विस्तार कार्यक्रमलाई एकीकृत रूपमा लागू गरिनेछ।

- दीर्घकालीन कृषि विकास योजनाले अघि सारेका भूमि, सिंचाइ, कृषि सडक, मलखाद, ग्रामीण विद्युतीकरण, प्रविधि र बजारको व्यवस्थालाई एकीकृत रूपमा संचालन गरिनेछ ।

- उदारीकरणका नाममा गरिएका प्रतिकूल र विसंगतिपूर्ण निर्णयहरूको समग्र मूल्याङ्कन गरी कृषकको हित हुने स्पष्ट नीति अवलम्बन गरिनेछ।

- गरीव किसान, कृषिमा आश्रित श्रमजीवी जनता, महिला, शोषित पिडित जनताको हितको रक्षा गरिनेछ। कृषि मजदूरको कामको निश्चित समय र जीवन निर्वाह गर्नसक्ने न्यूनतम ज्याला तोकिनेछ।

- अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्दै वास्तविक सुकुम्वासीहरूको नाममा जग्गा दर्ता गरिनेछ।

- आधुनिक तथा व्यावसायिक कृषि र पशुपंक्षीपालन व्यवसायको विकासका लागि जनशक्ति तयार गर्न प्रत्येक जिल्लामा तालीमकेन्द्र स्थापना गरिनेछ।

- कमैयाहरूलाई सौकी (ऋण) बाट मुक्त गरी जमीन लगायत जीविकोपार्जनका साधनहरू उपलब्ध गराई सम्मानपूर्वक बाँच्ने आधार उपलब्ध गराइनेछ।

- रासायनिक मलको आपूर्तिका लागि सम्भाव्यताको आधारमा देशमा रासायनिक मल कारखाना स्थापना गरिनेछ।

- उत्पादन लागतको आधारमा कृषिउपजको न्यूनतम समर्थन मूल्य तोकिनेछ र तोकिएको मूल्यमा सरकारले खरीद गर्नसक्ने संस्थागत आधार तयार गरिनेछ। कृषि क्षेत्रमा दिइने अनुदान भौगोलिक दृष्टिकोणले पिछडिएका क्षेत्र र आर्थिक रूपले विपन्न वर्गले प्राप्त गर्नसक्ने गरी तय गरिनेछ।

- उन्नत वीउविजन, कीटनाशक औषधि, कृषिऔजार, पशु औषधालय, गोबर तथा माटो परीक्षण सेवाको व्यवस्था गरिनेछ । प्रत्येक गाविसमा कृषि प्राविधिक सेवा उपलब्ध गराइनेछ।

- उचित व्याजदरमा कृषिऋण गाउा-गाउामा उपलब्ध हुने व्यवस्था गरिनेछ।

- कृषि र वन क्षेत्रको लागि आवश्यक दक्ष जनशक्ति आपूर्ति गर्न कृषि र वन विश्वविद्यालयको स्थापना गरिनेछ। कृषि, वन र भू-उपयोग सम्बन्धी नीति र कार्यक्रम बीच समन्वय र सामञ्जस्य कायम गरिनेछ।

- कृषिको समग्र विकासका लागि कृषि उद्योगहरूलाई चाहिने कच्चा पदार्थ देशभित्रै उत्पादन गर्न प्रोत्साहन गरिनेछ। व्यवसायिक कृषिको विकासमा जोड दिइनेछ।

- उत्पादित कृषिवस्तुको लागि बजार संरक्षित गर्ने, उचित मूल्यको व्यवस्था गर्ने र भण्डारण गर्ने कार्यमा राज्य समेत अग्रसर हुनेछ।

- कृषि हाट वजारको विकास गरिनेछ।

- कृषि अनुसन्धान तथा प्रविधि विकासको लागि हुने लगानीमा वृद्धि गरिनेछ। कृषि प्रविधिमा भएका अनुसन्धानका उपलव्धिहरूलाई कृषकको खेतबारीमा पुऱ्याइनेछ।

## ४.१७ सिंचाइको विस्तार : कृषिमा रक्तसंचार

- सिंचाइयोग्य जमीनमा ७ वर्षभित्र सिंचाइ सुविधा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ। त्यस्तो कार्यक्रम स्थानीय जनता, स्थानीय निकाय र सरकारको संयुक्त सहभागितामा संचालन गर्न प्रोत्साहित गरिनेछ।

- साना, मझौला तथा ठूला नहर र कूलो निर्माणका आयोजनाहरूलाई युद्धस्तरमा विकास गरिनेछ।

- सरकारी क्षेत्रबाट निर्मित र संचालित सिंचाइ आयोजनाहरूको क्षमता हालसम्म लक्ष्य र संभाव्यता अनुरूप हुन नसकेकोले यस्ता आयोजनाहरूको व्यवस्थापनमा किसानहरूलाई पनि संलग्न गर्ने तथा यस्ता आयोजनाहरूबाट बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुने व्यवस्था गरिनेछ।

- किसानहरूले आफै निर्माण र संचालन गरेका सिंचाइ आयोजनाहरूको स्तरमा वृद्धि गरिनेछ। सिंचाइबाट बञ्चित क्षेत्रहरूमा कृषकहरूको माग, अगुवाइ र प्रत्यक्ष सहभागितामा नयाा आयोजनाहरू संचालन गरिनेछन्।

- तराईमा उपलब्ध विशाल भूमिगत जलस्रोतको अधिकतम प्रयोग गर्न डिप ट्यूववेल र स्यालो ट्यूववेलको विस्तार गरिनेछ। ट्यूववेल संचालनको लागि ग्रामीण विद्युतीकरणलाई जोड दिइनेछ।

- पहाडी क्षेत्रमा उपयुक्त सिंचाइ आयोजनाहरूको संचालन गरिनेछ। यस्ता क्षेत्रहरूमा स्प्रिङ्कलर र वर्षातको पानी जम्मा गरी सिंचाइ गर्ने विधिहरूलाई समेत प्रयोग गरिनेछ।

## ४.१८ वनजंगलको संरक्षण : स्वच्छ वातावरणको प्रवर्द्धन

- सरकारी तथा गैर सरकारी क्षेत्रका निकाय, समूह र जनसमुदायलाई सहभागी बनाई वृक्षारोपण कार्यक्रमलाई व्यापक पारिनेछ। प्रत्येक गाविस र नगरका वडामा वनवाटिका निर्माण गर्ने कार्यक्रम संचालन गरिनेछ।
- वनजन्य उद्योगहरूको विकास गरी आय र रोजगारी वृद्धि गरिनेछ।
- वनसुरक्षाका निकायहरूलाई स्वच्छ, प्रभावकारी र साधन सम्पन्न बनाइनेछ। सामुदायिक, व्यावसायिक तथा निजी वनसाग सम्बन्धित नीतिमा सुधार गरी वनविकास र उपयोगबीच सन्तुलन ल्याइनेछ।
- वन सीमाभित्र पर्ने सार्वजनिक जमीन र अन्य वृक्षारोपण गर्नसकिने स्थानमा सरकारी एवं सामुदायिक वनको विकास गरिनेछ।
- वन लगाउादा पशुपंक्षी र मौरीपालन जस्ता कृषिव्यवसायलाई सहयोग पुग्ने र फल-फूल, जडिबुटी, डालेघाास, दार, औद्योगिक वनस्पति काठ र हरियाली हुने रुखलाई प्राथमिकता दिइनेछ।
- तराई र समथर भू-भागका घुमाउरा नदीहरूलाई तटबन्धद्वारा सोझ्याएर जमीन उकासी कृषि र वनको विकास गरिनेछ।
- देशका सबै राजमार्ग, सहायक मार्ग तथा नहरको दायााबायाा वृक्षारोपण गरिनेछ।
- वन विनाश कार्य रोक्न ग्रामीण विद्युतीकरण, सौर्य ऊर्जा, गोवर ग्यास, आधुनिक चुल्हो आदिको विकास गरिनेछ।
- भूक्षय नियन्त्रण गर्न प्रभावकारी कदम चालिनेछ।

## ४.१९ व्यवस्थित वसोवास : सुकुम्वासीलाई आवास

- असुरक्षित क्षेत्रको वस्तीलाई सुरक्षित क्षेत्रमा सारिनेछ र बसाइा-सराइलाई व्यवस्थित बनाउादै लगिनेछ।
- आवासको व्यवस्थालाई योजनाबद्ध रूपमा विकसित गरिनेछ। ग्रामीण आवास व्यवस्थामा सुधार ल्याउन निम्न आयसमूहको आवश्यकतालाई हेरी विशेष कार्यक्रम संचालन गरिनेछ।
- भूमिको हदबन्दी, पर्ति जमिनको खोजी र नदी नियन्त्रणबाट उकास भएको जमीनमा सुकुम्वासी र घरबारविहीनका लागि आवासको व्यवस्था गर्दै जाने नीति अवलम्बन गरिनेछ।
- शहरीकरणको निम्ति सम्भावित स्थानहरूमा योजनाबद्ध विकास कार्यक्रम लागू गरिनेछ। 'साना शहरको विकासबाट गाउाको विकास' जस्ता कार्यक्रमहरू विस्तार गर्दै लगी शहर तथा गाउा क्षेत्रको विकासमा टेवा पुऱ्याइनेछ।
- अव्यवस्थित र द्रुततर शहरीकरणका दुस्प्रभावहरूलाई हटाउन दीर्घकालीन गुरुयोजना तर्जुमा गरी चरणबद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ।
- विद्यमान अव्यवस्थित र खर्चिलो आवास व्यवस्थाको अन्त्य गर्दै बाटो, पानी, ढल, विजुली, टेलिफोन र सार्वजनिक उद्यान जस्ता सेवाहरू एकीकृत र समन्वयात्मक रूपमा उपलब्ध गराई बसोवास व्यवस्थालाई सुविधायुक्त र मनोरम बनाइनेछ।

## ४.२० जलस्रोतको बहुपक्षीय उपयोग : राष्ट्रिय हित र समृद्धिमा सहयोग

- नेपालका नदीनालामा नेपालको अक्षुण्ण सार्वभौमिक अधिकारको पूर्ण रक्षा गर्दै पानीको बहुपक्षीय उपयोगद्वारा आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरीवी निवारण तथा क्षेत्रीय सन्तुलन हासिल गरिनेछ ।

- जलस्रोतको उपयोगमा राष्ट्रिय हितलाई ध्यानमा राखी बहुपक्षीय सहयोग लिने नीति अवलम्बन गरिनेछ । द्विपक्षीय सहयोगमा आधारित जलस्रोत उपयोगका कार्यक्रमहरू नेपाललाई अधिकतम लाभ हुने गरी संचालन गरिने छन् ।

- पिउने पानी, सिंचाइ, विद्युतीकरण, औद्योगीकरण, जलमार्ग जस्ता बहुआयामिक कार्यमा सहयोग पुग्ने गरी जलस्रोत सम्बन्धी कार्यक्रमहरू संचालन गरिने छन् । भेरी-बबई डाइभर्सन, सुनकोशी कमला डाइभर्सन जस्ता आयोजनाहरूलाई उच्च प्राथमिकता दिई संचालन गरिनेछ । कोशी, नारायणी र कर्णाली लगायतका नदीहरूमा जलमार्ग संचालनको संभाव्यता अध्ययन गरिनेछ ।

- साना तथा मझौला जलविद्युत् आयोजनाहरूमा स्वदेशी साधन, स्रोत र प्रविधिको अधिकतम उपयोग, विद्युत् चुहावट नियन्त्रण तथा व्यवस्थापन सुधारद्वारा विद्युत् उत्पादन लागत कम गरी सुपथ मूल्यमा विजुली उपलब्ध गराइनेछ ।

- सम्भाव्य साना तथा मझौला खालका छोटो समयमा पूरा गर्न सकिने विद्युत् आयोजना अविलम्ब कार्यान्वयन गर्ने नीति लिइनेछ । यस्ता आयोजनाहरू अभियानकै रूपमा संचालन गरिनेछ ।

- ग्रामीण विद्युतीकरण र दुर्गमक्षेत्र विकासका लागि सहकारी मार्फत लघु जलविद्युत् विकासका सघन कार्यक्रमहरू संचालन गर्ने नीति लिइनेछ । यस कार्यक्रममा निजी, सहकारी वा सार्वजनिक संस्थानहरूलाई आवश्यक अनुदान दिने व्यवस्था गरिनेछ र ग्रामीण क्षेत्रको विकासको लागि ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युतीकरण गरिनेछ ।

- पञ्चेश्वर, पश्चिम सेती, अरुण, कर्णाली (चिसापानी), सप्तकोशी जस्ता ठूला आयोजनाहरू संचालन गरी मुलुकको द्रुततर र दिगो विकासमा टेवा पुऱ्याउने नीति लिइनेछ । राष्ट्रिय हितलाई पहिलो प्राथमिकता दिई लागत/प्रतिफल/वातावरणीय सन्तुलन/बसोवास आदि समस्याहरूको मूल्याङ्कनका आधारमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

- महाकाली सन्धिलाई संसदको संकल्पप्रस्ताव अनुरूप कार्यान्वयन गरिनेछ ।

- विद्युत्-विकासकोष स्थापना गरी निजी क्षेत्र, सहकारी संस्था एवं स्थानीय निकायहरूलाई लघु, साना तथा मझौला जलविद्युत् विकास गर्न सहयोग उपलब्ध गराइनेछ ।

- इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत जलस्रोत तथा ऊर्जा अध्ययन केन्द्र स्थापना गरी प्राविधिक जनशक्तिको विकास गरिनेछ । विद्युत् उपकरण उद्योगको विकास गरिनेछ ।

- विद्युत्को मूल्य बढाउदै लैजानु पर्ने अवस्थाको अन्त्य गर्न विद्युत् आयोजनाहरूको निर्माणमा मितव्ययीता अपनाउने, लागतलाई पारदर्शी बनाउने, स्वदेशी उपकरण र प्राविधिकहरूको उपयोग गर्ने नीति अपनाइनेछ ।

- नेपालीहरू आफैले विकास गर्नसक्ने जलविद्युत् आयोजनाहरूलाई प्राथमिकता दिने र साना तथा मझौला जलविद्युत् आयोजनाहरूको संचालन कार्यमा विशेष जोड दिने, विद्युत् आयोजना विकास कार्यक्रमलाई प्रतिस्पर्धात्मक बनाउने, तोकिएको समयमा विद्युत् उत्पादन गर्न नसक्नेलाई दण्डित गर्ने, जडित क्षमताको पूर्ण प्रयोग गर्ने, विद्युत् चुहावट नियन्त्रण गर्ने तथा विभिन्न निजी उद्योगहरूमा भएको विद्युत् क्षमताको पूर्ण उपयोग गर्ने नीति लागू गरिनेछ ।

- पानीको अधिकतम उपयोगका लागि 'जल ऐन' तर्जुमा गरिनेछ ।

- आगामी पाच वर्षमा मुलुकभर स्वच्छ खानेपानी पुऱ्याइनेछ । खानेपानी आयोजना संचालन र सम्बर्द्धन गर्दा स्रोत संरक्षणको यथेष्ठ व्यवस्था गर्ने परिपाटी स्थापित गरिनेछ र उपभोक्ताहरूको सहभागिता बढाउने नीति लिइनेछ ।

- ग्रामीण खानेपानी आयोजनाहरूको तीव्र विस्तार गरी गाउाका महिलाहरूको पानी ओसार्ने कार्यबोझ घटाइनेछ ।

- काठमाडौं उपत्यकाको खानेपानी समस्या समाधानका लागि मेलम्ची आयोजनालाई कार्यान्वयन गरिनेछ । त्यसबाहेक उपत्यकामा विद्यमान अन्य पानीका स्रोतहरू पहिचान गरी पानीको आपूर्तिमा वृद्धि गरिनेछ ।

- बस्तीहरूको संरक्षण र भू-बचाउका चुनौतीहरू बढ्दै गइरहेको परिप्रेक्ष्यमा पहाड तथा तराईका नदीको दायाा-बायाा रहेका खेतीयोग्य भूमिलाई बाढी र नदी कटानबाट सुरक्षा प्रदान गर्न प्रभावकारी कदम चालिनेछ । वागमती, बकैया, नारायणी, तिनाऊ, कन्काई लगायतका नदीहरूमा तटबन्ध निर्माण गर्ने कार्यलाई विशेष महत्व दिइनेछ ।

- प्राकृतिक प्रकोपबाट अधिकतम सुरक्षा गर्न र यसबाट प्रभावित परिवारहरूको शीघ्र उद्धार र पुनर्निर्माण गर्ने कार्य थालिनेछ ।

- नदी नियन्त्रण गर्दा हरेक ठूला-साना जलाधार क्षेत्रको गुरुयोजना तयार पारिनेछ । नदी नियन्त्रण, जलाधार व्यवस्थापन र भू तथा जल संचयका लागि प्रभावकारी नीति बनाई लागू गरिनेछ ।

## ४.२१ औद्योगीकरणको लहर : स्वाधीन अर्थतन्त्र निर्माणको आधार

- दीर्घकालीन औद्योगिक योजना तय गरी लागू गरिनेछ र स्थानीय निकायको प्रयासमा स-साना औद्योगिक क्षेत्र स्थापनाका लागि प्रोत्साहित गरिनेछ ।

- विदेशी प्रतिस्पर्द्धाको कारण स्वदेशी उद्योगहरू बन्द हुने स्थितिको अन्त्य गर्न उपयुक्त मौद्रिक, विनिमयदर र करनीति अवलम्बन गरिनेछ ।

- स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरूलाई प्रोत्साहित गर्दै खाद्यान्न, फलफूल, लत्ताकपडा, औषधी, निर्माण सामग्री, चिनी, सिमेन्ट, कागज, चिया, कफी आदि औद्योगिक वस्तुहरू आ□नै देशमा उत्पादन गर्ने नीति लिइनेछ । घरेलु तथा साना उद्योग, कृषिमा आधारित उद्योग र निर्यातमूलक उद्योगलाई आवश्यक संरक्षण र प्रोत्साहन दिइनेछ ।

- तुलनात्मक लाभ दिन सक्ने रोजगारी र निर्यातमूलक उद्योगलाई विशेष प्रोत्साहन दिंदै राष्ट्रिय हित हुने गरी विदेशी लगानीकर्तालाई आकर्षित गर्न विशेष सहुलियत दिइनेछ ।

- अत्यावश्यक तर निजी क्षेत्र लगानी गर्न तयार नभएका उद्योगहरू स्थापना गर्न सरकारले पहल गर्नेछ ।

- वर्तमान एकद्वार प्रणालीमा सेवा-सुविधा समेत समावेश गरी यसलाई प्रभावकारी बनाई उद्यमीहरूलाई अनावश्यक झंझटबाट मुक्त गरिनेछ ।

- घरेलु तथा साना उद्योगहरूलाई सरल रूपमा ऋण दिलाउन सहकारी बैंकहरू तथा घरेलु उद्योग विकास बैंकको विस्तार गर्नुको साथै विद्यमान वित्तीय तथा बैंकिङ्ग प्रणालीमा सुधार ल्याइनेछ ।

- उद्योगको स्थापनामा पिछडिएको क्षेत्रको विकास र क्षेत्रीय सन्तुलन कायम गर्न विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।

- रुग्ण उद्योगहरूलाई पुनरुत्थान गर्न आवश्यक कदम चालिनेछ ।

- उद्योगलाई आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्ति तयार गर्न ठोस र प्रभावकारी कार्यक्रम लागू गरिनेछ ।

- प्रचुर सम्भावना भएको चिया उद्योगको प्रबर्द्धनका लागि दीर्घकालीन योजना तर्जुमा गरी उत्पादकहरूका लागि सहुलियतपूर्ण कर्जा, गुणस्तरयुक्त उत्पादन तथा प्रविधि विकास र बजारको व्यवस्था गरिनेछ । यसैगरी अन्य कृषिजन्य उद्योगहरूलाई पनि यसै प्रकारको सुविधा उपलब्ध गराइनेछ ।

## ४.२२ आर्थिक पछौटेपनको निकास : पर्यटन क्षेत्रको विकास

- पर्यटन विकासका लागि हवाइसेवा लगायत अन्य आधारभूत सेवाहरूको विकास गरिनेछ । शाही नेपाल वायुसेवा निगममा भएका आर्थिक घोटालाहरूको छानबिन गरी दोषीलाई कानून अनुसार सजाय दिइनेछ र शाही नेपाल वायुसेवा निगमलाई एक मर्यादित राष्ट्रिय ध्वजाबाहकको रूपमा सक्षम, स्वच्छ एवं व्यावसायिक रूपले संचालन गरिनेछ ।

- अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनको अतिरिक्त सार्क क्षेत्रीय तथा आन्तरिक पर्यटन विकासका लागि विशेष ध्यान दिइनेछ ।

- धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन एवं प्रबर्द्धन गरी धार्मिक र सांस्कृतिक पर्यटनको विकास गरिनेछ । लुम्बिनी, पशुपति, जानकी, स्वर्गद्वारी मन्दिर लगायतका धार्मिक क्षेत्रहरूको विकास कार्यमा तीव्रता ल्याइनेछ ।

- सगरमाथा लगायतका अन्य हिमालमा पर्वतारोहण तथा ताल-तलैया र अन्य सौन्दर्ययुक्त मनोरम प्राकृतिक स्थलहरूको पदयात्रा पर्यटनलाई विकास गरिनेछ ।

- राष्ट्रिय निकुंञ्जहरूको संरक्षण, संवर्द्धन र विस्तार गर्दै यसलाई आय आर्जन तथा रोजगारीमूलक बनाइनेछ ।

- नेपालमा हालसम्म शुरु हुन नसकेको 'स्किङ्ग रिजर्ट' को विकासका लागि विशेष प्रयास गरिनेछ ।

- ग्रामीण पर्यटनमा टेवा पुऱ्याउन प्रत्येक जिल्लामा एक-एक वटा नमूना पर्यटन गाउाको विकास गर्ने नीति अवलम्बन गरिनेछ । पर्यावरणीय पर्यटनको अवधारणालाई लागू गरिनेछ ।

- काठमाडौं र पोखरा उपत्यका बाहिरका सम्भाव्य पर्यटनक्षेत्र समेतको विकास र प्रवर्द्धनमा विशेष प्रोत्साहन दिइनेछ । विभिन्न सुन्दर पहाडी पर्यटकीय स्थलहरूको विकास गरिनेछ ।

- केवलकारको व्यवस्थालाई मुलुकका अन्य भागमा समेत निर्माण र संचालन गर्न प्रोत्साहित गरिनेछ ।

- पर्यटकहरूको सुरक्षा व्यवस्थालाई सुदृढ गरिनेछ ।

- दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौं बाहिर निर्माण गर्ने कार्यलाई प्राथमिकताकासाथ अघि बढाइनेछ ।

- पर्यटकहरूको आगमनबाट हुने विभिन्न वातावरणीय, सांस्कृतिक तथा सामाजिक दुस्प्रभावबाट जनतालाई वचाउन प्रभावकारी कदम चालिनेछ ।

- विदेशस्थित नेपाली कुटनीतिक नियोगहरूमा पर्यटक सूचना इकाइको स्थापना गरी पर्यटन क्षेत्रको विकासमा टेवा पुऱ्याइनेछ ।

## ४.२३ भौतिक विकासको मुख्य आधार : मुलुकभर यातायातको विस्तार

- यातायात सम्बन्धी दीर्घकालीन योजना तर्जुमा गरी व्यवस्थित यातायात प्रणाली मार्फत देशको आर्थिक क्रियाकलाप विस्तार गरिनेछ ।
- निर्माण भइसकेका अति महत्वपूर्ण राजमार्ग एवं सहायक मार्गहरूको मर्मत सुधार गरी निर्बाध रूपमा सवारी साधनहरू संचालन हुने व्यवस्था मिलाइनेछ ।
- हालसम्म मोटरबाटो नपुगेका १८ जिल्ला मध्ये १४ जिल्लाका सदरमुकामहरूमा पााच वर्षभित्र मोटरबाटो पुऱ्याइनेछ । कर्णाली अञ्चल र दार्चुला जिल्ला जोड्ने सडक निर्माणलाई विशेष प्राथमिकता दिइनेछ ।
- मुगु, हुम्ला, डोल्पा, सोलुखम्बू तथा मुस्ताङ्ग जस्ता मोटरबाटो पुग्न बााकी उच्च हिमाली क्षेत्रहरूमा उपयुक्त यातायात निर्क्यौल गरी सो अनुसार निर्माण कार्य शुरु गरिनेछ । देशको उत्तरी सीमाना हुादै तिब्बत जोड्ने तुम्लिङटार-ल्हासा मार्ग लगायतका व्यापार मार्गहरूको निर्माण गरिनेछ ।
- कृषिक्षेत्रको दीर्घकालीन योजना अनुरूप कृषि-सडकको निर्माण गरिनेछ । यस्ता सडकहरूको मर्मत तथा संभार कार्य स्थानीय निकायहरू मार्फत गराइनेछ ।
- प्रत्येक अंचलमा उत्तर-दक्षिण राजमार्ग निर्माण गर्नुका साथै नेकपा (एमाले) को नौ महिने सरकारले प्रस्ताव गरेको मध्यपहाडी पूर्व-पश्चिम मेरुदण्ड राजमार्ग निर्माण गर्ने कार्य शुरु गरिनेछ । मेरुदण्ड राजमार्ग निर्माण गर्दा सम्पन्न भइसकेका सडकहरूसाग आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।
- दैनिक अत्यधिकरूपमा आवत-जावत हुने र जनसम्पर्कका निमित्त अति नै आवश्यक ठानिएका क्षेत्रहरू जोडने पुल-पुलेसाहरूको निर्माणमा प्राथमिकता दिइनेछ ।
- ग्रामीण सडक, घोडेटो र गोरेटो बाटो निर्माण, संचालन र संभार गर्न स्थानीय निकायलाई सक्षम र प्रभावकारी तुल्याइनेछ ।
- तराईमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विद्युत् रेलमार्ग निर्माण कार्यमा जोड दिइनेछ । त्यस्तै महत्वपूर्ण औद्योगिक शहरहरूमा ट्रलिबस र हेटौंडा-काठमाडौ सुरुङ्ग मार्ग बनाउन प्राथमिकता दिइनेछ । सम्भाव्य स्थानहरूमा जलमार्गको विकास गरिनेछ ।
- दुर्गम र अन्य आवश्यक जिल्लाहरूमा हवाइ यातायातको सुविधा सुगम र सुलभ तुल्याउादै लगिनेछ । शहरी यातायात सुगम तुल्याउन सार्वजनिक यातायातको विस्तार गरिनेछ ।
- स्थानीय साधन, श्रम, शीप र प्रविधिको प्रयोग तथा स्थानीय जनसहभागिता मार्फत सडक निर्माण कार्यलाई कम खर्चिलो बनाइनेछ । थोरै लागतका सडकहरू उपभोक्ता समिति मार्फत बनाउने नीति लागू गरिनेछ ।

## ४.२४ स्वायत्त र जिम्मेवार संचार : जनताको सुसूचित हुने अधिकार

- राष्ट्रिय सूचना प्रणालीको विकासका लागि २० वर्षे योजना बनाई लागू गरिनेछ ।
- रेडियो तथा टेलिभिजन प्रसारणलाई आधुनिक प्रविधियुक्त तुल्याई च्यानल क्षमता र प्रसारण क्षमतामा वृद्धि गरी देशव्यापी रूपमा सुन्न र देख्नसक्ने गरी संचालन गरिनेछ । नेपाल टेलिभिजनलाई भू-उपग्रह प्रणाली मार्फत प्रसारण गरिनेछ । नेपाल टेलिभिजनबाट प्रसारण गरिने कार्यक्रमहरूको गुणस्तर बढाइनेछ ।

- एफ. एम. रेडियोको सञ्चालनको अनुमति दिंदा ग्रामीण क्षेत्रमा सामुदायिक विकास र वातावरणको संरक्षण जस्ता विषयहरूमा आधारित कार्यक्रमहरू चलाउन सामुदायिक  रेडियोको अवधारणालाई समेत अघि बढाइनेछ।

- शहरी क्षेत्रमा अत्याधुनिक संचारसेवाको विकासलाई अरु सुदृढ गरिनेछ र सबै साना मझौला विकासवान् शहर-बजारमा दूरसंचार एक्सचेञ्ज सेवा विस्तार गरिनेछ।

- सार्वजनिक संचार माध्यमहरूलाई स्वतन्त्र, निष्पक्ष र राष्ट्रिय हित अनुकूल अझ प्रभावकारी बनाइनेछ।

- आधुनिक विद्युतीय संचार माध्यम तथा भू-उपग्रह प्रणालीबाट नेपालको संचार सुविधालाई विकसित तुल्याइनेछ।

- आगामी दुई वर्षभित्र नेपालका सम्पूर्ण गाविसहरूमा वायरलेस, भिस्याट, सिडट वा भि.एच.एफ. हरूको प्रयोग गरी दूरसंचार सेवा पुऱ्याइनेछ। क्रमशः प्रत्येक गाविसमा टेलिफोन सेवा उपलब्ध गराइनेछ। सार्वजनिक टेलिफोन सेवाको विस्तार गरिनेछ।

- नेपाललाई अन्तर्राष्ट्रिय दूरसंचार 'हब'को रूपमा विकसित गरी दक्षिण एसियामा नेपालको दूरसंचार सेवालाई सर्वोत्कृष्ट बनाइनेछ।

- विगत २५ वर्षदेखि उपयोगमा ल्याउन नसकिएको नेपालको आफ्नो अर्बिटल स्लटलाई राष्ट्रिय संचार प्रणालीको विकास र प्रबर्द्धनका निमित्त उपयुक्त योजना बनाई उपयोग गरिनेछ।

- हुलाक-सेवालाई आधुनिक र प्रभावकारी तुल्याई ग्रमीण क्षेत्रमा समेत छिटोछरितो रूपमा चि□ीपत्र पुऱ्याउने व्यवस्था मिलाइनेछ। ग्रामीण हुलाक सेवामा कार्यरत हुलाकीहरूको सेवा-सुविधालाई समयानुकूल तुल्याइनेछ।

- पत्रकारिताको विकास र गुणस्तरमा आवश्यक पर्ने कम्प्युटर, □याक्स, क्यामरा, फिल्म र अन्य आवश्यक उपकरणहरूमा सहुलियत प्रदान गरिनेछ। पत्रिकाहरूलाई गुणस्तरयुक्त बनाउने उद्देश्यले विशेष प्रोत्साहन र सहयोगको व्यवस्था मिलाइनेछ।

- अखवारी कागजको अभाव र मूल्यवृद्धिको समस्या आउन नदिन आवश्यक व्यवस्था गरिनेछ।

- राष्ट्रिय सूचना केन्द्रको रूपमा नेटवर्क निर्माण र साधन सम्पन्न संचार ग्रामको स्थापना गर्न आवश्यक पाइला चालिनेछ।

- सरकारी संचार माध्यमका संस्थानसेवा नियमावलीहरू र श्रमजीवी पत्रकार ऐनका बीच एकरूपता ल्याइनेछ र निजी क्षेत्रका अखवार तथा अन्य प्रकाशनहरूलाई उद्योगको रूपमा मान्यता दिई त्यस अनुसार पाउनु पर्ने सुविधाहरू दिइनेछ। निजी क्षेत्रका अखवारहरूलाई सरकारी विज्ञापनहरू र विशेषतः सरकारले प्रवाह गर्ने स्वास्थ, शिक्षा र अन्य जनसेवाका सार्वजनिक सूचनाहरू निश्चित मापदण्डका आधारमा बिनाभेदभाव उपलब्ध गराइनेछ।

## ४.२५ एक्काइसौं शताब्दीका लागि विज्ञान र प्रविधि : मुलुकको आधुनिकीकरण र उन्नति

- विज्ञान तथा प्रविधिको दिगो विकासका लागि ठोस योजना तैयार गरिनेछ  र जनशक्ति विकास, प्रोत्साहन र संरक्षणका उपायहरू अपनाई दक्ष जनशक्तिलाई आकृष्ट गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

- विज्ञान र प्रविधिको क्षेत्रमा कार्यरत वैज्ञानिक र प्राविधिज्ञहरूलाई राष्ट्रको आवश्यकता अनुसार अनुसन्धान र प्रविधिको विकास कार्यमा लाग्न प्रोत्साहित गरिनेछ।

- विज्ञान र प्रविधिका क्षेत्रमा प्राप्त भएका अत्याधुनिक उपलब्धिहरूलाई राष्ट्रिय विकासका लागि अधिकतम रूपमा उपयोग गरिनेछ ।
- सूचना प्रविधि उद्यानको शीघ्र स्थापना गरी उच्च प्रविधिका क्षेत्रमा सेवा उद्योगको विकास गरिनेछ ।
- राष्ट्रमा उपलव्ध प्राकृतिक स्रोत र साधनको परिचालन गर्न उपयुक्त प्रविधिको विकास तथा प्रयोगमा विशेष जोड दिइनेछ ।
- मुलुकमा विद्यमान परम्परागत प्रविधिको जगेर्ना र आधुनिकीकरण गरी ग्रामीण क्षेत्रको विकास र गरीवी निवारणका लागि यसको अधिकतम उपयोग गरिनेछ ।
- वैज्ञानिक आविष्कार र प्राविधिक सुधारलाई प्रोत्साहित र पुरष्कृत गरिनेछ ।

## ४.२६ शिक्षा सबैको जन्मसिद्ध अधिकार : मानव विकासको मूल आधार

- शिक्षा प्रणालीमा आमूल परिवर्तन गरी यसलाई राष्ट्रिय, जनमुखी र वैज्ञानिक तुल्याइनेछ । शिक्षालाई सर्वसुलभ, गुणस्तरीय एवं रोजगारीमूलक तुल्याइनेछ ।
- विद्यालयहरूको उचित व्यवस्थापन, भौतिक सुविधा र शिक्षकहरूको कार्यदक्षतामा विशेष ध्यान दिइनेछ ।
- साक्षरता कार्यक्रमलाई अभियानको रूपमा संचालन गर्दै आगामी पाँच वर्षभित्र देशबाट निरक्षरता उन्मूलन गरिनेछ । पूर्व-प्राथमिक शिक्षालाई बाल-बालिकाको सर्वतोमुखी विकासको लागि विस्तार गरी सर्वसुलभ गराइनेछ ।
- प्राथमिक शिक्षालाई चरणबद्ध रूपमा अनिवार्य गराउदै बाल-बालिकाले बीचैमा पढाइ छाड्ने स्थितिको अन्त्य गर्न आवश्यक कदम चालिनेछ ।
- न्यूनतम आधारभूत शिक्षा आ□नै मातृभाषामा दिइनेछ र स्थिति वा आवश्यकता हेरी मातृभाषाको शिक्षा दिइनेछ ।
- नेपालका विभिन्न भाषा, धर्म र संस्कृति विषयमा विश्वविद्यालयबाट विद्यावारिधि गर्न चाहनेलाई छात्रवृत्तिको लागि विशेष व्यवस्था गरिनेछ ।
- माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रहनेछ र यस तहको शिक्षालाई व्यवसाय एवं रोजगारमूलक बनाउनुका साथै उच्च शिक्षाको आधारको रूपमा पनि विकास गरिनेछ । उच्च माद्यमिक (१०+२) को शिक्षालाई योजनाबद्ध र व्यवस्थित तुल्याइनेछ ।
- प्राविधिक, व्यावसायिक र शीपमूलक शिक्षा तथा तालीमलाई रोजगारी र गरीवी निवारणसाग आबद्ध गरिनेछ । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालयहरू स्थापना गरिनेछ ।
- देशलाई चाहिने प्राविधिक जनशक्ति निर्माण गर्न प्रत्येक विकासक्षेत्रमा प्राविधिक महाविद्यालयहरू स्थापना गर्ने नीति लिइनेछ । यस्ता महाविद्यालयहरू क्रमशः अन्य क्षेत्रमा पनि स्थापना गरिने छन् ।
- उच्च शिक्षालाई अनुसन्धानमूलक बनाइनेछ र विश्वविद्यालय जस्ता उच्च शिक्षाका निकायहरू स्थापना गर्न न्यूनतम आवश्यक आधारहरू किटान गरिनेछ । विश्वविद्यालय जस्ता उच्च शिक्षा संस्थालाई प्राज्ञिक तथा स्वायत्त संस्थाका रूपमा संचालन गरिनेछ । विश्व विद्यालय ऐन तर्जुमा गरी सबै विश्वविद्यालयहरुलाई एकै ऐन अन्तर्गत समावेश गरी व्यवस्थित गरिनेछ ।

- निजी, आवासीय तथा उच्च अध्ययनका लागि स्थापना भएका शिक्षण संस्थाहरुलाई शिक्षाको राष्ट्रिय उद्देश्य अनुरूप संचालन गर्न उपयुक्त मापदण्ड तयार गरिनेछ। सार्वजनिक तथा निजीस्तरका विद्यालय बीच शिक्षाको गुणस्तरमा सामञ्जस्यता ल्याइनेछ।

- महिला, पिछडिएका जाति, जनजाति एवं दलितवर्गका बाल-बालिका तथा अपाङ्गलाई शिक्षाको अवसर प्रदान गर्न विशेष व्यवस्था गरिनेछ।

- राष्ट्रनिर्माण तथा समाज-विकासमा विद्यार्थीहरूको सहभागिताका निमित्त विशेष कार्यक्रमहरू लागू गर्न पहल गरिनेछ।

- सबै तहका शिक्षकहरूको प्राज्ञिक उन्नयन, हक, हित तथा मर्यादाको संरक्षण एवं सम्बर्द्धन गरिनेछ। अस्थायी शिक्षकहरुलाई उपयुक्त नियम र प्रक्रिया अपनाई स्थायी गर्ने व्यवस्था गरिनेछ।

- अध्ययन, अध्यापन, अनुसन्धान लगायत शिक्षाका सवै क्षेत्रमा महिलाहरूको व्यापक सहभागितालाई प्राथमिकता दिइनेछ।

- उद्योग, पर्यटन, जलस्रोत, पर्यायवरण र भू-गर्भ, दर्शन-संस्कृति, प्राच्यशास्त्र, योग आदि विषयहरूमा विशिष्टीकरण गर्ने अध्ययन संस्थानहरूको विकास गरिनेछ। कृषि तथा वन क्षेत्रको सर्वाङ्गीण विकासको लागि आवश्यक पर्ने जनशक्ति तयार गर्न कृषि विश्वविद्यालयको स्थापना गरिनेछ। अनुसन्धानकेन्द्र सहितको राष्ट्रिय आयुर्वेदिक अध्ययन संस्थानको स्थापना गरिनेछ।

- कक्षा ८ देखि व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिइनेछ र शिक्षालाई श्रम-बजारसाग जोड्ने कुरामा विशेष ध्यान दिइनेछ। प्रवेशिका परीक्षामा उत्तीर्ण नभएका विद्यार्थीहरूलाई प्राविधिक शिक्षाको व्यवस्था गरी सो परीक्षामा उत्तीर्ण भएमा प्रवेशिका सरहको प्रमाणपत्र प्रदान गरिनेछ। परम्परागत प्रविधि र स्वआर्जित शीप र दक्षतालाई समकक्ष शैक्षिक मान्यताको व्यवस्था गरी प्रोत्साहित गरिनेछ।

## ४.२७ स्वास्थ्य सेवामा सुधार : रोगमुक्त समाजको आधार

- विद्यमान स्वास्थ्य नीतिको पुनरवालोकन गरी जनमुखी र सर्वसुलभ स्वास्थ्य नीतिको तर्जुमा गरिनेछ।

- नेपालका सम्पूर्ण गाउा विकास समितिमा न्यूनतम स्वास्थ्यसेवा निःशुल्क उपलव्ध गराउने गरी स्वास्थ्यसेवालाई विस्तार गरिनेछ। आधारभूत स्वास्थ्यसेवा प्राप्त गर्ने मानव अधिकारलाई ध्यानमा राखी सरकारले यसको प्रत्याभूति सामाजिक सुरक्षाका कार्यक्रमहरूद्वारा गर्नेछ। स्वास्थ्य वीमा व्यवस्थालाई क्रमशः लागू गरिनेछ।

- देशभित्र रहेका सम्पूर्ण अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्यचौकीहरूको सुधार गरिनेछ। यसका लागि आवश्यक पर्ने जनशक्ति, औषधि, उपकरण आदिको व्यवस्था गरिनेछ।

- केन्द्रीय स्तरका अस्पतालहरूमा स्वास्थ्य संवन्धी विशेषीकृत सेवाहरू उपलव्ध गराइनेछ। साथै स्वास्थ्योपचारको लागि विदेश जानुपर्ने वाध्यतालाई कम गर्दै लगिनेछ।

- देशभित्र आवश्यक पर्ने औषधि उत्पादनमा जोड दिनुका साथै औषधि विज्ञानको विकासको लागि अनुसन्धानमा जोड दिइनेछ।

- देशलाई आवश्यक पर्ने चिकित्सक तथा विशेषज्ञहरूको उत्पादनमा विशेष जोड दिइनेछ। यस सन्दर्भमा देशभित्र विभिन्न स्तरका चिकित्साशास्त्र अध्ययन संस्थान, मेडिकल कलेज र प्राविधिक विद्यालयहरू संचालन गरिनेछ।

- सरसफाइ, स्वस्थ्य वातावरण, शुद्ध पिउने पानी, स्वास्थ्य शिक्षा, औषधि र खाद्य-पदार्थमा मिसावट आदि विषयमा विशेष ध्यान पुऱ्याई जनताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने कार्यमा कडा रोक लगाइनेछ ।

- अल्माआटा विश्व स्वास्थ सम्मेलनको घोषणापत्रमा आधारित “समग्र प्राथमिक स्वास्थ्य सेवा” को अवधारणा अनुरूप स्वास्थ्यसेवालाई समय सापेक्ष र प्रभावकारी रूपमा विस्तार गर्दै लगिनेछ ।

- स्वास्थ्यसेवालाई जनसहभागिता तथा आत्मनिर्भरताको आधारमा संचालन गर्न स्वास्थ्य सहकारितालाई जोड दिइनेछ । घुम्ती स्वास्थ्यकेन्द्र तथा डाक्टरको व्यवस्था गरी ग्रामीण जनतालाई आधारभूत स्वास्थ्यसेवा उपलब्ध गराइनेछ ।

- स्वास्थ्य-सेवालाई स्तरयुक्त बनाउन राष्ट्रिय स्वास्थ्यसेवा ऐन लगायतका कानूनहरूमा सुधार गरिनेछ । जिल्ला, गाउा तथा नगरपालिका ऐनहरू अनुरूप स्वास्थ्य सेवा विकासको लागि स्थानीय स्तरमा जनसहभागिता तथा स्रोत परिचालनमा वृद्धि गर्ने नीति अवलम्बन  गरिनेछ ।

- स्वास्थ्य क्षेत्रसाग सम्बन्धित संघ, संस्था तथा सामुदायिक निकायको भूमिकालाई राष्ट्रिय स्वास्थ्य नीति अनुरूप अघि बढाइनेछ  ।

- विश्वव्यापारीकरण तथा उपभोक्तावादको बढ्दो प्रभावको कारणले आम जनसमुदायको स्वास्थ्यसेवा दुर्लभ बन्दै गएकोले आगामी दिनमा भोग्नुपर्ने जटिल स्थितिको समाधान गर्न ध्यान दिदैं सीमान्त तथा लक्षित जन समुदलायलाई आवश्यक स्वास्थ्यसेवा पुऱ्याउन राज्यद्वारा विशेष कार्यक्रम संचालन गरिनेछ । काठमाडौं बाहिरका जिल्ला तथा दुर्गम पहाडी जिल्लाहरूमा डाक्टरको सेवा उपलब्ध हुने समुचित व्यवस्था  गरिनेछ ।

- आयुर्वेदिक, होमियोप्याथिक, योग, प्राकृतिक चिकित्सा आदिको विकास र विस्तारमा विशेष जोड दिइनेछ ।

- प्राथमिक स्वास्थ्य केन्द्रसम्म अत्यावश्क औषधिहरू निःशुल्क उपलब्ध गराइनेछ ।

- जडिबुटी उत्पादन, संकलन, संरक्षण तथा वितरण स्थानीय तहमा नै गर्ने व्यबस्था र आयुर्वेदिक औषधि उद्योगको विकास गरिनेछ ।

- डाक्टरहरूको दुर्गमक्षेत्र सेवालाई वृत्तिविकास, स्वास्थ्य क्लिनिक संचालन र व्यावसायिक स्वास्थ्य संस्था खोल्ने स्वीकृतिको लागि प्राथमिकताको आधार बनाइनेछ ।

## ४.२८ स्थानीय निकायलाई स्वशासन : जनसहभागितामूलक स्थानीय विकासको अवलम्वन

- विद्यमान केन्द्रीकृत योजना प्रणालीमा व्यापक सुधार गरी स्थानीय तहबाट योजना, कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीको प्रभावकारी रूपले कार्यान्वयन  गर्ने र स्थानीय निकायलाई मुलुकको सर्वाङ्गीण विकासको केन्द्रविन्दु बनाउने नीति अवलम्बन गरिने छ ।

- व्यापक  जनसहभागिताद्वारा स्थानीय तहमा उत्पादनवृद्धि, रोजगार-प्रबर्द्धन र शीप  विकास गर्ने नीति लिइनेछ ।

- “आ□नो गाउा आफैं बनाऔं” कार्यक्रमको स्वरूप र कार्यान्वयन प्रणालीलाई प्राप्त अनुभवहरूका आधारमा अझ प्रभावकारी बनाई आत्मनिर्भरमुखी ग्रामीण विकास अभियानलाई अघि बढाइनेछ ।

- महिला तथा बालकल्याण, दलित तथा उपेक्षित समुदाय, आदिवासी तथा जनजाति र अपांगहरूका लागि स्थानीय तहमा शिक्षा, स्वस्थ्य, आय आर्जन र रोजगारीका विशेष कार्यक्रमहरू संचालन गरिनेछ ।

- स्वायत्तशासन विधेयकलाई परिमार्जित गरी स्थानीय निकायलाई अधिकारसम्पन्न तुल्याइनेछ ।

- 'नौ स को अभियान : सन्तुलित विकासमा नयाा आयाम' को कार्यक्रम अन्तर्गत स्थानीय सडक, साना सिंचाइ, स्वच्छ खानेपानी, शिक्षा र साक्षरता, सुलभ स्वास्थ्य, शीपमूलक तालीम र रोजगारी, सामुदायिक वृक्षारोपण, साना जलविद्युत्को विकासबाट ग्रामीण विद्युतीकरण र साना तथा घरेलु उद्योग सम्बन्धी विकास-कार्यक्रमलाई २०५ वटै निर्वाचन क्षेत्रमा अभियानको रूपमा संचालन गरिनेछ ।

- नमूना गाउा तथा साना शहरको विकासबाट गाउाको विकास जस्ता कार्यक्रमहरू प्रभावकारी रूपमा पुनः संचालन गरिनेछ ।

- विकास समितिलाई स्वायत्तता प्रदान गर्दै स्थानीय तहमा समेत राजस्व परिचालन गर्ने तथा केन्द्रबाट प्रवाहित हुने सहायताको रकममा वृद्धि गरेर स्थानीय विकासलाई अभियानको रूपमा संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

- दुर्गम र अति पिछडिएका क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरू संचालन गरिनेछ तथा यस्ता क्षेत्रका जनताको आवश्यक सेवा र सुविधाका लागि बस्ती र हाटबजारको विकास गरिनेछ ।

- स्थानीय निकायहरूको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन क्षमता सुदृढ गर्न विशेष ध्यान दिइनेछ । जिल्ला विकास समितिलाई जिल्ला तहमा सम्पन्न गरिने सबै योजना छनौट, कार्यान्वयन र साधन बाांडफाांडको अधिकार प्रदान गर्दै विकाससाग सम्बन्धित कर्मचारीको छानबीन, स्थानान्तरण तथा उत्तरदायित्व सम्बन्धी अधिकार क्रमशः जिल्ला विकास समितिलाई प्रदान गरिनेछ र यस क्रममा गाउा एवं नगरलाई पनि अधिकारसम्पन्न बनाउादै लगिनेछ ।

- केन्द्रीयस्तरबाट संचालन हुने आयोजनाहरूमा स्थानीय निकायहरूलाई सहभागी तुल्याउादै उक्त आयोजनाहरूबाट हुने लाभको निश्चित भाग स्थानीय निकायलाई प्रदान गर्ने व्यवस्था गरिनेछ ।

- केन्द्रबाट बजेट नियन्त्रित गर्ने वा तोक र कोटाका आधारमा केन्द्रबाट रकम वा सेवा सुविधा उपलब्ध गराउने परिपाटीको अन्त्य गरिनेछ । जिल्ला तहका क्षेत्रगत योजना र कार्यक्रममा एकमुष्ट रकम दिने तथा स्थानीय स्रोतको परिचालन समेतका आधारमा आवधिक र वार्षिक कार्यक्रम जिल्ला तहमै हुने परिपाटी स्थापित गरिनेछ ।

## ४.२९ महिला र पुरुषको समान अधिकार : समाजको उत्थान र विकासको आधार

- पाांच वर्षभित्र निरक्षरता उन्मूलन गर्ने अभियान अन्तर्गत महिला निरक्षरता समाप्त गरिनेछ । महिलाहरूको पिछडिएको शैक्षिक स्थितिलाई बदल्नको लागि माध्यमिक तहसम्म शैक्षिक सामग्री सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

- महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन रोजगारमूलक शिक्षा र तालीमको साथै अन्य विशेष कार्यकमहरू सञ्चालन गरिनेछ ।

- ग्रामीण क्षेत्रका विपन्न महिलाहरूका लागि उपलब्ध गराउादै आएको बिनाधितो समूहगत ऋण दिने व्यवस्थालाई विस्तार गर्ने र प्रभावकारी बनाउने नीति लिइनेछ ।

- महिला र पुरुष बीच समान कामको लागि समान ज्यालाको व्यवस्थालाई प्रभावकारी रूपमा लागू गरिनेछ ।

- पैतृक सम्पत्तिमाथि महिलाहरूको समान हक कायम गराइनेछ ।

- सरकारी तथा अर्ध-सरकारी स्रेस्ता तथा नागरिकताको प्रमाणपत्र र पासपोर्ट आदिमा आमा वा पत्नीको पनि नाम अनिवार्य लेख्नुपर्ने व्यवस्था गरिनेछ ।

- बहुविवाह, अनमेल विवाह, बालविवाह गर्नेलाई कडा कार्यबाही गर्ने कानूनी व्यवस्था गरिनेछ । सबै खाले घरेलु हिंसाका विरुद्ध पारिवारिक अदालतको व्यवस्था गरिनेछ ।

- महिलाहरूको अस्मिताको अवहेलना हुने खालका विज्ञापन, चलचित्र, बोलीव्यवहार लगायत अन्य क्रियाकलापमाथि रोक लागाइनेछ । उत्पीडनमा परेका महिलाहरूलाई निःशुल्क कानूनी परामर्शको व्यवस्था मिलाइनेछ ।

- महिला बेचबिखन, बलात्कार, अपहरण जस्ता अपराध गर्ने व्यक्तिलाई कडा कानूनी कार्यवाहीको व्यवस्था गरिनेछ ।

- सबै प्रकारका सामाजिक विभेदलाई अन्त्य गर्दै राजकीय र सामाजिक निकायहरूमा महिलाहरूको प्रतिनिधित्व हुने व्यवस्थाका साथै नीति-निर्माणका हरेक क्षेत्रहरूमा महिलाहरूको सहभागिता बढाइनेछ ।

- सेवारत कर्मचारीको मृत्यु भएमा निजका पत्नी/पतिले योग्यता अनुरूपको काम पाउने व्यवस्था गरिनेछ ।

## ४.३० बाल अधिकारको सुरक्षा : सुनौलो भविष्यको सुनिश्चितता

- सम्पूर्ण बालबालिकाहरूलाई शिक्षा, स्वास्थ्य, स्याहार-संभार तथा सुरक्षा जस्ता आधारभूत कुराहरूबाट बञ्चित हुन नदिने तर्फ विशेष कदम चालिनेछ ।

- बालबालिका माथि हुने उत्पीडन तथा शोषणको अन्त्य गरिनेछ । बालकहरूको हक अधिकारको संरक्षण गर्ने आवश्यक संस्थागत कानूनी व्यवस्था गरिनेछ ।

- बालबालिकालाई जोखिमपूर्ण काम गर्नबाट मुक्त गरिनेछ । बालश्रमको शोषणलाई अन्त्य गरी बालबालिकालाई उपयुक्त शिक्षाको अवसर प्रदान गरिनेछ । विविध सामाजिक र आर्थिक कारणले परिवारबाट विस्थापित भएका बालबालिकाहरूलाई पुनर्स्थापित गरिनेछ ।

- अनाथ तथा सडक बालबालिकाको राज्यद्वारा उचित हेर विचार गरिनेछ । बालबालिका बेचबिखन गर्नेका विरुद्धमा अत्यन्त कडा कार्यवाही गरिनेछ ।

- बालबालिकाको वौद्धिक तथा शारीरिक विकासको निम्ति आवश्यक पर्ने बालउद्यान, मनोरञ्जन गृह र खेलकुदको समुचित व्यवस्था गरिनेछ ।

- संचार माध्यमहरूमा बालबालिकाहरूको निमित्त मनोरञ्जनात्मक तथा ज्ञानबर्द्धक कार्यक्रमहरू प्रसार गरिनेछ । बालसाहित्य रचना र प्रकाशनमा जोड दिइनेछ ।

- प्रतिभाशाली र जेहेन्दार बालबालिकाहरूको लागि पुरस्कार एवं छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

- बालबालिकाहरूले प्रयोग गर्ने यातायात, मनोरञ्जन तथा शैक्षिक सामग्रीहरूमा सहुलियत प्रदान गरिनेछ ।

- वस्तुहरूको उत्पादनमा बाल श्रमको प्रयोग निषेध गर्न प्रभावकारी कदम चालिनेछ ।

## ४.३१ सम्पूर्ण जाति, जनजाति, भाषा, धर्म र संस्कृतिलाई समान अधिकार : सुसंस्कृत, सभ्य र सद्भावपूर्ण समाजको आधार

- जाति, जनजाति, भाषा, धर्म तथा संस्कृतिको क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरू अन्त्य गरिनेछ। सबै जाति, जनजाति, भाषा र धर्मावलम्बीहरूलाई समान अधिकार, अवसर र सुविधा प्राप्त हुने कानूनी व्यवस्था गरिनेछ। पिछडिएका जाति, जनजाति, भाषा र संस्कृतिको रक्षा एवं विकासको निम्ति विशेष व्यवस्था गरिनेछ।
- सबै नागरिकले आ□नो मातृभाषामा प्राथमिक तहसम्म शिक्षा पाउने अधिकार सुनिश्चित गरिनेछ।
- राष्ट्रनिर्माणमा महत्वपूर्ण योगदान दिने विभिन्न जाति, जनजातिका व्यक्तित्वहरूको खोजी गरी उनीहरूको इतिहास लेखिनेछ। विभिन्न जाती-जनजाति, कला र सास्कृतिको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण योगदान दिने व्यक्ति एवं संस्थालाई सम्मान गरिनेछ।
- देशका विभिन्न क्षेत्रमा छरिएर रहेका सांस्कृतिक सम्पदाहरूको उचित संरक्षण गर्दै लगिनेछ। लोप हुन लागेका जनजातिका कला, संस्कृति र साहित्यको विशेष संरक्षण गरिनेछ।
- राष्ट्रिय विखण्डन, पृथकतावाद र साम्प्रदायिकतावादी प्रवृत्तिहरूलाई दुरुत्साहित गर्दै सामाजिक सद्भाव एवं समानतामा जोड दिने नीति अवलम्बन गरिनेछ।
- जाति, जनजाति, भाषा, धर्म, संस्कृतिको विकासका निम्ति तत्सम्बन्धी प्रतिष्ठानको स्थापना गरिनेछ।
- विविध जाति, जनजाति, भाषा, धर्म र सास्कृतिभित्रका जनताको राष्ट्रिय एकताको आधार निष्पक्ष र प्रजातान्त्रिक राज्य व्यवस्था हो भन्ने नीति र अवधारणालाई अझ सुदृढ गर्दै लगिनेछ।
- विभिन्न जनजातिका विद्वान् र विशिष्ट प्रतिभाहरूलाई सम्मान र प्रोत्साहन गरिनेछ।
- अन्धविश्वास, छुवाछूत लगायतका सामाजिक कुप्रथाको अन्त्य गर्ने अभियान संचालन गरिनेछ।

## ४.३२ उत्कृष्ट कला, साहित्य, संस्कृति : राष्ट्रिय गौरवको अभ्युन्नति

- स्तुतिवाद, व्यक्तिवाद, अश्लिल, अन्धविश्वास फैलाउने प्रतिगामी कला र साहित्यको विरुद्धमा वैज्ञानिक, प्रगतिशील तथा जनवादी साहित्य, कला र संस्कृतिलाई प्रोत्साहित गरिनेछ। प्राज्ञिक प्रतिष्ठानहरूलाई यसै उद्देश्य अनुरूप परिचालन गरिनेछ ।
- साहित्य, कला र सांस्कृतिक कर्मीहरूको सम्मान गर्दै कला, साहित्य र संस्कृतिको साधनाबाट नै जीविकोपार्जन हुनसक्ने परिस्थिति तयार गरिनेछ। उत्कृष्ट कृतिहरूलाई पुरस्कृत गर्ने, प्रचार-प्रसार गर्ने र प्रकाशन गर्ने उचित प्रबन्ध मिलाइनेछ।
- नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान सहित अरु कला र संस्कृति सम्बन्धी प्रतिष्ठानहरूमा सम्बन्धित क्षेत्रका वरिष्ठ प्राज्ञ-प्रतिभाहरूबाटै कुलपति हुने व्यवस्था गरिनेछ।
- ललितकला एवं संगीत र नाट्य प्रतिष्ठानको स्थापना गरिनेछ।
- 'लक्ष्मीप्रसाद देवकोटा प्रतिभा उपचारकोष' को पुनःस्थापना गरिनेछ।
- नेपाली चलचित्र बोर्डको स्थापना गरी सामाजिक, शिक्षामूलक, वैज्ञानिक चेतनाको अभिवृद्धि गर्ने र स्वस्थ मनोरंजन दिने चलचित्रको विकासमा जोड दिइनेछ।
- सबै जाति-जनजातिको परंपरागत कला, साहित्य, संस्कृति, लोकगीत, लोकनृत्य, लोकनाटक र बाजाहरूको खोज, संरक्षण र विकास गरिनेछ।

- साहित्य, कला र  सांस्कृतिका क्षेत्रमा विशिष्ट योगदान गर्ने प्राज्ञ-प्रतिभाहरूलाई सम्मान गर्न राष्ट्रिय स्तरमा  पुरस्कारको स्थापना  गरिनेछ ।

- ऐतिहासिक स्थल, मूर्तिकला, चित्रकला, काष्ठकला, प्रस्तरकला, मन्दिर, दरवार, स्तूप, गुम्बा, आदिको संरक्षणको व्यवस्था गरिनेछ । पुरातात्विक महत्वका स्थलहरूमा उत्खनन् तथा अनुसन्धानमा जोड दिनुका साथै प्राचीन साहित्य, अभिलेख आदिको संरक्षण गरिनेछ ।

## ४.३३ वृद्ध र असहायहरूको हित : सही अर्थमा प्रजातन्त्रको जीत

- नेकपा (एमाले) को नौ महिने सरकारका पालामा शुरु गरिएको वृद्धहरूको सम्मान गर्ने कार्यक्रमलाई अझ प्रभावकारीरूपमा अघि बढाइनेछ ।

- देशका असहाय विधुवाहरूको  सुरक्षाको प्रबन्ध गर्दै विशेष भत्ताको व्यवस्था गरिनेछ । असहाय नागरिकहरूको हितको सुरक्षा गरिनेछ । वृद्धाश्रम र अनाथालयहरूको सुव्यवस्था गर्दै लगिनेछ । संयुक्त राष्ट्रसंघद्वारा घोषित वृद्धवर्ष सन् १९९९ लाई प्रभावकारीरूपमा मनाउदै वृद्धहरूको सुरक्षाको स्थायी व्यवस्था गरिनेछ ।

- शहीदका छोराछोरीहरूलाई स्नातक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ र शहीद-परिवारका सदस्यहरूलाई रोजगारीमा प्राथमिकता दिने नीति लिइनेछ ।

- अपांगहरूको हक र हितको संरक्षण तथा सम्बर्द्धन गर्न उनीहरूका लागि विशेष शिक्षा र तालिमको व्यवस्था गरी योग्यता एवं क्षमताका आधारमा  रोजगारीको अवसर प्रदान गरिनेछ ।

- राष्ट्र र जनताको सेवामा समर्पित रहादा दुर्घटनामा परी जीवन गुमाउनेहरूलाई उचित कदर गरी त्यस्ता व्यक्तिका परिवारको जीवीकोपार्जनमा विशेष ध्यान दिइनेछ ।

## ४.३४ बेरोजगारी तथा गरीवी निवारण : निम्न आय वर्गको सशक्तिकरण

- समता उन्मुख तथा  रोजगारीमूलक उच्च आर्थिक वृद्धि र सामाजिक-आर्थिक क्षेत्रको  तीव्र विकास गर्दै १५ वर्षभित्र गरीवी र बेरोजगारी समाप्त गरिनेछ ।
- भूमिसुधार तथा कृषिको दीर्घकालीन योजनाको समन्वयात्मक कार्यान्वयनद्वारा ग्रामीण क्षेत्रमा रहेको गरीवी र बेरोजगारीको समस्या समाधान गरिनेछ ।
- उच्च आर्थिक वृद्धिमा टेवा पुर्‍याउने तथा छिटो प्रतिफल दिने क्षेत्रहरू, कृषि र वनजन्य उद्योगहरू, पर्यटन तथा निर्माणका क्षेत्रहरूमा प्राथमिकता दिंदै अधिकतम जनताले आर्थिक वृद्धिको तत्कालै लाभ उठाउन सक्ने व्यवस्था गरी गरीवी निवारणमा टेवा  पुर्‍याइनेछ ।
- गरीवीको रेखामुनि रहेर जीवनयापन गरिरहेको जनसंख्याको लगत अध्यावधिक गर्दै उनीहरूलाई यो दुरावस्थाबाट मुक्त गर्न ठोस कार्यक्रम संचालन गरिनेछ ।
- गरीवी निवारण र रोजगार आयोग बनाई गरीवी तथा बेरोजगारीको समस्या समाधानका कार्यक्रमहरू एकीकृतरूपमा संचालन गरिनेछ ।
- मानवीय विकाससाग सम्बन्धित प्राथमिक तथा आधारभूत शिक्षा, प्रौढ साक्षरता, सिप विकास, आधारभूत तथा प्राथमिक स्वास्थ्यसेवा, पोषण तथा खानेपानी जस्ता क्षेत्रका कार्यक्रमहरू गरीव वर्गतिर लक्षित गरिनेछ ।
- गरीवी निवारणका लागि लक्षित समूह उत्थान तथा अन्य विशेष कार्यक्रमहरू संचालन गरिनेछ । यस अन्तर्गत सडक नपुगेका दुर्गम जिल्लाहरू, उपेक्षित जाति-जनजाति, उत्पीडित समुदाय, जग्गाविहीन

ग्रामीण परिवार, गरीव किसान, कमैया र बााधा मजदुर जस्ता निश्चित गरीव समुदाय एवं शहरी क्षेत्रका गरीवहरूको आर्थिक अवस्था सुधारका लागि कार्यक्रमहरू संचालन गरिनेछ ।

- जनसहभागीतामा आधारित ग्रामीण कृषिसडक, सिंचाइ तथा पिउने पानी आयोजना, स्वास्थ्य-संस्था, विद्यालय तथा सामुदायिक भवनहरूको निर्माण तथा मर्मत संभार र क्षमता वृद्धि कार्यक्रमहरू मार्फत स्थानीय तहमा काम र रोजगारीका अवसरहरू सिर्जना गरिनेछ ।
- "आफनो गाउा आफै बनाऔ" र "नौ स को अभियान" संचालन गर्ने क्रममा स्थानीय तहमा थप रोजगारीका अवसरहरू सिर्जना गरिनेछ ।
- देशव्यापी रूपमा प्राविधिक तथा शीपमूलक तालीम र उद्यमशीलता विकास कार्यक्रम संचालन गरी संस्थागत ऋण र प्राविधिक सहयोग समेत उपलव्ध गराई स्वरोजगारीका अवसरहरू बढाइनेछ ।
- सरकारद्वारा गरिने विकास कार्यक्रमहरू विपन्न र पछाडि परेका जनतालाई रोजगारीका अवसर दिने किसिमले संचालन गरिने छन् ।
- कामका लागि खाद्यान्न, दुर्गम क्षेत्रमा खाद्यान्न उत्पादन, अनुदान र विशेष क्षेत्र विकास कार्यक्रमहरू मार्फत पिछडिएका क्षेत्रहरूमा गरीवी निवारणका कार्यहरू अघि बढाइनेछ ।
- "एक परिवार एक रोजगार" को अवधारणा लागू गरिनेछ ।
- विदेशमा उपलव्ध हुने कामका अवसरहरूको आधारमा शिपमूलक तालीम दिने र व्यापकरूपमा वैदेशिक रोजगारी उपलब्ध गराउने नीति लिइनेछ । वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न वैदेशिक रोजगार प्रतिष्ठानको स्थापना गरिनेछ । विदेशमा गएका कामदारहरूको जीउधनको रक्षाका निमित्त आवश्यक प्रबन्ध गरिनेछ ।
- स्वदेशी कामदारहरूलाई विदेशीहरूबाट विस्थापित हुन नदिने नीति अवलम्बन गरिनेछ ।
- प्रत्येक जिल्लामा श्रम तथा रोजगारी सूचना संकलन, तालिम र आपूर्ति-केन्द्रको स्थापना गरी विकास कार्यमा जनशक्ति परिचालन गर्ने र रोजगारी वृद्धिमा टेवा पुर्‍याउने संस्थागत व्यवस्था मिलाइनेछ ।
- शहरी क्षेत्रमा रहेका शैक्षिक बेरोजगारहरूलाई शीपमूलक तालिम र सहुलियतपूर्ण ऋणको व्यवस्था गरी उनीहरूलाई स्वरोजगारी तथा आय आर्जनमा लगाइनेछ । प्राविधिक विषयमा उच्च अध्ययनका लागि बैंक-ऋणको व्यवस्था गरिनेछ ।
- विकासको अभियान तीव्र पार्न, आय आर्जन बढाउन र रोजगारी अभिवृद्धिमा टेवा पुर्‍याउन कृषि, वन, पशुपालन, घरेलु उद्यम, साक्षरता, प्राथमिक स्वास्थ्य र सरसफाइ तथा वातावरण संरक्षणका क्षेत्रमा प्रत्येक परिवारलाई सहयोग पुर्‍याउने उद्देश्यले विकास स्वयंसेवक वा उत्प्रेरकहरूको व्यवस्था गरी प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको अवसर बढाइनेछ ।

## ४.३५ जनसंख्या नियन्त्रण : आर्थिक विकास र वातावरण संरक्षण

- दिगो स्रोत व्यवस्थापनको सिद्धान्त अन्तर्गत प्राकृतिक प्रणालीले धान्न सक्ने क्षमता र जैविकमण्डलसागको अन्तर्सम्बन्धको आधारमा नीतिहरू तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- शहरतर्फ हुने बसाइ सराइलाई निरुत्साहित गरिनेछ ।
- राजधानी लगायत प्रमूख शहरी क्षेत्र तथा नगरउन्मूख गाउाहरुमा फोहोर मैला व्यवस्थापन, धुावा, धुलो र ध्वनि प्रदूषण नियन्त्रणका लागि ठोस कदम चालिनेछ ।
- भू-क्षय, बाढी, पहिरो, वनविनाश, प्रदूषणबारे जनसमुदायलाई सचेत बनाई समस्या निदानका उपायहरू अपनाउन प्रेरित गरिनेछ । विकास आयोजनाहरूमा वातावरणीय प्रभाव मूल्यांकन गर्ने कार्यलाई प्रभावकारी रूपमा लागू गरिनेछ ।

- वातावरण सम्बन्धी अधिराज्यका विभिन्न क्षेत्रमा छरिएर रहेका तथ्याङ्क तथा जानकारीलाई एकै स्थानमा संकलन गर्न राष्ट्रिय तथ्याङ्क भण्डारको स्थापना गरिनेछ ।

- विद्यमान उच्च प्रजनन दर घटाउने, उच्च शिशु, बाल तथा मातृ-मृत्युलाई घटाउने तथा प्रजनन अधिकार र प्रजनन स्वास्थ्यलाई प्रोत्साहन गर्ने अवधारणालाई कार्यान्वयन गरिनेछ । प्रतिरोधात्मक स्वास्थ्य कार्यक्रमलाई अझ प्रभावकारी तुल्याइनेछ ।

- सानो परिवारको अवधारणालाई निरन्तरता दिँदै परिवार नियोजन तथा परिवार स्वास्थ्य कार्यक्रमलाई जनस्तरमा पुऱ्याइनेछ । महिला साक्षरता, महिला सशक्तिकरण, लैङ्गिक विभेद जस्ता पक्षहरूलाई ध्यान दिई स्थानीय स्तरमा कार्यक्रमहरू संचालन गरिनेछ ।

- अनियन्त्रित बसाइ-सराइलाई नियमित गर्नेतर्फ विशेष ध्यान दिइनेछ । विभिन्न ग्रामीण विकास कार्यक्रमहरूलाई अगाडि बढाई गाउा छोडी बसाइ-सराइ गर्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गरिनेछ ।

## ४.३६ श्रमिक वर्गको हक हितको संरक्षण : श्रमको सम्मान र प्रगतिको पक्षपोषण

- विदेशीहरूको नेपाल प्रवेशलाई नियमित गर्न सीमा-सुरक्षा तथा विदेशीको आगमन सम्बन्धी तथ्याङ्क राख्ने प्रभावकारी व्यवस्था गरिनेछ ।
- बेरोजगारी र अर्ध-बेरोजगारी डरलाग्दो किसिमले बढिरहेकोले कृषि र  गैर-कृषि क्षेत्रमा स्वरोजगारीको विस्तार तथा वैदेशिक रोजगारीको खोजी  गरिनेछ ।
- युवा बेरोजगारी समस्या समाधान गर्न युवा स्वरोजगार सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ ।
- आर्थिक नीति अवलम्बन गर्दा श्रमिक वर्गको हितलाई ध्यान दिइनेछ ।
- श्रमबजारमा ठेक्काप्रथा र करारश्रम जस्ता प्रचलनले श्रमिकको हितमा पार्ने नकारात्मक प्रभावलाई निस्तेज पारी श्रमिकहरूको अधिकार सुनिश्चित गर्न श्रमकानूनलाई सुदृढ बनाइनेछ । ट्रेड युनियनको अधिकार सुनिश्चित गरिनेछ ।
- 'एक ऐन बहु नियम' को सिद्धान्त अपनाई श्रमकानून निर्माण, परिमार्जन र संशोधन गरी एउटै छातामुनि समग्र ज्यालाजीवीहरूको युनियन आन्दोलनलाई अघि बढाउने नीति लिइनेछ ।
- श्रमिकहरूलाई सुरक्षाको प्रत्याभूति दिन न्यूनतम ज्याला तय गर्ने भरपर्दो प्रणाली स्थापित गरिनेछ र श्रमिकहरूलाई पेन्सन, स्वास्थोपचार र काममा हुने जोखिमबाट सुरक्षा प्रदान गर्न सामाजिक सुरक्षा कानूनको निर्माण गरिनेछ ।
- श्रमिक शिक्षा कार्यक्रमलाई व्यापकता दिन र मानवीय स्रोतको विकासको लागि राष्ट्रिय स्तरको एउटा स्वतन्त्र श्रम-प्रतिष्ठानको विकास गरिनेछ ।

## ४.३७ खेलकूद विकासमा योगदान : स्वस्थ जीवन र अनुशासन

- युवाहरूको शारीरिक, मानसिक, बौद्धिक तथा नैतिक विकासका लागि युवा मन्त्रालय अन्तर्गत युवा परिषद्को व्यवस्था गरिनेछ ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका ख्यातिप्राप्त खेलाडीको संरक्षण र प्रोत्साहनको लागि उचित व्यवस्था गरिनेछ ।

- देशका मौलिक खेलहरूको संरक्षण, सुधार र विकास गरी क्रमशः अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउने नीति लिइनेछ ।

- युवाहरूलाई खेलकूदमा आकर्षित गराई पेशेवर खेलाडीहरूको विकासमा विशेष जोड दिइनेछ। नेपालको नाम अन्तर्राष्ट्रिय स्तरमा स्थापित गराउन विशेष कदम चालिनेछ।
- खेलकूद परिषद्को व्यवस्थापन र कार्यक्षेत्रमा आवश्यकतानुसार सुधार एवं परिवर्तन गरी यसलाई अनुचित राजनीतिक प्रभावबाट टाढा राखिनेछ। साथै क्षेत्रीय, अंचल र जिल्ला स्तरीय खेलकूद परिषद्लाई स्थायी रूपमा संस्थागत गरी सुव्यवस्थित पारिनेछ।
- विभिन्न प्रकार र अवस्थाका अपांगहरूका लागि उपयुक्त खेलकुदका अवसर प्रदान गरिनेछ।
- खेलकूद क्षेत्रको विकासको लागि नयाा सम्भावनाहरूको खोजी गरिनेछ।

## ४.३८ प्रवासी नेपालीहरूको सरोकार : अन्तर्राष्ट्रिय हक र अधिकार

- विश्वका विभिन्न मुलुकहरूमा छरिएर रहेका प्रवासी नेपालीहरूको सम्बन्धमा वैज्ञानिक तथ्यांक संकलन गर्न आवश्यक कदम चालिनेछ।
- प्रवासी नेपालीहरूका अन्तर्राष्ट्रिय हक अधिकार तथा सुविधा प्राप्तिका निम्ति सम्बन्धित देशका सरकार वा अन्तर्राष्ट्रिय निकायहरूसांग सम्पर्क गरी आवश्यक पहल गरिनेछ।
- विभिन्न देशमा काम गरिरहेका नेपालीहरूले सम्बन्धित देशका नागरिकहरूले पाए सरहको तलव र सुविधा पाउनु पर्दछ भन्ने मान्यतालाई कार्यान्वयन गर्न र गराउन ठोस पहल गरिनेछ।
- विभिन्न देशमा लामो समयदेखि बसोवास गरिरेहका प्रवासी नेपालीहरूले आफ्नो नागरिकता परिवर्तन गर्न चाहेमा उनीहरूको स्वेच्छा बमोजिम गर्ने व्यवस्था मिलाउनका लागि आवश्यक प्रयत्न गरिनेछ।
- विभिन्न देशमा रहेका प्रवासी नेपालीहरूको जीउ-धनको सुरक्षाका निमित्त सम्बन्धित देशका सरकारहरूसाग आवश्यकतानुसार वार्ता गरी समस्या समाधान गरिनेछ।
- विभिन्न देशमा रहेर विभिन्न किसिमका इलम, उद्योग र व्यवसाय संचालन गरिरहेका प्रवासी नेपालीहरूलाई नेपालको राष्ट्रिय निर्माणमा सहभागी हुनका निम्ति आफूसाग भएका शीप, कला, पूाजी तथा प्रविधि लिएर आउनका लागि आवश्यक अनुकूल वातावरण सिर्जना गरिनेछ।

## ४.३९ परराष्ट्र नीतिको संचालन : पारस्परिक हित र सम्मान

- विदेश नीति नेपालको राष्ट्रिय हित र सर्वोपरि प्रगतिमा आधारित हुनेछ।
- संयुक्त राष्ट्रसंघको बडापत्र, पंचशीलको सिद्धान्त, समानता, पारस्परिक सम्मान र लाभका आधारमा सवै देशहरूसाग मित्रतापूर्ण सम्बन्ध कायम गरिनेछ।
- सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्रीसन्धि लगायतका अन्य सम्पूर्ण असमान सन्धि र सम्झौताहरूको पुनरावलोकन गरी समानता, पारस्परिक लाभ र राष्ट्रिय हित अनुकूल बनाइनेछ।
- साम्राज्यवाद, प्रभुत्ववाद, नवउपनिवेशवाद, शस्त्रीकरण, जातिवाद र रंगभेद जस्ता कुराहरूको विरोध गर्दै विश्वशान्ति, निशस्त्रीकरण, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनहरूलाई समर्थन गर्ने नीति अवलम्बन गरिनेछ।
- अन्तर्राष्ट्रिय अधिकार अनुरूप भूपरिवेष्ठित मुलुकले पाउनु पर्ने अकुण्ठित पारवाहन-सुविधालाई स्थायी र प्रभावकारी बनाउने प्रयत्न गरिनेछ।

- छिमेकी मुलुकहरूसागको सम्बन्धलाई पारस्परिक लाभ र सम्मानका आधारमा सुमधुर रूपमा अघि बढाइनेछ ।
- दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन र यसका सदस्य राष्ट्रहरूसाग आपसी सहयोग अभिवृद्धि गर्न विशेष जोड दिइनेछ ।
- आफ्नो देशबाट जवर्जस्ती लखेटिएर नेपाल पसेका भुटानी शरणार्थीहरूलाई निर्बाधरूपमा आ□नो देशमा ससम्मान फर्कने वातावरण तयार गर्न प्रयत्न गरिनेछ ।
- कालापानीबाट भारतीय सैनिक फिर्ता पठाउन पहल गरिनेछ ।
- नेपाल–भारत बीचको सीमानालाई ऐतिहासिक तथ्य र प्रमाणिकताको आधारमा वैज्ञानिकरूपले सीमांकन गर्ने कार्यलाई अघि बढाइनेछ ।
- नेपालको भूमिबाट मित्रराष्ट्रहरूमाथि आाच पुग्ने कुनै पनि किसिमको गतिविधि संचालन गर्न दिइने छैन ।
- संयुक्त राष्ट्रसंघलाई सुदृढ र प्रभावकारी तुल्याउन नेपालले सक्रिय भूमिका निर्वाह गर्नेछ । यसै क्रममा विश्वमा शान्ति कायम गर्न राष्ट्रसंघीय शान्ति-सेनामा नेपालको सहभागिता बढाइनेछ ।
- विदेशस्थित नेपालका नियोगहरूलाई आर्थिक कुटनीतिको क्षेत्रमा प्रभावकारी ढंगले परिचालन गरिनेछ ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइ,
आगामी निर्वाचनका निमित्त हाम्रो पार्टीले अघि सारेका प्रतिबद्धता यिनै हुन् । यिनै प्रतिबद्धताकासाथ चुनावी प्रतिस्पर्धाको अभियानमा हाम्रो पार्टी सहभागी बनिरहेको छ । त्यसलाई उद्देश्यमूलक ढङ्गले अघि बढाउनु जरुरी छ । यो नेपाली जनताको राष्ट्रिय स्वतन्त्रता र सामाजिक मुक्तिका निम्तिको दीर्घकालीन संघर्षकै एक भाग हो । त्यस संघर्षलाई हाम्रो पार्टीले विगत ५० वर्षदेखि अगुवाइ गर्दै आइरहेको छ । चुनावी अभियान उक्त दीर्घकालीन वर्गसंघर्षकै एउटा महत्वपूर्ण कडी हो । यो अभियान हामी नेपाली कम्युनिष्ट आन्दोलनको स्वर्णजयन्ती वर्षमा संचालन गरिरहेका छौं । यस वर्षलाई हामीले विगत ५० वर्षका अनुभवहरू र उपलब्धिहरूलाई समेटेर एउटा नयाा सफलताको वर्षको रूपमा मनाउनु जरुरी छ । आगामी आमनिर्वाचनमा विजय हासिल गर्ने र मुलुकमा बहुमतको सरकार स्थापना गर्ने काम गरेर नै हामीहरू स्वर्णजयन्ती वर्षलाई पनि सार्थकरूपमा मनाउन सक्नेछौं । त्यसै कारण हाम्रो पार्टी आगामी २० वर्षको परिकल्पना तथा सोच र आगामी पााच वर्षमा गर्ने कार्मक्रमिक प्रतिबद्धताकासाथ तपाईंहरूका समक्ष आइरहेको छ ।

हाम्रो पार्टी नेपाली कांग्रेस र अन्य शक्तिहरूले जस्तो झुठो आश्वासन र खोक्रा प्रतिबद्धताहरू बोकेर आइरहेको छैन । हामीहरू जे बोल्छौं, त्यही गर्छौं र हामीहरू जे गर्न चाहन्छौं, त्यही बोलिरहेका छौं । हामी ती बोलीलाई कार्यमा उतार्ने एउटा बलियो अठोट र गम्भीर संकल्प लिएर आइरहेका छौं । हामी हाम्रो प्यारो मातृभूमिको कायाकल्प गर्ने दृढ प्रतिबद्धता बोकेर आइरहेका छौं । हामी सम्पूर्ण जनता र राष्ट्रलाई एउटा उज्यालो भविष्यतिर डोर्‍याउन कटिबद्ध छौं । तसर्थ यी उद्देश्यहरु र प्रतिबद्धताहरूलाई व्यवहारमा उतार्न आगामी निर्वाचनमा सूर्य चिन्हमा मतदान गरी नयाा नेपालको निर्माणमा दृढतापूर्वक सहभागी हुन स्वदेश र प्रवासमा रहनुभएका सम्पूर्ण देशभक्त, न्यायप्रेमी, प्रजातन्त्रप्रेमी र विवेकशील नेपालीहरूलाई नेकपा (एमाले) हार्दिक आव्हान गर्दछ ।

हार्दिक अभिवादन सहित □

१ चैत्र, २०५५

केन्द्रीय कमिटी
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)